# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क १०९

मूल्य रु. २५/-, भारतमा भा.रु. २०/-


शान्तिवार्ता सम्बन्धी कोलम्बियाका पाठहरू

वार्ताका समस्याहरू के के ?

कृष्णबहादुर महरा

माओवादी क्षेत्र नजीकै गएर हेर्दा...

बहस

लोकतन्त्रको नयाँ मोडेलबारे



प्रतिगमन विरुद्ध

# सडक आन्दोलन अब कता ?



".. केही सपना छोराछोरीले पूरा गर्छन्
केही सपना मायोज़ ले...
आफ्ना उपभोक्ताहरूको हर-खुशीका पलहरूमा साथ दिन मायोज़ प्रस्तुत गर्दछ - १२३ मायोज़ डाइमण्ड अफर । १२३ वटा हिराका हारहरू तपाई र तपाईका प्रियजनहरूको लागि सर्वोत्तम उपहार ।
DIAMOND LOCKET
123
mayos
Diamond
अफर
१, २ र ३ नम्बर अंकित कुपनहरू जम्मा गरी मायोज़को पूरा प्याकेट मिलाउनुहोस् र नजिकको पसलबाट पाउनुहोस् १ (एक) प्याकेट मायोज़ तैयारी चाउचाउ सितैमा
साथमा, दर्जनौं किसिमका मनमोहक BREAKIES
Wonderful Mayos Noodles
mayos
चाँडै गर्नुहोस्, यो योजना सीमित अवधिको लागि अधिराज्यभर लागू गरिएको छ ।
हिराका हारहरूका लागि नजिकको डिलर वा हिमालयन स्न्याक्सको मुख्य कार्यालयमा सम्पर्क गर्नुहोस् ।
उपहार सम्बन्धी सम्पूर्ण निर्णयहरू कम्पनीमा निहीत हुने छ ।
Avenues 2003

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष- २१, पूर्णाङ्क- १०९
असार-श्रावण, २०६०



**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ

**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल

**प्रधान सम्पादक**
श्याम श्रेष्ठ

**सम्पादक**
हरिगोविन्द लुईंटेल

**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुलसीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ

**प्रबन्ध निर्देशक**
स्नेह सायमि

**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भंसारी

**बजार व्यवस्थापक**
दुर्गा खड्का

**सहायक बजार व्यवस्थापक**
जमुनाप्रसाद चौधरी



**अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.**
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित

**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क - ३/८०, टेकु, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२१९०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेलहरु : yuwa@ntc.net.np, yuwamonthly@yahoo.com

**मूल्य : रू. २५/-**




# पाँच पार्टीको आन्दोलन अब कता ?

- पश्चिम नेपालमा आन्दोलनको हालत
- प्रतिगमनविरूद्ध संयुक्त वाम मोर्चा के गर्दैछ ?
- आन्दोलनका बारेमा कृष्ण सिटौलासँग कुराकानी

## वार्ता र आन्दोलन दुवै निष्कर्षविहिन भयो भने हामी पर्खि राख्दैनौ

- कृष्णबहादुर महरा



**ब ह स**

## लोकतान्त्रिक पद्धति निर्धारणको प्रक्रिया

- श्रीकृष्ण अनिरूद्ध गौतम

## लोकतन्त्रको नयाँ मोडेलबारे

- डा. महेश मास्के

**विशेष रिपोर्ट :**



## माओवादी क्षेत्रनजिकै गएर हेर्दा

- संवैधानिक राजतन्त्रमै किन सीमित हुने ?
- भूटानी शरणार्थीको राष्ट्रघाती वर्गीकरण
- कोलम्बियाका शान्तिवार्ताका पाठहरू
- १० घण्टा ५६ मिनेटमा सगरमाथा चुम्दा
- एसएलसीको नतिजा किन यति भूर ?


**हाम्रो मूल्यांकन :**
- पार्टीहरुबीच सहमतिको साझा एजेण्डा के ? ४

**आवरण :**
- वार्ता र आन्दोलन दुवै निष्कर्षविहिन भयो भने हामी पर्खि राख्दैनौं - *कृष्णबहादुर महरा* ५
- पाँच पार्टीको आन्दोलन अब कता ? - *हरिगोविन्द लुईंटेल* ७
- प्रतिगमनविरुद्ध संयुक्त वाममोर्चा के गर्दैछ ? - *सि. पी. मैनाली* १०
- आन्दोलनको लक्ष्य जनताको पूर्ण संप्रभुता स्थापित गर्नु हो - *कृष्णप्रसाद सिटौला* १२

**बहस :**
- लोकतान्त्रिक पद्धति निर्धारणको प्रक्रिया - *श्रीकृष्ण अनिरुद्ध गौतम* १४
- लोकतन्त्रको नयाँ मोडेलबारे - *डा. महेश मास्के* १६

**दृष्टिकोण :**
- आन्दोलनकारीहरु संवैधानिक राजतन्त्रमै किन सीमित हुने ? - *अमर गिरी* १८

**घटना र प्रवृत्ति :**
- भूटानी शरणार्थीको राष्ट्रघाती वर्गीकरण - *दामोदर तिमल्सिना* २०
- एसएलसीको नतिजा किन यति भूर ? - *पूर्ण बस्नेत* ३९

**कम्युनिष्ट विश्व :**
- कोलम्बियाको शान्तिवार्ताका पाठहरु ३४

**विशेष रिपोर्ट :**
- माओवादी क्षेत्र नजिकै गएर हेर्दा - *गोविन्द वर्तमान* ४०

**विशेष :**
- १० घण्टा ५६ मिनेटमा सगरमाथा चुम्दा- ल्हाक्पा गेलु शेर्पा ४४

**संस्कृति/चर्चा :**
- मेरो क्रिया विद्रोह - *चूडामणि गिरी* २३

**विज्ञान :**
- आधुनिक मानव उदयको पहिलो थलो कुन् ? - *तुलसीदास महर्जन* २४

**कविता :**
- बाटाहरु - *मातृका पोखरेल* २६
- छ बजेर पच्चिस मिनेट जाँदा - *प्रदिप नेपाल* २६

**संगीत :**
- संगीतको अर्को विकृत रुप 'राजा तिम्ले केही गर देशमा' - *विवश वस्ती* २७

**कला/संस्कृति :**
- अभिव्यक्ति स्वतन्त्रताको सपना - *डी. आर. पोखरेल* २८

**आधा विश्व :**
- महिला र धर्मभीरुता - *सुधा त्रिपाठी* २९

**किताब :**
- एउटा वाहुला नभएको बुसर्ट - *शार्दूल भट्टराई* ३१

**पर्दा/रंगमञ्च :**
- फेरि फिल्म क्षेत्रमा राजेन्द्र शलभ ३२

**पाठकको कुरो** ४६



आवरण फोटो : पाँच पार्टीको आन्दोलनमा नेताहरु (इन्सेटमा : माओवादीको सडक संघर्ष)। फोटो : ए.बी.सी. फोटोज्। आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोनः ४४१००५९। कलर सेपरेशनः पोलिइमेज, फोनः २५२५७१। कलाकारहरुः लक्ष्मण भुजेल, जि.डि. सारु, यति ग्राफिक्स, फोन : ४३०७५२। मुद्रणः इन्द्रेणी अफसेट प्रेस, फोनः ७७१४४८

# के हुनसक्छ आन्दोलनकारी र माओवादीबीच सहमतिको साझा एजेण्डा

नेपाल अहिले जुनसुकै बेला जे पनि हुनसक्ने संगीन संक्रमणकालीन चौबाटोमा खडा भएको छ । सक्रिय राजतन्त्र स्थापना गरीछाड्ने सपना बुनेर लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रीत्वमा 'स्वच्छ छवि'को कठपुतली सरकार चलाउने दरवारको प्रयत्न नराम्ररी विफल भएको छ । टाइममा आम चुनाव गराउन 'असक्षम' भएको आरोप लगाएर शेरबहादुर देउवाको निर्वाचित सरकारलाई त बजजफ्ती गलहत्याइयो; तर खोई त, दश महिना बितिसक्यो, राजाको सक्षम सक्रिय नेतृत्वले पनि त देशमा आम चुनाव गराउन सकेन !? अनि जुन कारणले असोज १८ को कदम आवश्यक र जायज बताइएको थियो, व्यवहारमा त्यसको आवश्यकता र वैधता कसरी सिद्ध भयो त ?

त्यसमाथि थप, राजाको कठपुतली सरकारले माओवादीसितको शान्तिवार्तालाई पनि त सफलताको दिशातिर अगाडि बढाउन सकिरहेको देखिँदैन, जुन उसको एक नंबरको घोषित एजेण्डा थियो । वार्ता त अहिले कुनै पनि क्षण टुट्ने विन्दुमा पुगिसकेको छ । वार्ताको मखमली पर्दाभित्र विदेशीहरूको पुटमा राज्यले जुन भीषण युद्धको तैयारी गर्दैछ, त्यसले निकै छिटो माओवादीलाई पुनः जंगलतिर खेद्दैछ । अहिले चन्दको ठाउँ सूर्यबहादुर थापाको जुन सरकार ल्याइएको छ, त्यो सारमा दरवारको असोज १८ को कदमको आंशिक विफलता र उसको चरम संकटको संकेत हो । सूर्यबहादुर थापालाई आफूले भोगिरहेको संकट नयाँ ढंगले व्यवस्थापन गर्न नै ल्याइएको हो । वार्तामा आएको माओवादी र आन्दोलनमा उत्रेका संसदवादी दलहरू आपसमा मिल्न लागे र सडक गणतन्त्रउन्मुख हुन लाग्यो भन्ने महशूस गरेरै त्यसो हुन नदिन र आन्दोलनमा भ्रम र फूट सृजना गर्न थापा सरकारलाई सिंहदरवारमा आसीन गराइएको हो । आन्दोलनकै दवाबले गर्दा दरवार जनसमुदायमा नयाँ भ्रम सृजना गर्न देखावटी रूपमा भए पनि 'कार्यकारी अधिकार मंत्री परिषदमा फर्काइएको आदेश जारी गर्न बाध्य भएको छ । यो आदेशले चन्द सरकासित कार्यकारी अधिकार थियो भन्ने दरवारको पहिलेको कथनलाई झूठो सावित समेत गरेको छ ।

तथापि थापाको प्र.मं. पदमा नियुक्तिले दरवारको संकट घटाएको छैन, बरू बढाएको छ । यसले सडकलाई अझ झन् गणतन्त्रउन्मुख बनाएको छ; आन्दोलनकारी दलहरू र माओवादीलाई एकजूट हुन बाध्यात्मक परिस्थिति सृजना गरेको छ । यो घटनाले छर्लंगै देखाएको छ- जतिसुकै दर्शनभेट गर, विन्ती पत्र हाल वा घुर्की देखाऊ, दरवार त्यसलाई टेरपुच्छर लाउनेवाला छैन । या त 'त्वम् शरणम' गरेर सक्रिय राजतन्त्रको नयाँ अध्यायलाई स्वीकार गर, या वार कि पारको सशक्त संयुक्त संघर्ष गर; यस बाहेकको अर्को भाषा दरवारले बुझ्नेवाला छैन ।

स्पष्ट छ, अहिले दरवार न वार्ताको टेबिललाई सफल हुन दिने पक्षमा देखिएको छ, न सडकको आन्दोलनलाई । अहिलेको आधारभूत प्रश्न हो, दरवारद्वारा लगातार विफल बनाइँदै आएका यी दुई थरी शक्तिहरू किन आफ्नो विफलताको कारकलाई नै विफल बनाउन एकजूट हुन सक्दैनन् ?

उनीहरूको सफलता उनीहरू एउटा साझा अग्रगमनको प्याकेज सहमतिका आधारमा एकजुट हुनुमा छ । त्यसरी एकजुट हुने प्रशस्त आधारहरू माओवादी र आन्दोलनकारी शक्तिहरू स्वयंले जारी गरेका नीति र कार्यक्रमहरूमा अभिव्यक्त भएका छन् । अहिलेको आवश्यकता हो- आफैले जारी गरेका ती नीति र कार्यक्रमका आधारमा साझा सहमतिको विन्दु खोज्नु । हाम्रो अध्ययनमा हालै आएर पूंजीवादी प्रजातन्त्रको पूर्णता खोजिरहेका माओवादीहरू र ठीकसित शासन गर्न नसक्नाले र पूंजीवादी प्रजातन्त्र पूर्ण हुन नसक्नाले दरवारद्वारा हालै सत्ताच्यूत गरिएका संसदवादी शक्तिहरूबीच थुप्रै मिल्तिका साझा विन्दुहरू छन् । मुख्य कुरा संसदवादी शक्तिहरू जनतालाई अब पूर्णरूपमा प्रभुसत्ता सम्पन्न तुल्याउने चरित्रको नयाँ संविधान निर्माण गर्न सहमत हुनुपर्‍यो । र त्यसका लागि जनताले पूर्ण प्रभुसत्ता अभ्यास गर्ने प्रक्रिया अर्थात् संविधानसभाको निर्वाचनको प्रक्रिया स्वीकार गर्न तयार हुनुपर्‍यो । माओवादी पक्षले २०४६ सालको आधारभूत उपलब्धिहरूलाई जोगाउन र नयाँ संविधानमा त्यसलाई निरन्तरता दिन तयार हुनुपर्‍यो । हाम्रो ठम्याइमा २०४६ सालको आधारभूत उपलब्धि भन्नाले निम्न उपलब्धिहरू पर्दछन् ।

**१. प्रभुसत्ता जनतामा निहित छ र राजकीय सत्ताको स्रोत जनता हो भन्ने प्रावधान ।**

**२. बोल्ने, लेख्ने, छाप्ने, भेला हुने र संगठन बनाउने जस्ता मौलिक राजनीतिक हक र स्वतन्त्रताहरु**

**३. आवधिक निर्वाचन, चुनिएको जनप्रतिनिधिसभा र निर्वाचित सरकारको व्यवस्था**

**४. बहुदलीय प्रतिस्पर्धात्मक प्रणाली**

खुशीको कुरा हो माओवादीले वार्ताको निम्ति राज्यसमक्ष पेश गरेको लिखित प्रस्तावमा यी सबै बुँदामा सहमति जनाएको छ । हाम्रो अध्ययनमा आन्दोलनकारी पार्टीहरू र माओवादीका लिखित दस्तावेजहरू हेर्दा नयाँ संविधानमा हुनुपर्ने निम्न आधारभूत विषयवस्तुमा समेत उनीहरूमा एकरूपमा भएको पाइन्छ ।

**१. संविधानमा जनमत संग्रहको व्यवस्था र जनमत संग्रहमार्फत् शान्तिपूर्ण ढंगले संविधान र कानूनको कुनै पनि प्रावधान बदल्न सकिने व्यवस्था ।**

**२ सेना सुस्पष्ट रुपमा निर्वाचित जनप्रतिनिधिसभा र सरकारको मातहतमा हुने व्यवस्था**

**३. भाषिक र जातीय बाहुल्यताको आधारमा जिल्ला र प्रदेशहरुको पुनर्संरचना र जिल्ला र प्रदेशहरुलाई स्वायत्तता र स्वशासनको अधिकार ।**

**४. लैंगिक, भाषिक, धार्मिक र जातको समानताको व्यवस्था ।**

**५. शिक्षा, स्वास्थ्य र रोजगारीलाई नागरिकहरुको मौलिक हक र राज्यको दायित्व मान्ने व्यवस्था ।**

**६. न्यायाधीशहरुको सम्वैधानिक अंगका पदाधिकारीहरुका नियुक्ति जनप्रतिनिधि सभाद्वारा अनुमोदित हुने र त्यसप्रति उत्तरदायी हुने व्यवस्था ।**

यो स्थितिमा माथिका बुँदाहरू दुवैथरिको निम्ति अग्रगमनको सवालमा साझा सहमतिका बुँदा हुन सक्छन् । अग्रगमनको गुदी विषयवस्तुहरूमा सहमति भैसकेपछाडि यी विषयवस्तुहरू नयाँ संविधानमा सुनिश्चित ढंगले हासिल हुने प्रक्रियामा असहमति हुनुपर्ने कुनै कारण देखिँदैन ।

हाम्रो विचारमा यी तीनमध्ये कुनै पनि उपाय अवलम्वन गर्न आन्दोलनकारी पार्टीहरू र माओवादीहरू सहमत भएमा प्रक्रियाको सवालमा पनि साझा सहमति हुन सक्छ ।

**१. प्रतिनिधिसभाको पुनर्स्थापना□ पुनर्स्थापित प्रतिनिधिसभाद्वारा अधिकारसम्पन्न अन्तरिम सरकारको गठन र संविधानसभाको निर्वाचनको घोषणा ।**

**२. सर्वपक्षीय राजनीतिक सहमतिको आधारमा प्रभुसत्तासम्पन्न प्रतिनिधिसभाको समेत कार्य गर्ने गरी संविधान सभाको चुनावको घोषणा र त्यसका निम्ति सर्वदलीय अन्तरिम सरकारको गठन ।**

**३. राजनीतिक दलहरु, नागरिक समाज र माओवादीसहितको सर्वपक्षीय गोलमेच सम्मेलन, गोलमेच सम्मेलनद्वारा अन्तरिम सरकार र अन्तरिम विधानको घोषणा र त्यसका आधारमा संविधान सभाको निर्वाचन ।**

आगे पार्टीहरूको जो विचार ।

❑



# वार्ता र आन्दोलन दुवै निष्कर्षविहिन भयो भने हामी पर्खि राख्दैनौं

**कृष्णबहादुर महरा**, माओवादी वार्तादोलीका प्रवक्ता

**○ वार्ता अहिले किन ज्यादै ढिलो गतिमा अघि बढिरहेको छ ? वार्ताको हलो यथार्थमा कहाँ अड्किरहेको छ ?**

– युद्धविराम भएको ५ महिना भइसकेको छ । यस अवधिभित्र जम्मा दुई चरणमा मात्र वार्ता हुनसक्यो । र, ती वार्ताहरूमा पनि मूल राजनीतिक विषयमा प्रवेश नै हुन सकेनन् । केवल दुई पक्षबीच विश्वासको वातावरण बनाउने केही कुराहरू मात्र हुन सके । यस्तो हुनुमा राज्य पक्ष जिम्मेवार छ । कारण, पहिलो कुरो त के हो भने वार्तामा आएको राज्य पक्ष अधिकारप्राप्त नै देखिएन । त्यसले राज्यको समग्र प्रतिनिधित्व गरेर निर्णयहरू लिने तागत नै राख्न सकेन । उदाहरणको लागि राज्य पक्षको वार्ता टोली आफैंले प्रस्ताव राखेर से.ना ब्यारेकको ५ किलोमिटर भन्दा पर नजाने भन्ने सवालमा सहमति भयो । त्यो हाम्रो प्रस्ताव थिएन, हाम्रो प्रस्ताव त सेना ब्यारेकमा नै सीमित हुनुपर्छ भन्ने थियो । हामीले लचिलो भएर उहाँहरूकै प्रस्ताव मानी दियौं । तर भने के भयो भने राज्यपक्षकै वार्ता टोलीले प्रस्ताव राखेर सहमतिमा पुगिसकेको र पत्रकार सम्मेलनमार्फत् सार्वजनिक समेत भइसकेको निर्णयलाई सेनाले हामी यो निर्णय मान्दैनौं भनेर लत्याइदियो । सेनाकै विरोधका कारणले वार्ताको त्यो सहमति लागु नै हुन सकेन । एकजना मन्त्रीले त भएको सहमति समेत भएकै छैन भनेर ढाँटे । त्यो मात्रै होइन, केन्द्रिय स्तरका ३ जना बन्दी छोड्ने भन्ने सहमति पनि लागु हुन सकेन । यसले के प्रष्टै देखायो भने सेना राज्य पक्षको वार्ता टोली र सरकारको नियन्त्रणमा छैन । र, यो वार्ताको सफलताको विरूद्धमा छ । त्यसैले हामीलाई के लागिराखेको छ भने वार्तामा कुनै सहमति हुन्छ, तर त्यो लागु हुन सक्दैन भने त्यस्तो निरर्थक वार्ता गरेर के काम ? अनि समग्र राज्य पक्षको प्रतिनिधित्व नै गर्न नसक्ने अधिकारविहीन वार्ता टोलीसित वार्ता गरेर के काम ? त्यसैले हामीले अहिले अधिकार प्राप्त सक्षम वार्तादोलीको माग गरेका छौं । उसले गरेको सहमति सेना लगायत राज्यको सबै अंगले मान्ने हैसियत बोकेको वार्तादोली हुनुपर्‍यो ।

वार्तालाई विफल पारी छोड्ने कुरामा, वार्ताको ढिलाइमा विदेशी तत्वहरू पनि मूल कारणको रूपमा रहेका छन् । उनीहरू बाहिरी रूपमा देखिंदैनन्, तर सारमा निर्णय प्रक्रियामा उनीहरू नै हावी भइरहेछन् । जस्तो कि वार्ता शुरू भएपछि हामीलाई आतंककारीको सूचीमा राख्ने, हामीविरूद्ध युद्ध गर्न शाही नेपाली सेनालाई तालिम दिलाउन सैनिक विशेषज्ञ तथा सल्लाहकारहरू पठाउने र दमनयन्त्र निर्माण गर्न प्रशस्त पैसा र विभिन्न सैनिक उपकरणहरू उपलब्ध गराउने आदिजस्ता कामहरू गर्नु र वार्ताप्रति नकारात्मक बोली बोल्नुले अमेरिकी साम्राज्यवादले यहाँको राज्यसत्तालाई पछाडिबाट बल प्रदान गरिरहेको प्रष्टै देखिन्छ । अमेरिकी साम्राज्यवादको पृष्ठपोषकको रूपमा अहिले शाही सेना प्रष्ट रूपमा देखिएको छ ।

**○ नयाँ सरकार आइसकेपछि अहिले फेरि वार्ताको कुरा चर्चामा आएको छ । तपाईहरू दोस्रो चरणको वार्ताले तय गरेका समझदारीहरू लागु भएनन् भनिरहनु भएको छ । ती शर्तहरू लागु नहुँदै के अब तेस्रो चरणको वार्ता शुरू हुँदैछ ?**

अहिलेको समस्या भनेको नै दुई पक्षबीच विश्वासको वातावरण निर्माण गर्नु हो । राज्य पक्षले राजनीतिक रूपमा अग्रगामी दिशामा नजाने संकेत नै बढी देखाइरहेको छ भन्ने हामीलाई लाग्दछ । उनीहरू पुरानै संविधान र संरचनामा नै समस्याको हल खोज्ने प्रयत्न गरिरहेका छन् । हामीलाई मृत संविधानमा छिर्ने कुरा पटक्कै मान्य छैन ।

हामीले युद्धविराम घोषणा हुनासाथ हाम्रो सेनालाई नियन्त्रणमा राख्यौं । तर युद्धविराम भएको २१ दिन बित्दा पनि राज्य पक्षको सेना नियन्त्रित भएन । हामीले त शुरूका २/३ महिनासम्म सैनिक गतिविधिलाई ठप्पै गर्‍यौं । तर युद्धविरामको शुरूमै, आचारसंहिता लागु नहुँदै शाही सेनाले कञ्चनपुर तथा दार्चुलामा घटना घटायो । त्यस्तै आचारसंहिता लागु भएपछि उसले ओखलढुङ्गा, मकवानपुरजस्ता ठाउँहरूमा घटना घटाएर अहिले जाजरकोट, भोजपुर र रामेछापमा हत्याको घटना घटाएको छ । उसले मुठभेडको नाममा निर्दोष र निहत्था मानिसहरूलाई मारेको छ ।

त्यसैले अहिले हामी के भन्छौं भने युद्धविरामको आचारसंहिता इमान्दारीपूर्वक र गम्भीरतापूर्वक लागु हुनु पर्‍यो । हाम्रो पक्षबाट कहीं कतै गल्ती हुन गएको छ भने हामी नियन्त्रण गर्न तयार छौं । त्यसैले पहिले दोस्रो चरणको वार्तामा सहमति भएका कुराहरू लागु गरियुन् । त्यसको भोलिपल्ट नै हामी वार्ताको टेबुलमा बस्न तयार छौं ।

**○ तपाईहरूले स्वास्थ्य शिविरमा समेत अवरोध गरिराख्नु भएको छ र युद्धविराम आचारसंहितालाई पनि उल्लंघन गरिराख्नु भएको छ भन्ने कुरा सत्ता पक्षले भनिराखेको छ नि !**

– शाही सेनाले यथार्थमा स्वास्थ्य शिविर चलाइराखेको छैन । उसले त स्वास्थ्य शिविरको नाममा युद्धको तयारी गरिराखेको छ । हामीलाई प्राप्त सूचनाअनुसार उनीहरूले गाउँ गाउँमा चलाएको स्वास्थ्य शिविरमा स्वास्थ्य उपचारको काम एक डेढ घण्टाको हुन्छ भने बाँकी सबै समय दुई तीन दिनसम्म लगातार 'माओवादीहरू बस्ने ठाउँ कहाँ छ, उनीहरू के खान्छन्, कस्ता लुगा लगाउँछन्, कस्ता हतियार बोकेर आउँछन् ?' भन्ने जस्ता प्रश्नहरू गरेर गाउँलेहरूलाई केरकार गर्छन् ।

अर्को कुरो अहिले हुँदै नभएको मुठभेडको नाममा शाही सेनाले निहत्था मानिसहरूलाई मार्ने काम गरिरहेछ । जस्तो कि भोजपुरमा शाही सेनाको हेलिकोप्टरमा ग्रिनेड हान्न आएको भनेर यथार्थमा सार्वजनिक टेलिफोन बुथमा टेलिफोन गर्न गएका हाम्रा एक जना साथीलाई त्यहीं पक्रेर ब्यारेकमा लगी शाही सेनाले निर्ममतापूर्वक मार्‍यो ।

अर्को कुरो साँच्चीकै स्वास्थ्य शिविर चलाउने हो भने सरकारसँग सिङ्गै स्वास्थ्य मन्त्रालय छ नि । यसमा सेना किन ?

जहाँसम्म अपरहण गर्ने र चन्दा संकलन गर्नेजस्ता कामहरू गरेर हामीले आचार संहिता उल्लंघन गर्‍यौं भन्ने सवाल छ यस सम्बन्धमा हामी के भन्छौं भने हामीले युद्धविराम यता ३/४ महिनासम्म कहीं कतै चन्दा संकलन गर्दै गरेनौं । पछि आएर गएको एक महिनादेखि हामीले चन्दा संकलन गरेको कुरो साँचो हो । आवश्यक परेको खण्डमा यस निम्ति क-कसलाई पत्र लेखियो र को कोसँग कति कति चन्दा संकलन गरियो भन्ने कुरा सम्पूर्ण रूपमा सार्वजनिक गर्न हामी तयार छौं । एउटा श्वेत पत्र नै जारी गर्न हामी तयार छौं । चन्दा उठाउनु हाम्रो घोषित नीति हो । तर जबरजस्ती गर्ने हाम्रो नीति छैन । जहाँसम्म रकम तोक्ने कुरा छ त्यो सबैलाई गरेका छैनौं । हामीले केही निश्चित घुस्याहा, तस्कर, भ्रष्ट मानिसलाई मात्र रकम तोकेका छौं । अब त्यस्तो रकमलाई चन्दा भन्दा पनि कर भन्नुपर्छ जस्तो लाग्छ । हामीले आम जनतासँग ऐच्छिक रूपमा चन्दा माग्छौं ।

अब जाऔं अपरहणको सवालमा । अहिले फरक विचारका जो कोहीलाई पनि अपरहण गर्ने हाम्रो नीति, कार्यक्रम, योजना केही पनि छैन । तर जहाँ हाम्रो सत्ता छ, त्यस्तो ठाउँमा अपराधिक गतिविधिहरू नियन्त्रण गर्नको निम्ति त्यस्तो कार्यमा लागेकाहरूलाई नियन्त्रणमा लिने, सोधपुछ गर्ने र उचित सजायँ दिई छाड्ने काम हामी गर्छौं । यसैलाई केही पत्रिकाहरू अपहरण भनी प्रचार गरिरहन्छन् ।

तर केही हत्याका घटनाहरू पनि बाहिर प्रचारमा आएका छन् । मलाई लाग्छ ती घटनाहरू हामीलाई बदनाम गर्न हामीभन्दा बाहिरका तत्वहरूले हाम्रो नाममा गरेको हुन सक्छ ।

**○ हालसालै तपाईंहरूबाट नेपाली कांग्रेसका कार्यकर्ताहरू मारिएका छन् भन्ने कुरा त्यस पार्टीको तर्फबाट नामसहित नै बाहिर आएको छ नि !**

- मैले अघि पनि भनें विचार भिन्नताको आधारमा हत्या गर्ने हाम्रो नीति, कार्यक्रम र योजना छैन । स्थानीय तहका कार्यकर्ताहरूको तर्फबाट त्यस्तो हुन गएको छ भने त्यो हाम्रो केन्द्रीय नीति विपरितको कुरा हो । हामी त्यस्तो घटनाको छानवीन गरी नीति विपरित जाने कार्यकर्तालाई सजायँ दिने काम गर्छौं र त्यस्तो घटनालाई सच्च्याउन हामी पूर्णतः कटिबद्ध छौं ।

**○ वार्तालाई सकरात्मक दिशातर्फ लान तपाईंहरू र प्रतिगमनविरुद्ध आन्दोलनरत पार्टीहरूबीच सहमतिको कार्यक्रम बन्न के कुराले छेकिरहेको छ ?**

- हामीले आन्दोलनरत पार्टीहरूसँग दुई पक्षीय र बहुपक्षीय रूपमा पटक पटक कुराकानीहरू गरेका छौं । पछिल्लो पटक अस्ति भर्खरैमात्र हाम्रो अध्यक्षको नामबाट सबै पार्टीहरूलाई हामीले चिठी पनि लेखेका छौं । हामीले त्यस चिठीमार्फत् अपिल गरेका छौं-अहिले प्रतिगमनको अन्त्य र अग्रगमनको निम्ति आम सहमतिको वस्तुगत आवश्यकता अझ बढी खड्किएको छ र त्यसको लागि छलफल संवाद बढाऔं ।

मुलुकको अन्तर्विरोधको हल कसरी गर्ने ? हाम्रो ठम्याइमा यसको हल पुरानो संविधानका आधारमा हुन सक्दैन । त्यसको निम्ति मुलुकमा नयाँ संविधानको निर्माण गरिनु पर्छ र त्यो संविधानसभामार्फत् हुनु पर्छ भन्ने हाम्रो मत हो ।

पार्टीहरू अग्रगामी निकासको निम्ति पुरानो संविधानको जमिन छाड्न चाहिराखेका छैनन् र मात्रात्मक रूपमा मात्रै समस्याको हल खोज्ने प्रवृत्तिबाट माथि आउन सकिराखेका छैनन् । यी कुराहरूले गर्दा नै उनीहरूसँग सहमति बन्न सकिराखेको छैन ।

**○ संविधानसभा मान्ने पार्टीहरू जस्तोकि संयुक्त वाम मोर्चा, नेकपा (मालेमा), नेकपा (एकताकेन्द्र-मसाल) र नेपाल सद्भावना पार्टी (आनन्ददेवी सिंह)सँग पनि त तपाईंहरूको सहमति बन्न सकिरहेको छैन नि !**

- त्यो साँचो हो । राजनीतिक रूपले सहमति भएर पनि व्यावहारिक रूपमा सँगै जान सकिराखेको छैन । अहिलेको परिप्रेक्ष्यमा मुलुकका ठूला राजनीतिक शक्तिहरू नेपाली कांग्रेस, नेकपा(एमाले) र राज्य पक्षलाई सहमतिको एउटै ठाउँमा ल्याउनु पहिलो आवश्यकता हो । त्यसपछाडि संयुक्त वाम मोर्चा, एकताकेन्द्र-मसाल आदिजस्ता संविधानसभाको नारा उठाइरहेकाहरूसँग सहमति बनाउने भन्ने कुरो छ, त्यो एक अर्को खालको ध्रुवीकरणको प्रक्रिया हो । वास्तवमा अहिले पहिलो खालको आवश्यकता टुङ्गिँदै गएको र यो दोस्रो खालको आवश्यकता खड्किँदै गएको जस्तो लाग्छ । शायद् अब संविधानसभावालाहरूबीचको ध्रुवीकरणतर्फ आन्दोलन अघि बढ्छ जस्तो लाग्छ । त्यस्तो हुनु पनि पर्छ ।

**○ नेपाली कांग्रेसले जनमत संग्रह, सेनालाई संसद अन्तर्गत राख्ने, राजालाई केवल संस्था मात्र मानेर पूर्ण संवैधानिक बनाउनेजस्ता प्रावधानहरू राखेका छन् भने नेकपा(एमाले)ले पनि त्यस्तै त्यस्तै प्रावधानहरू ल्याएको छ । तपाईंहरूले वार्तामा राखेका विषयवस्तुहरू र यी कुराहरूमा धेरै नै समानता देखिन्छ । के उहाँहरू र तपाईंहरूबीच त्यस्तो मिलन बिन्दू हुन नसक्ला जसमा उहाँहरूले संविधानसभा मानिदिने र तपाईंहरूले संसद पुनर्स्थापनालाई स्वीकारी दिने ?**

- यो कुरो ठीकै हो । आधारभूत न्यूनतम सवालहरू जस्तो कि सेनाको सवाल, जनजातिको स्वायत्त शासनको सवाल, जनमत संग्रहको सवाल आदि कुराहरूमा सहमति भइसकेपछि त्यसमा टेकेर अगाडि जान सकिन्छ । तर त्यति कुराहरू प्राप्त गर्न पनि सामान्य संविधान सुधार वा पुरानो संविधानबाट सम्भव छैन, नयाँ संविधान नै बन्नुपर्छ । गूदी विषयवस्तु जनतालाई सार्वभौम बनाउने चरित्रको भएपछि त्यसलाई प्राप्त गर्ने प्रक्रिया पनि जनतालाई सार्वभौम बनाउने चरित्रकै हुनुपर्छ । त्यसैले विषयवस्तु र प्रकृयालाई अलग अलग रूपमा छलफल गर्ने कुरा होइन जस्तो लाग्छ । यिनीहरूलाई एकअर्कोको परिपूरकको रूपमा नै हेरिनुपर्छ भन्ने लाग्छ ।

हाम्रो भनाइ 'फ्रेस स्टार्ट' गरौं भन्ने हो । उहाँहरूको भनाइ पुरानो संविधानको आधारमा टेकेर नयाँ ठाउँमा जाऔं भन्ने छ । तर उहाँहरूको त्यो नयाँ भन्ने चीज पनि त्यति स्पष्ट छैन । अर्को कुरो कहाँ टेक्ने भन्ने सवालमा उहाँहरू र हाम्रो बीच मतभेद छ ।

संसद पुनर्स्थापना र सर्वदलीय सरकारको कुरामा हामीले विरोध गरेको होइन । हामीले 'संसद पुनर्स्थापना गर्नुस्, सर्वदलीय सरकार बनाउनुस्, हामी तपाईंहरूसँग वार्ता गर्छौं' भनेर हाम्रा अध्यक्षमार्फत् पत्र पठाएर पोहोर नै त्यो कुरा गरेका हौं । तर त्यतिखेर सान्दर्भिक भएको संसद पुनर्स्थापनाको कुरा र सर्वदलीय सरकारको कुरा अहिले पुरानो भइसक्यो भन्ने हाम्रो भनाइ हो । वास्तवमा अहिले देशमा संविधान नै छैन । त्यसैले पुरानो धरातलमा टेक्न कुनै कानूनी र संवैधानिक आधार छैन । यस अवस्थामा 'फ्रेस स्टार्ट' गर्नु नै ठीक हो । यहाँनिर हामी र उहाँहरूबीच कुरा मिलिराखेको छैन । अर्को कुरा भनेको उहाँहरूले अग्रगामी निकासको कुरो सार्वजनिक रूपले स्पष्ट रूपमा बोल्नु पर्छ, साँच्चै नै त्यो के हो भनेर । संसद पुनर्स्थापना र सर्वदलीय सरकार भएपछि पुनः पुरानै संविधान र संरचनामै घुमिरहने कि संविधानसभातिर जाने ? भन्ने कुरा सार्वजनिक रूपमा प्रतिवद्धता व्यक्त गरिएको हुनुपर्छ । अग्रगमनमा जान पुरानो संरचना टेक्नेमात्र हो वा त्यहीभित्र पुनः घुम्ने हो, त्यो प्रष्ट खुल्नु पर्ने हुन्छ । किनकि पहिलेका घटनाक्रमहरूबाट हामी सन्देहात्मक बन्न बाध्य छौं ।

अर्को कुरो उहाँहरूको पनि हामीप्रति सन्देह होलान्, हामीसँग सेना छ, त्यो रहँदासम्म कसरी विश्वास गर्न सकिन्छ भनेर । त्यो सन्देह मेटाउन हामी तैयार छौं ।

**○ तपाईंहरू पनि अहिले आन्दोलनमा ओर्लनु भएको छ । के यसले वार्तालाई प्रभाव पार्दैन ?**

- यो आन्दोलनको मूल उद्देश्य भनेको वार्ता सफल पार्नको निम्ति जन दवाब सिर्जना गर्नु हो । वार्ताको टेबुलमा सहमति भएका कुराहरू लागु नभएपछि वार्ताको औचित्य समाप्त हुँदै गयो । त्यसकारण हामीले यो आन्दोलन शुरू गरेका हौं । त्यसैले यसले वार्तालाई सकारात्मक प्रभाव नै पार्छ भन्ने लाग्छ ।

**○ यो आन्दोलन पनि सफल हुन सकेन र वार्ता पनि लम्बेतान भइरह्यो भने तपाईंहरू के गर्नु हुन्छ ?**

- धेरै दिन यो लम्बेतान भइरहन सक्दैन । निष्कर्षहीन कुनै पनि वार्ता पर्खिराख्ने कुरा हुन सक्दैन । हामी वार्ताको लागि दवाब सिर्जना गर्न पहिले सडकमा जान्छौं । वार्ता र आन्दोलन दुवै निष्कर्षहीन भयो भने त्यस्तो अन्यौलको स्थितिमा मुलुकलाई धेरै समयसम्म राख्ने पक्षमा हामी छैनौं । हामी फर्कन्छौं । र, वार्तालाई धेरै लामो समयसम्म लिङ्गरिङ्गमा राख्ने पक्षमा हामी छैनौं ।



दवाबका लागि अब माओवादीहरु पनि सडकमा

❑ प्रस्तुति : तुल्सीदास महर्जन

# पाँच पार्टीको आन्दोलन अब कता ?

• हरिगोविन्द लुईटेल









वैशाख २१ गते घोषणा गरी हालसम्म पाँचौं चरणको जनसंघर्षको कार्यक्रम गरिरहेका पाँच संसदीय दलहरू निरन्तर संघर्षको कार्यक्रम गरिरहेका छन् । कार्यक्रममा उनीहरूका महिला, विद्यार्थी र किसान लगायतका मोर्चाहरूले छुट्टाछुट्टै पनि साथ दिइरहेका छन् । तर पनि आन्दोलनकारी दलहरूलाई अझै द्विविधाको समस्याले ग्रस्त पार्न छोडेको भने छैन ।

उनीहरूले प्रतिनिधिसभाको जनस्तरीय 'विशेष बैठक' राजधानीको प्रज्ञाप्रतिष्ठानको हलमा गरे । पछि राष्ट्रियसभाको यस्तै बैठक बस्न जान खोज्दा पुलिसले छेकेपछि सिंहदरबारको मूल गेटबाहिर चोकमै एकदिन र अर्कोदिन रत्नपार्कको खुला सडक क्षेत्रमै यो बैठक गरे । अब पुनः असार २० गते प्रतिनिधिसभाको अर्को 'अधिवेशन' गरिने घोषणा उनीहरूले गरेका छन् । अरू कार्यक्रमको तुलनामा यी दुई कार्यक्रममा जन-आकर्षण ज्यादा रह्यो ।

कार्यक्रमको यो निरन्तरताका बाबजुद यी आन्दोलनकारी शक्तिहरू राजधानीमा केही बलिया देखिए पनि देशका अन्य भागहरूमा कमजोर देखापरेका छन् । वर्षायामको मध्य समयमा आइपुग्नुको प्राविधिक समस्याका कारणले गर्दा मात्र संघर्षका कार्यक्रमहरूमा जनसहभागिता कम भएको होइन । यी सडक आन्दोलनहरूप्रति यतिखेर जनउत्साह पनि मत्थर देखिएको छ । असार १५ मा आएर राजधानी र सदरमुकामहरूमा रिले-अनसन गर्न थालिएको छ । अरू खाले कार्यक्रमहरूमा जनसहभागिताको खडेरी देखिनथाल्दा अनसन जस्ता नेतामुखी कार्यक्रमको आयोजनाको डिजाइन आफैंमा उपयुक्त डिजाइन भएतापनि यस्ता रिले-अनसन वरिपरि झुम्मिने 'देखाउन लायक' संख्याको जनसमूहको अभाव समेत खड्किन थालेको छ ।

यसैबीच असार १६ गते साँझ यी पाँच आन्दोलनकारी पार्टीहरूले आयोजना गरेको देशव्यापी मशाल जुलुस प्रदर्शनका क्रममा काठमाण्डौ र बाहिरका सदरमुकामहरूमा उपस्थित भएका उत्साही कार्यकर्ताहरूको पङ्क्तिको भीडले प्रहरीसँग मुठभेड नै गर्‍यो । काठमाण्डौमा एमाले नेताहरू अमृतकुमार बोहरा र सुवास नेम्वाङ्ग अनि नेपाली कांग्रेसका नेता कृष्ण सिटौला घाइते भए । केही प्रहरीहरू पनि घाइते भए, भागाभाग पनि भए । मशाल जुलुस नगर्न भनी सरकारले दिएको निषेधको आदेशका विरूद्ध आक्रोशित भीडले मशाल जुलुसको क्रममा व्यापक रूपमा राजतन्त्रविरोधी नारा लगायो । महोत्तरी, बारा, गोरखा, सिन्धुपाल्चोक, लमजुङ्ग, ताप्लेजुङ्ग, तनहुँ, सुनसरी, कन्चनपुरलगायतका स्थानहरूबाट प्राप्त रिपोर्टले पनि युवा कार्यकर्ताहरूको यही आक्रोशलाई व्यक्त गरेको छ ।

कार्यकर्ता पङ्क्तिको यो उत्साह देखेर र एक-दुईबाहेक अरू सबै नेताहरू आन्दोलनमा सक्रिय रहेको प्रवृत्ति पाएर नै होला, केही दिनअघि असार ८ गते नेपाली कांग्रेसका प्रवक्ता अर्जुननरसिंह केसीले आन्दोलनले गति लिन थालेको आफूले महसूस गरेको विचार व्यक्त गरे- 'आन्दोलनले पाँचौं चरणमा प्रवेश गरिसकेको अवस्था छ । हाम्रो आन्दोलनले गति लिन थालिसकेको महसूस हामीले गरेका छौं । विद्यमान गति अझ अगाडि बढ्छ, पछाडि हट्दैन ।'

वरिपरि जम्मा भएको केही उत्साही कार्यकर्ताहरूको यो भीडले बाहेक अर्जुननरसिंह केसीलगायतका नेताहरूमा आन्दोलनप्रति आशावादिता पलाइरहनुमा विदेशी मित्रहरूको आडले पनि केही काम गरेको छ । जेठ २४ गते पाँचै दलको संयुक्त बैठकले औपचारिक रूपमै आन्दोलनप्रति 'नैतिक समर्थन गर्न विश्वसमुदायसँग आग्रह' गरेको थियो । दरबारले माओवादीको 'हाऊ'र नेताहरूको 'असक्षमता' देखाएर अन्तर्राष्ट्रिय समुदायलाई आफूतिर एकोहोर्‍याउन गरिरहेको कोशिसबाट सचेत भएर नै यी पाँच दलहरू औपचारिक रूपमै यसरी नैतिक समर्थनको माग गर्न पुगेका हुन् । पछिल्लो पटक 'महलीसागर बाँध' बाँध्न र नेपाली भूभागहरू डुबाउन दिएर भारत सरकारलाई रिझाउने तथा आफूतिर आकर्षित गर्ने काममा दरबारले सफलता हासिल गरिरहेको देखेर पनि पाँच दलहरू सशंकित भएका हुन् ।

प्र.मं. हुनुअघि भारत गएर 'आशिर्वाद' लिएर आएका सूर्यबहादुर थापाले मुलुकको कुन कुन प्राकृतिक सम्पदा स्वाहा पारी भारतलाई रिझाउने हुन्, त्यो हेर्न बाँकी नै छ । र पनि, यो संभावनाप्रति दलहरू चनाखो रहेका छन् ।

राजाको केही महिनाअघिको भारतीय 'तीर्थयात्रा'समेतले प्रभावित हिन्दूवादी भारतीय जनता पार्टीको नेतृत्वको भारत सरकारले आन्दोलनप्रति कस्तो रवैया अप्नाउने हो, त्यो प्रष्ट छैन । तर पनि भारतका सत्ताबाहिर रहेका नेताहरू र बौद्धिक तप्काको सहानुभूति आन्दोलनप्रति रहनुको कारण पनि आन्दोलनकारी नेतृत्वको मनोबल केही दह्रो रहन सकेको पाइएको छ ।

नेताहरूको निमित्त यो तात्कालीन राहतकारी विषय जरूरै हो तर आम जनता र आम कार्यकर्ताहरूको बहुसंख्या भने यतिखेर आन्दोलनप्रति 'नैतिक समर्थन'को भन्दा माथ्लो हदमा उत्साहित र परिचालित हुन सकिरहेका छैनन् । समग्रमा प्रतिगमनविरोधी आन्दोलनको सन्दर्भमा यो चिन्ताजनक पक्षको रूपमा देखा परिरहेको छ ।



**सडकमा संसद** : सिंहदरबारभित्र बैठक बस्न नदिइएपछि रत्नपार्कमा बसिएको राष्ट्रिय सभाको बैठक

## द्विविधा

वर्तमान आन्दोलनका बारेमा प्रतिगामी तत्वहरू नकारात्मक रहनु स्वाभाविकै भयो । उनीहरूले यसबारेमा सरकारी संचार माध्यमहरू समेतको दुरूपयोग गरी यो 'केवल कुर्सीमुखी स्वार्थी कार्यक्रम हो' भन्ने भाव संचार गर्ने काममा कुनै कमी ल्याएका छैनन् । पंचायती शासनकालको झझल्को दिने गरी उनीहरू यसमा सक्रिय छन् । उनीहरू विदेशी दाता समुदायहरूमा आन्दोलनको 'कम्युनिष्ट छवि' प्रचार गर्न पनि पछि परेका छैनन् । अन्ततः कम्युनिष्टहरूको बाहुल्यता भएको, उनीहरूकै लहैलहैको आन्दोलनमा कांग्रेस 'फसेकोजस्ता' प्रचार गरी उनीहरू कांग्रेसभित्रका वामविरोधी तत्वहरूलाई हतोत्साहित तुल्याउने र विदेशी दाताहरूलाई भ्रममा पार्ने कोशिस गरिरहेछन् । यो आन्दोलनले 'माओवादी आतंकवादीहरू'को सेवा गर्ने प्रचार गरी दलहरूलाई अत्याउने प्रयत्नमा पनि उनीहरू देखिएका छन् । यसको प्रत्यक्ष प्रभावमा कांग्रेस र एमाले परेका छन् । दरबारले यिनीहरूलाई भित्तैसम्म ठेल्दा पनि र आन्दोलन प्रभावकारी र फलदायी बनाउने अर्को कुनै बाटो बाँकी नरहँदा पनि वार्तामा आएको माओवादीसित मिलेर सशक्त सघर्ष गर्न उनीहरूले लगातार इन्कार गर्नुको मुख्य कारण यही प्रभावको परिणाम हो ।

प्रतिगमनविरोधी आन्दोलन प्रतिगामीहरूको प्रहारको निशाना हुनु स्वाभाविक हो । तर जब जनपंक्तिमै आन्दोलनबारे द्विविधा बाँकी रहन्छ, तब त्यो भने अस्वाभाविक कुरा भइदिन्छ । जब आन्दोलनकारीहरूमा आफैंभित्र नै विरोध र असहमतिका स्वरहरू सुनिन थाल्छन्, तब यो अस्वाभाविक कुरा भइदिन्छ । यस्तो भएको पनि छ, यो आन्दोलनमा ।

जनता द्विविधामा छ । कारण हो- यो आन्दोलनको माग चाहिं प्रतिगमनविरोधी छ तर यो माग उठाइरहेका प्रमुख पात्रहरू हिजो बाह्र वर्षमा मुलुकलाई बर्बादीतिर धकेल्नेहरू नै छन् । त्यसैले आन्दोलनको मागप्रति समर्थन गर्नेहरू पनि आन्दोलनकारी नेताहरूका अनुहार देखेर वितृष्णा अनुभव गरिरहेका छन् । यो द्विविधा आन्दोलनमा निहित खतरनाक विरोधाभाषको उपज हो ।

यसलाई हल गर्न विगतको कुशासनका मूल नाइके राजनैतिक नेताहरूले जनतासामु आफ्ना हिजोका गल्ती, कमजोरी र मनपरीप्रति आत्मालोचित भई सार्वजनिक क्षमायाचना गर्नु जरूरी छ । यसो भएमा मात्र आन्दोलनप्रति जनसमर्थन बढ्ने छ । 'दरबारको भूमिका ठीक छैन, तर के गर्ने ? तिनै भ्रष्ट नेताहरूलाई अघि लगाएर आन्दोलनमा जान पनि मन प्रशन्न हुन्न' भन्ने जनसाधारणहरू प्रशस्त पाइन्छन् । काठमाण्डौ, सुर्खेत, दाङ्ग, बाग्लुङ्ग, उदयपुर, इलाम र झापाका कांग्रेस र एमालेका अधिकांश साधारण कार्यकर्ताहरू समेतको ठाडो भनाइ यही रहेको पाइयो । यस्तो भावना अन्यत्रको कार्यकर्ताहरूमा समेत हुन संभव छ । सामान्य पढेलेखेका जनताहरू प्रतिगमनकारीहरूको भ्रममा छैनन्, तर यो द्विविधा उनीहरूको मनोविज्ञानमा हावी छ, त्यसकारण उनीहरू आन्दोलनमा तमासे मात्र बनिरहेछन्, यसको सक्रिय पात्र हैन ।

अर्को द्विविधाको प्रसार अगुवा कार्यकर्ता र नेताहरूबाट भइरहेको छ । यो द्विविधा आन्दोलनको मूल मागमा निहित अस्पष्टता र अपूर्णताका कारण पैदा भएको हो । आन्दोलनको मूल नारा यतिखेर संसद्को पुनर्स्थापना वा सर्वदलीय सरकारमध्ये कुनै पनि कुरा संविधानसम्मत् हुन नसक्ने हुनाले संसद् पुनर्स्थापना भएपनि राजाको 'बचन'ले हुने भयो, सर्वदलीय सरकार गठन भएपनि सोही 'बचन'ले हुने भयो । यसले त 'सार्वभौमसत्ता राजामा' भन्ने निरंकुश राजतन्त्रवादी सोच र व्यवहारलाई नै थप बल र पुष्टि मिल्ने भयो, सार्वभौमसत्ता जनतामा हुने भएन । यो बलियो र यथार्थसम्मत् तर्क हो ।

यसबाहेक राजाको निगाहको संसद् पुनर्स्थापना वा सर्वदलीय सरकारले माओवादीलाई मूल धारमा ल्याउने तागत राख्छ नै कसरी ? यसकारण आन्दोलनको मूल नाराले प्रतिगमनको विरोध त गर्छ, तर यसले सारमा भने यथास्थितिवादको मात्र सेवा गर्छ । माओवादीलाई संगेटेर अग्रगमनमा जाने ल्याकत यसले राख्दैन । मुलुकमा माओवादीसँगको वार्ता र शान्तिपूर्ण अग्रगामी निकास आजको सर्वप्रमुख एजेण्डा हो । यो हल नभए सबै समस्या हल हुन सक्दैनन् । तर यो आन्दोलनको मूल नारा नै यथास्थितिमुखी र त्रुटिपूर्ण छ, त्यसकारण यसलाई सच्याइनु पर्छ र आन्दोलनले माओवादीसमेतलाई समेत संगेटेर अघि बढेर मुलुकमा निर्णायक अग्रगामी लोकतान्त्रिक फड्को मार्नुपर्छ । बीचमा अल्मलिनु वा भ्रममा पर्नुको कुनै अर्थ छैन । आम जनताको कुरै छोडी दिउँ, आन्दोलनरत पार्टीका भूइँ तहका कार्यकर्ताहरू स्वयम् भनिरहेछन्- 'आन्दोलनको माग आफू सत्तामा पुग्ने सिवाय केही छैन, यिनै भ्रष्ट नेतालाई फेरि सत्तामा पुऱ्याउन हामी किन पुलिसको लाठी खान जाने ?' यही मनोभागले गर्दा भूइँ तहका कार्यकर्ताको ठूलो पंक्ति आन्दोलनमा अझै सहभागी हुन सकिरहेको छैन ।

सचेत नेता-कार्यकर्ताहरूबीच यो मान्यताको पक्षमा आज दिनप्रतिदिन थप जनमत तयार हुँदै गइरहेको छ । यस परिप्रेक्ष्यमा आन्दोलनमा उनीहरूको सहभागिता 'पूर्ण मन'को हुन सकिरहेको छैन ।

## असहमति

एमाले नेता खड्ग ओली भन्छन्- 'संसद् पुनर्स्थापनाको मागले राजालाई थप शक्तिशाली बनाउन खोजेको छ । यो आन्दोलन अस्पष्ट र दिशाहीन छ ।'

उनको भनाइ छ- '१५ महिनापछि पानी छर्केर श्री ५ ले प्रतिनिधिसभा बहुराउन सक्नुहुन्छ भनेर कस्तो अधिकार हामी राजालाई दिँदैछौं ?' निष्कर्षमा उनको भनाइ छ- 'अब मुलुकमा अग्रगामी उथलपुथल गर्नु जरूरी छ, त्यसो हुँदैन भने प्रतिगामी उथलपुथल हुन्छ । पार्टीहरूको आन्दोलनले माओवादीका समस्या समाधान गरेर जानुपर्छ ।'

व्याख्यामा आउँदा वा समय बित्दै जाँदा खड्ग ओली आफ्नो यो विचारमा कति टिकिरहलान्, त्यो अर्कै कुरा हो । तर खड्ग ओलीको आजको यो विचार आफैंमा भने सान्दर्भिक छ र यसले आजको मूल मुद्दालाई पक्रेको छ । यही कुरा यसअघि नै संयुक्त वाममोर्चा, नेपालले स्पष्टताका साथ प्रस्तुत गरिसकेको हो । यो मोर्चाले स्वीकारेको जनआन्दोलन र माओवादीको वार्ताको माग र एजेण्डाबीच एकरूपता र तालमेल हुनु जरूरी छ भन्ने धारणा पनि समस्या समाधानको एउटा तर्कपूर्ण उपाय हो ।

यसैबीच, कांग्रेसकी नेतृ शैलजा आचार्यले आन्दोलनको बारेमा यथास्थितिवादको पक्षमा र वामपन्थीसित मिलेर संघर्ष गर्ने विचारको विरूद्धमा हद दर्जाको असहमति जनाएकी छिन् । उनको भनाइअनुसार राजाले सूर्यबहादुरको नेतृत्वमा कार्यकारी अधिकारसहितको सरकार गठन गरिसकेकाले अब संयुक्त आन्दोलनको औचित्य समाप्त भइसकेको छ । उनको भनाइ छ- 'माग पूरा भएपछि पनि आन्दोलन जारी रहनु दुर्भाग्यपूर्ण साबित हुनसक्छ ।'

शैलजा आचार्यको असहमतिले कुनै नयाँ बाटो देखाएको छैन । त्यो सूर्यबहादुरकै बाटो हो र यसले मुलुकको अग्रगमनको पक्षमा सिन्को पनि भाँच्दैन । ठीक छ, राजाले लोकेन्द्रबहादुलाई हटाई सूर्यबहादुरलाई ल्याई कार्यकारिणी अधिकार सुम्पेका नै हुन् भने पनि सूर्यबहादुर नै किन छानिए ?



# पश्चिम नेपालमा आन्दोलनको हालत

भरत दाहाल, दाङबाट

पश्चिम नेपालमा प्रतिगमनका विरुद्ध जारी पाँच पार्टीहरुको आन्दोलन प्रतीकात्मक विरोधको रुपमा जारी रहेको छ । विरोधलाई आन्दोलनको रुपमा विकास गर्ने पार्टीहरुको उद्देश्य विभिन्न कारणहरुले गर्दा सफल हुन सकिरहेको छैन । पार्टीका अगुवा कार्यकर्ताहरुमा सीमित रहेको यो आन्दोलनको विषयवस्तुप्रति सबैभन्दा बढी प्रश्नहरु कांग्रेस र एमालेको वृत्तबाट उठिरहेका छन् । आन्दोलनभित्रको सबैभन्दा पहिलो र ठूलो समस्या सर्वसाधारणको असहभागिता हो । दोस्रो समस्याको रुपमा पार्टीको आमपरिचालन रहेकोछ भने आन्दोलनको विषयमा उठ्ने विभिन्न प्रश्नहरुको उत्तर नपाउनुले उत्पन्न अविश्वास तेस्रो समस्याको रुपमा रहेको छ ।

बाहवर्षको अवधिमा फस्टाएको भ्रष्टाचार र दुराचारबाट आजित भएका कांग्रेस र एमालेको तल्लो पंक्तिका कार्यकर्ताहरुले आमरुपमा प्रश्न उठाउँदै आएका छन्– सत्ता प्राप्तिपछिका दिनहरुमा पहिलेको जस्तो भ्रष्टाचार र दुराचार फेरि नहुने ग्यारेन्टी के ? उनीहरुको आशय विगतमा पार्टीहरुले गरेका गलत काम कारवाहीहरुप्रति नेताहरु आत्मालोचित बन्नुपर्ने र पार्टीभित्रका गलत तत्वहरुलाई विस्थापित गरी जनताप्रति उत्तरदायी कार्यकर्ताहरुलाई स्थान दिनुपर्ने कुरासँग जोडिएको छ ।

उनीहरुको दोस्रो प्रकारको असन्तुष्टि कार्यक्रमको अपर्याप्तताप्रति छ । देशमा प्रतिगमनको पञ्जा जुन रुपमा कसिँदै गएको छ, त्यसको सामना गर्ने स्तरको कार्यक्रम आउननसक्नु, राजनैतिक समस्याको समाधान कानूनी प्रश्नमा खोज्नु, पुरानै कार्यक्रमको पुनरावृत्ति भइरहनु, कार्यक्रमको स्तर उठ्न नसक्नुजस्ता कमजोरीहरुप्रति भुइँतहका कार्यकर्ताहरुमा असहमति बढ्दै गएको छ । पार्टीहरु आजको दुरावस्थामा पुगिसक्दा पनि कार्यकर्ताहरुको कुरा सुन्ने प्रवृतिको विकास नभएको र नेतृत्वले आफ्नो स्वार्थ तथा आफ्नो दायाँ–बायाँका मानिसहरुको सरसल्लाह र दवाबमा मात्र काम गरिरहेको हुँदा आन्दोलनमा आमजनताको सहभागिताको संभावना कम रहेको निष्कर्ष कार्यकर्ता पंक्तिको रहेको छ । यी विविध प्रश्नहरुको उत्तर नपाउँदासम्म आन्दोलनलाई कुर्सीको राजनीति मात्र ठान्ने सोचाइ जबर्जस्त रुपमा अस्तित्वमा रहने देखिन्छ ।

वर्तमान समस्यालाई राजनीतिक निकास दिने हो भने नयाँ संविधानको निर्माणविना अन्य उपायबाट अब समाधान संभव नहुने कुरामा पनि कांग्रेस र एमालेको तल्लो पंक्ति एकमत छ । उनीहरु ०४७ सालको संविधान निष्कृय भइसकेको ठान्दछन् । क्षतविक्षत र अत्यन्त विवादास्पद भइसकेको संविधानलाई लक्ष्य बनाएर समस्याको समाधान गर्न नसकिने उनीहरुको ठहर छ ।

अहिलेको आन्दोलनले अग्रगामी निकाससँग आफूलाई जोड्न नसकेको, अझ आन्दोलनरत् कतिपय कथित नेताहरुले अग्रगामी निकासका रुपमा नयाँ संविधान निर्माण र यसका लागि संविधानसभाको चुनावको प्रक्रियाकै उग्र विरोध गर्ने गरेको परिप्रेक्षमा आन्दोलन अर्को चक्रब्यूहमा फस्ने र यो केही टाठाबाठा नेता र धनाढ्य वर्गको सत्ता आरोहणको हतियार मात्र बन्नसक्ने व्यापक शंका जनमोर्चा, नेपालका कार्यकर्ताहरुमा उल्लेखनीय रुपमा देखिएको छ । संसद्को पुनर्स्थापना वा धारा १२८ अन्तर्गतको सर्वदलीय सरकारपछि अग्रगामी निकासका बारेमा आन्दोलनभित्र कुनै दृष्टिकोण र प्रतिबद्धता नभएको हुँदा यो अर्को षडयन्त्रको हतियार हुनसक्ने आशंका उनीहरुमा रहेको छ ।

पार्टी कार्यकर्ताहरु, सर्वसाधारण जनता र अपेक्षाकृत चेतनशील पर्यवेक्षकहरुले आमसहमतिको रुपमा उठाइरहेको सबैभन्दा महत्वपूर्ण सवाल के हो भने आन्दोलनमा जनसरोकारका कुनै पनि विषयहरु उठ्न सकेनन् । राजनीतिक रुपमा जनतालाई अधिकारसम्पन्न बनाउने कुरा होस् वा जनतासँग प्रत्यक्षरुपमा गाँसिएका सामाजिक र आर्थिक समस्याहरु होउन् वा राष्ट्रिय सुरक्षासम्बन्धी प्रश्न होस्, यी कुनै पनि विषयहरु आन्दोलनको एजेन्डा बन्न नसक्नु नै यसको गत्यावरोधको मूल कारण भएको कुरामा सबै विश्वस्त छन् । यदि आन्दोलन देशलाई समग्र निकासतर्फ लैजानका लागि हो भने यसले राष्ट्रियताको सुरक्षा, जनअधिकारको प्रत्याभूति, जनताका दैनिक जीवनका समस्याहरुको समाधानका पक्षहरुलाई समेट्न सक्नुपर्ने सबैको धारणा छ । प्रतिगमनको विरोधको कुरा गरेर नेपालभित्र भइरहेको अमेरिकी र भारतीय हस्तक्षेपप्रति मौन रहनुलाई आन्दोलन मान्न नसकिने र यस्तो आन्दोलन राष्ट्र र जनताको निम्ति गरेको ठान्न नसकिने प्रतिक्रिया पनि मननीय रुपमा प्रकट भएको छ । ❑

मुलुकको ८५ प्रतिशतभन्दा ज्यादा मतदाताले छानेका पाँच पार्टीहरूको सहमतिका व्यक्तिलाई प्रधानमन्त्री किन बनाइएन ? यस्ता विकराल राजनीतिक प्रश्नप्रति मौन रहेर शैलजा आचार्यहरूले बोल्ने गरेका बेप्रसंग-बचनहरूले स्वयं शैलजाहरूकै वजन घटाउने बाहेक अरू थोक गर्दैनन् । यही कोटिमा सभामुख तारानाथ रानाभाटले पनि आफूलाई उभ्याएका छन् । विघटित प्रतिनिधिसभाको जनस्तरीय विशेष बैठक बोलाउन तारानाथ रानाभाटलाई 'संविधान'ले छेकेको पाइयो, जुन संविधानले राजालाई चाहिं जे गर्न पनि छूट दिइरहेको छ ।

'कसैको घरको गोठालोलाई प्रधानमन्त्री बनाएर कार्यकारी अधिकारसम्पन्न छ भन्दैमा त्यसलाई सरकारको रूपमा स्वीकार्न नसकिने' माधवकुमार नेपालको तत्कालको असहमतिलाई समेत कार्यकारिणी अधिकार कहिले दिने वा कहिले खोस्ने राजाको गोजीको निजी संपत्ति मान्ने मान्यता स्वयं जरोमै गलत छ भन्ने बलियो तर्कले निरस्त्र पारिरहेको छ । यस्तो परिस्थितिमा शैलजा आचार्य, तारानाथ रानाभाट वा आन्दोलनप्रति कडा र दरवारप्रति नरम हुन थालेका आर.के. मैनाली प्रवृत्तिले नै पनि खासै प्रभाव छोड्नसक्ने देखिन्न । र पनि, यो प्रवृत्ति इतिहासमा दर्ता गरेर राख्नुपर्ने प्रवृत्ति भने अवश्य नै हो र यसले आन्दोलनमा भ्रम र द्विविधा उत्पन्न गर्ने भूमिका खेल्न भने छाडेको छैन ।

यतिखेर माओवादी पक्षले यो आन्दोलनलाई कुर्सीस्वार्थको वरिपरि रहेर गरिएको यथास्थितिवादी आन्दोलन नै मानेको छ । पार्टीहरूलाई अग्रगमनको पक्षमा स्पष्ट हुन र प्रतिबद्ध हुन यसले बारम्बार आग्रह गर्दैआएको छ । असार ६ गतेबाट माओवादी पार्टी स्वयंले सडक संघर्षको कार्यक्रमको थालनी गरेको छ र दलहरूलाई नयाँ उँचाइका साथ आउन र संविधान सभामा जाने गरी आउन आव्हान गरेको छ । यस क्रममा उसले उल्लेखनीय जनसहभागिता जुटाएको पनि पाइएको छ ।

वास्तवमा थापा सरकारका एकजना मन्त्री बुद्धिमान तामाङले भनेझैं '१८ असोजपछि प्रधानमन्त्री



● सर्वदलीय सरकार वा संसदको पुनर्स्थापनाका लागि भइरहेको सडक संघर्षमा नेतृत्व वर्ग



# प्रतिगमनविरुद्ध संयुक्त वाममोर्चा के गर्दैछ ? के सोच्दैछ ?

सि. पी. मैनाली, *अध्यक्ष, संयुक्त वाममोर्चा*

**● अहिले देशमा देखिएका प्रमुख समस्याहरूलाई सम्बोधन गर्ने संयुक्त वाममोर्चाका दृष्टिकोण र कार्यक्रमहरू के हुन् ?**

– वास्तवमा हामीहरू आज पनि आठ वर्षअघि शुरू भएको सत्ता र विद्रोही बीचको सशस्त्र भीडन्तले जन्माएका समस्याहरूको निकास खोज्ने अवस्थामा छौं । असोज १८ पछि ०४६ सालको उपलब्धिलाई अपहरण गरेर राजनीतिलाई पछि फर्काउने अभ्यास शुरू भयो, त्यसलाई पनि सच्याउने या परास्त गर्ने अर्को एउटा जिम्मेदारी पनि थपिएको छ । यी दुई तात्कालिक जिम्मेदारीहरूलाई मध्यनजरमा राखेर अहिले हामी आन्दोलनरत छौं । हाम्रो साझा कार्यक्रम यिनै दुई विषयमा केन्द्रित छ ।

यो राजनीतिक संक्रमणबाट राष्ट्रहित र जनताको आकांक्षामुताविक परिवर्तन गरेर जाने हो भने अहिले अग्रगामी शक्तिहरूको सर्वाधिकार सम्पन्न सरकार बन्नुपर्छ । र, ती अग्रगामी शक्तिहरूले त्यस्तो सरकारको निम्ति जनपरिचालनद्वारा व्यापक जनशक्ति सिर्जना गर्नुपर्छ । त्यही जनशक्तिको बलमा एउटा यस्तो सरकार बन्नुपर्छ जुन सरकारलाई राजनीतिक भाषामा सर्वाधिकारसंपन्न भन्न सकियोस् । यस्तो सरकारसँग अर्को व्यवस्था नल्याइन्जेल शासन गर्ने, कानून बनाउने र अर्को व्यवस्थाको संविधान तर्जुमा गर्ने अधिकार पनि रहोस् । हाम्रो इतिहासमा त्यस्तो भएको पनि छ । ०४६ सालको आन्दोलनपश्चात् कृष्णप्रसाद भट्टराईको नेतृत्वमा बनेको अन्तरिम सरकार यही प्रकृतिको थियो । अहिले पनि त्यस्तै सर्वाधिकार सम्पन्न सरकार आन्दोलनको बलमा स्थापित नभइकन र त्यस्तो सरकारको सल्लाहभित्र मात्र चल्न राजाले मञ्जुर नगरेसम्म असोज १८ गतेको प्रतिगामी कदमलाई सच्याउन सकिन्न ।

**● तपाईंहरूको यो नारा र माग माओवादीहरूको तीनवटा प्रमुख माग गोलमेच सम्मेलन, अन्तरिम सरकार र संविधानसभा भन्दा निकै भिन्न भएन र ?**

– हामी वार्तामा आएका माओवादी विद्रोहीहरू र सडकमा उत्रेका आन्दोलनकारी दलहरूबीच सहमति खोजेर अग्रगमनको साझा प्याकेज कार्यक्रम बनाऔं भन्नेमा छौं । सडक आन्दोलनको माग र वार्ताको माग एउटै हुनुपर्छ, अनि मात्र प्रतिगमन परास्त हुन्छ र अग्रगमन सुनिश्चित हुन्छ भन्ने वाममोर्चाको धारणा छ । यसका लागि अग्रगामी परिवर्तन खोज्ने दलहरू र हिजो संसदमा भूमिका खेलेका अन्य दलहरू पनि एउटै ठाउँमा आऊन् । र, यस्तो किसिमको कार्यक्रममा नेकपा माओवादीको पनि सहयोग र समर्थन हुनुपर्दछ भन्ने हाम्रो भनाइ हो । यसो गरेर दलहरूले सर्वाधिकार सम्पन्न सरकार बनाउने ठाउँमा पुग्नुपर्दछ । त्यसपछि त्यस्तो सरकारले मात्रै माओवादीहरूले भनेजस्तै गोलमेच सम्मेलन गर्न सक्दछ वा हामीले भनेजस्तै सर्वपक्षीय वार्ताको आयोजना गर्न सक्छ । अहिले माओवादीहरूको मागमा कसले गोलमेच सम्मेलनको आयोजना गर्ने भन्ने अस्पष्टता छ । असोज १८ गतेपश्चात् राजाले राज्य, सरकार र जनताका प्रमुख अधिकारहरू आफ्नो हातमा मुठ्याएको बेलामा त्यस्तो अधिकार जनताको वा प्रगतिशील शक्तिहरूकै हातमा नल्याइकन साँचो अर्थमा गोलमेच सम्मेलन हुन सक्दैन ।

**● सर्वाधिकार सम्पन्न सरकार बन्ने बित्तिकै माओवादी विद्रोह समाधान होला र ?**

– आन्दोलनद्वारा सर्वाधिकार सम्पन्न सरकार बनेपछि सर्वपक्षीय वार्ता वा गोलमेच सम्मेलन आयोजना गरेर मूल मूल समस्याहरूलाई कसरी सम्बोधन गर्ने भन्नेबारे समाधान खोज्न सकिन्छ । त्यसपछि त्यस्तो सरकारको नेतृत्वमा नयाँ संविधान बनाउने दिशामा जानुपर्दछ । नयाँ संविधान बनाउने सर्वोत्कृष्ट तरिका संविधानसभा नै हो । अहिलेको विशेष अवस्थामा के देखिन्छ भने राजसंस्था, माओवादी र अन्य राजनीतिक दलहरू यी तीनमध्ये कुनै पनि शक्ति अहिले उच्छेद वा निषेध हुने अवस्थामा छैनन् । तसर्थ नयाँ संविधान बनाउने प्रक्रिया र विधिमा पनि तीनवटै पक्ष सहमत हुने विधि खोज्नु पर्‍यो । सर्वपक्षीय वार्ताद्वारा कोशिस गरौं कि संविधानसभाद्वारा नयाँ संविधानको निर्माण गरियोस् । संविधानसभाको निम्ति यदि तीनवटै पक्ष सहमत हुन सकेनन् भने अरू वैकल्पिक तरिका खोजियोस्, जनताले प्रभुसत्ता अभ्यास गर्ने चरित्रको ।

**● संविधानसभाको मागमा अड्डी लिनु जरूरी छैन भन्ने तपाईंको विचार हो ?**

– संविधानसभा नै सर्वोत्तम उपाय हो भन्ने हो, तर हामी निर्णायक शक्तिका रूपमा छैनौं । यदि संविधानसभासम्म पुगिएन भने पनि नयाँ संविधान बन्नुपर्छ र त्यसका निम्ति आन्दोलनरत प्रमुख शक्तिहरू र माओवादीको सहमतिसहितको वैकल्पिक विधि खोजिनुपर्छ । हामीले विकल्पहरू खुला राखेका छौं । सहमतिको प्रक्रियाद्वारा नयाँ संविधान बनाउनुपर्छ भन्ने संयुक्त वाममोर्चाको प्रष्ट धारणा छ ।

◆ *प्रस्तुति : गोविन्द वर्तमान*

जो बनेपछि राजाको निगाहमा नै बन्ने हो । मुलुकको समस्या समाधानमा थापालाई नै काविल व्यक्ति ठानी मौसूफबाट निगाह बक्सेको हो ।'

प्र.मं. पदका सन्दर्भमा जसरी यो कुरा साँचो हो, १८ असोजपछि राजाको आदेश वा इच्छामा हुने कुनै पनि निर्णय यस्तै निगाहबाहेक अरू हुनेछैन भन्ने कुरा पनि त्यत्तिकै साँचो हो ।

## दिग्भ्रमबाट मुक्ति

अहिले के देखिएको छ भने, आन्दोलनरत पार्टीहरू मूल मुद्दाबाट बहकिएका छन् । माओवादी जनयुद्धले उठाएका मागहरू र पैदा गरेको संकटको समाधान गर्नु नै आजको नेपालको केन्द्रीय समस्या हो भन्ने कुराबाट उनीहरूको ध्यान अन्यत्र नै मोडिएको छ । माओवादीले हालको निम्ति बहुदलीयतामा आधारित पूंजीवादी प्रजातन्त्रको पूर्णतामा आफूलाई ओरालेपछि अन्य पार्टीहरूले उसबाट दच्किनुपर्ने अवस्थाको अन्त्य भएको छ । अब उसको मागमा आफ्नो पनि माग जोडेर माग र एजेण्डामा एकरूपता पैदा गरेर नै दरवारलाई परास्त गर्न सकिन्छ र २०४६ सालको जन-आन्दोलनले अपूर्ण छोडेको प्रजातन्त्रले पूर्णता प्राप्त गर्नसक्ने कुरालाई उनीहरूले ठम्याउन सकेनन् । माओवादीहरू बहुदलवादी भइसके तापनि 'नयाँ जनवादी' माओवादीको भूतले उनीहरूलाई सताउन नछाडेको पाइन्छ ।

यस्तो हुनुमा उनीहरू सानातिना कुराहरूमा अल्मलिनु प्रमुख कारण बनेको छ । माओवादीले उठाएका समस्याहरू हल गर्नुको साटो दरवारले पार्टीहरूको अस्तित्वमाथि समेत असोज १८ गते प्रहार गर्‍यो ।

असोज १८ गतेको यो प्रहारको नियत र प्रकृति बुझ्न नै पार्टीहरूलाई महिनौं लाग्यो । अनि 'चन्दको सट्टामा थापाजस्ता' नितान्त प्राविधिक कुरा बुझ्न पनि उनीहरूलाई हप्तौं लाग्यो । यो वीचमा उनीहरू राजाद्वारा माग गरिएको सहमति जुटाएर दरवार गए, त्यो सहमतिलाई दरवारले 'बिन्तीपत्र'मा पतीत गराइदियो र उनीहरूलाई आफ्नो कारिन्दा छान्न इन्कार गर्‍यो । यो इन्कारी पनि यी पार्टीहरूका लागि 'ठूलो रहस्यको पोको' बन्न पुगिरहेछ । यो रहस्य खोल्न नसकेर अझै यी पार्टीहरू 'सूर्यबहादुरको ठाउँमा आफूहरू' रहन पाए हुन्थ्यो भन्नेजस्ता कुर्सी स्वार्थ केन्द्रित दावी गरेर हिँडिरहेछन् ।

यस स्थितिमा मुलुकको मूल समस्या पाखामा परिरहेको छ र यसले पुनः विष्फोटक रूप लिएर माओवादी फेरि हतियार उठाउन फर्कने, अनि देश अनन्त कालसम्म भीषण गृहयुद्धमा फँस्ने संभावना एकातिर प्रष्ट छ भने अर्कोतिर यस्तो भइनसकुन्जेलसम्म दरवारिया प्रतिगामीहरूले मनपरी ढंगले मुलुकलाई चुस्ने र बर्बाद गर्ने

मौका छोपिरहन पाउने भए, मुलुक अरू केही दशक पछाडि पर्ने भयो ।

यदि पार्टीहरूको प्रवृत्ति यस्तो भइरहने हो भने दरवारले एक एक वर्षमा बिन्तीपत्र मागी मागी अहिले चन्द र थापा भएझैं कहिले विष्ट, कहिले देवकोटा, कहिले मण्डल वा राणाआदि आदिलाई कारिन्दा बनाइरहने अनि पार्टीहरू कारिन्दा हुन नपाएकोमा गनगन गरिरहने, कोही कोही लालचीहरू चाहिँ पार्टी छाडेर 'देवीप्रसाद ओभा' बनिरहने संभावना दह्रो देखिन्छ ।

यस्तै भइरहने हो भने पार्टी नेताहरू मुलुकप्रति असंवेदनशील, कुर्सीस्वार्थमुखी र दृष्टिकोणविहिन नाइकेहरू मात्र ठहरिन पुगी एक तव्का निष्पक्ष जनताहरू माओवादीतर्फ र अर्को तव्का दरवारतर्फ लाग्ने प्रबल संभावना रहेको छ । बाँकी बहुसंख्यक जनताहरू पलायनको बाटोमा लाग्ने ठूलो खतरा रहेको छ । मुलुक घोर निराशाको शिकार हुने संभावना रहेको छ ।

यस्तो हुन नदिने हो भने आन्दोलनकारी नेताहरूले अहिले निगाहको होइन, जनहस्तक्षेपको राजनीति थाल्नु जरूरी छ । त्यो भनेको, मुलुकलाई पुनः २०४६ को अन्त्यतिरको स्थितिमा पुऱ्याई, माओवादीसमेतको संलग्नतामा अन्तरिम सरकार खडा गरी नयाँ संविधान निर्माणको दिशामा अघि बढ्नु नै हो । मृत संविधानको दौराको फेर समातेर राजाको स्वविवेकीय निर्णयको दयाको याचना आजको समाधान हुनैसक्दैन । जब मुलुकमा प्रतिगमनका घटनाहरू दशदश वर्षमा दोहोरिरहेका छन् भने त्यस्तो घटना नदोहोरिने गरी त्यसको जरोमै उपचार गर्नु जरूरी छ ।

त्यो भनेको जनता साँच्चै सार्वभौम हुने तरिका, पद्धति र अन्तर-वस्तुसहितको संविधानद्वारा प्रतिगामीहरूलाई साइजमा ल्याउनु र अग्रगमनकारी कार्यक्रम तर्जुमा गरी मुलुकलाई राहत पुऱ्याउनु नै हो ।

बस, हाम्रा आन्दोलनरत् पार्टीहरूको अवस्था कस्तो भयो भने न त उनीहरूले जनताका मागहरूलाई आफ्नो एजेण्डा बनाउन सके, न त उनीहरू नैतिक-सांस्कृतिक बलले युक्त नै हुन सके । उनीहरूले न त आफू सामन्तवाद-साम्राज्यवादको निगाह र कृपाबाट मुक्त जनताको समर्थन र बलमा आधारित सत्ताको पक्षपोषण गर्न सके न त उनीहरूले आफ्नो असक्षमता स्वीकारी त्यसलाई हटाउने दृढ बाचा नै गर्न सके । न त उनीहरूले बहुदलीयता स्वीकारेर आएको नयाँ अन्तरवस्तु सहितको आजको माओवादीलाई नै विश्वास गरेर अघि बढ्न प्रेरित गर्न नै सके, न त माओवादीसँग मिलेर प्रतिगमनको विरोधमा जान नै सके ।

एकदमै विडम्बनापूर्ण रह्यो पार्टीहरूको स्थिति ।

यो स्थितिको अन्त्य गर्न अग्रसर नहुने हो भने मुलुक तीव्र प्रतिगमन र जण्ड प्रतिरोधले पैदा गर्ने विशाल गृहयुद्धको जाँतोमा पिसिने निश्चित छ । यो गृहयुद्धले मुलुकलाई कहाँ पुऱ्याउने हो, यसै भन्न सकिन्न । ❑




श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको ५७ औं शुभ जन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसुफ सरकारको सुख, समृद्धि, सुस्वास्थ्य एवं दीर्घायूका लागि हार्दिक मङ्गलमय शुभकामना चढाउँदछौं ।

नेपाल आयल निगम लिमिटेड



श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको ५७ औं शुभ जन्मोत्सवको सुखद् अवसरमा मौसुफ सरकारको सुख, समृद्धि, सुस्वास्थ्य एवं दीर्घायूका लागि हार्दिक मङ्गलमय शुभकामना चढाउँदछौं ।

नेपाल राष्ट्र बैंक



श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको ५७ औं शुभ जन्मोत्सवको सुखद् अवसरमा मौसुफ सरकारको सुस्वास्थ्य एवं दीर्घायूका लागि हार्दिक मङ्गलमय शुभकामना अर्पण गर्दछौं ।

KMM

काठमाण्डौ मैदा मिल्स्



# आन्दोलनको लक्ष्य जनताको पूर्ण संप्रभुता स्थापित गर्नु हो

**कृष्णप्रसाद सिटौला**
*संगठन विभाग प्रमुख, नेपाली कांग्रेस*

**● अहिले प्रतिगमनविरूद्धको आन्दोलन कसरी अघि बढिरहेको छ ?**

- हाम्रो आन्दोलन शान्तिपूर्ण र संयुक्त आन्दोलन हो । ०४६ सालको जनआन्दोलनबाट प्राप्त उपलब्धिलाई जोगाएर राष्ट्रलाई राजनैतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक समग्र क्षेत्रमा अग्रगामी दिशा प्रदान गर्नु र जनताको पूर्ण सम्प्रभुता स्थापित गर्नु हाम्रो आन्दोलनको लक्ष्य हो । यसको लागि विगत १२ वर्षको संसदीय अभ्यास र शासनसत्ताको अनुभवको आधारमा जनताको पूर्ण सम्प्रभुत्ताको लागि कहाँ के कमजोरी छ, त्यसलाई यो आन्दोलनले सम्वोधन गर्नुपर्छ भन्ठानेका छौं । २००७ सालपछि राजाहरूबाट पटक पटक जनताको सम्प्रभुतामाथि प्रहार भएका छन् । यी कदमहरूलाई पुनः दोहरिन नदिनका लागि के कस्ता संवैधानिक प्रकृयाको निकास खोज्नुपर्छ भन्ने कुरालाई सम्वोधन गरेर आन्दोलनलाई अगाडि लानुपर्छ भन्ने हाम्रो मान्यता रहेको छ । यही वैचारिक धरातलमा उभिएर हामी ५ वटा संसदीय दलहरू मिलेर आन्दोलनका कार्यक्रमहरू बनाउँदै छौं तथा अग्रगमनको साझा दृष्टिकोण र अवधारणा पनि तयार गर्दैछौं ।

**● अग्रगमनका निम्ति मुख्य मुख्य माग र एजेण्डाहरूचाहिँ के के हुन् त ?**

- हाम्रा अग्रगमनका मुख्य मुख्य एजेण्डा र मागहरू यस्ता छन् :

- अहिले राजाको शक्तिको रुपमा रहेको सेनालाई संसदप्रति उत्तरदायी सरकारको पूर्ण नियन्त्रणमा र संचालनमा राख्ने,
- राजालाई एउटा शक्तिकेन्द्रको रुपमा नभई पूर्णतया संसद मातहतको मर्यादित राजसंस्थाको रुपमा मात्र राख्ने ,
- राजाको उत्तराधिकारी बनाउने ऐन संसदबाट बनाउने,
- नारायणहिटी राजदरवारको व्यवस्थापन सबै मन्त्रालयअन्तर्गत ल्याउने,
- राजाको सम्पतिलाई पारदर्शी बनाउने ,
- श्री ५ को सम्वोधन राजा, रानी र युवराजमा मात्र सीमित पार्ने,
- जनतालाई शासनसत्तामा बढीभन्दा बढी सहभागी गराउनको लागि शासनप्रणालीलाई विकेन्द्रित गर्ने र स्थानीय क्षेत्रलाई स्वायत्तता प्रदान गर्ने ।
- गरीवीको रेखामुनि रहेका मानिसहरुको जीवनस्तर माथि उठाउनको लागि विशेष अर्थनीति निर्माण गर्ने,
- महिला, जनजाति, दलित, आदिवासी आदिजस्ता पिछडिएका समूहहरुलाई नीति निर्माणको तहमा नै ल्याएर उनीहरुको राजनैतिक सहभागिता बृद्धि गर्ने विशेष नीति निर्माण गर्ने,
- माओवादी समस्यालाई संवादको माध्यमबाट राजनैतिक रुपले समाधान गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो । त्यसको लागि पनि हामी छलफल गरिरहेका छौं ।

**● तपाईहरूको यो आन्दोलन बाहिरबाट हेर्दा कार्यकर्ता आन्दोलनजस्तो मात्र देखिन्छ । नेताहरूको टाउको फुटाइँदा पनि जनताहरू मूकदर्शक भएर बसिरहेका छन् । ०४६ सालकोजस्तो जनआन्दोलन किन हुन सकिरहेको छैन ?**

- आन्दोलनको शुरू शुरूमा त जनताको सहभागिता हामीले पाउन सकेनौं । तर अहिले जनताको समर्थन र सहभागिता बढ्न थालेको छ । सडक सडक र घरघरबाट जनताको प्रतिक्रिया आउन थालेको छ । शुरूमा जनताको सहभागिता नहुनुको कारण पनि छ । मुख्य कारण त हामीले संयुक्त जनआन्दोलन शुरू गर्न नै ढिला गऱ्यौं । हामीले आन्दोलन प्रतिगमनको लगत्तै अथवा माघ फागुनमा नै शुरू गरेको भए अहिलेसम्म यो आन्दोलन धेरै उँचाइमा पुगिसक्थ्यो ।

**● गएको १२ वर्षमा राजनैतिक दलहरू जनताको निम्ति राम्रो काम गर्नुको सट्टा निजी स्वार्थ र कुर्सी स्वार्थमा नै व्यस्त रहे, अहिले पनि कुर्सीस्वार्थकै निम्ति यो आन्दोलन गरिएको हो भन्ने आम जनताको भनाइप्रति तपाईको प्रतिक्रिया के छ ?**

- कहिलेकाहिं मानिसहरूबाट गल्ती हुन्छ । आफूले गरेको गल्तीलाई स्वीकारेर र त्यसलाई सच्च्याएर अगाडि बढ्नु मानिसको महानता हो । विगत १२ वर्षमा पार्टीहरूले राज्यसत्ता संचालन गर्दा सत्तामा पुग्ने कतिपय मानिसहरूमा मानवीय कमजोरीले गर्दा कतिपय विकृति, विसंगति र भ्रष्टाचार पनि भए होलान्, यो हामी अस्वीकार गर्दैनौं । तर यो बहुदल आएपछिमात्र विकास भएको कुरा होइन । ३० वर्षे पंचायती शासनले नै यी सबै कुराहरू संस्थागत गरिदिएको थियो । त्यसलाई बहुदलको शुरू समयमा नै उखेल्नको लागि हामीले प्रयत्न गर्नुपर्थ्यो, तर हामीले त्यसो गरेनौं । पुरानै प्रवृत्ति र संस्कारले निरन्तरता पायो । त्यसमा गल्ती भएको छ ।

तर, जे होस् यो संसदीय व्यवस्थाले जनमतलाई स्वीकार गरेर भ्रष्टाचार नियन्त्रण गर्ने कानून त बनायो । अहिले जसले कानून बनायो उसैमाथि कार्वाही भएको छ । कमसेकम आफैले बनाएको कानूनबाट आफैले दण्ड भोग्न तयार त भए । भर्खरै बसेको नेपाली कांग्रेसको बैठकले १२ वर्षका आफ्ना गल्ती, कमजोरीलाई स्वीकारेर अब त्यसो हुन नदिन अग्रगमनको नीति र कार्यक्रम प्रकाशित गरिसकेको छ ।

**● यो १२ वर्षमा सत्तामा गएकाहरूबाट केही गल्ति कमजोरीहरू भए भन्ने कुरा त तपाईले स्वीकार गर्नुभयो । अब यो आन्दोलन सफल भएर तपाईहरू फेरि सत्तामा जानुभयो भने त्यही गल्ति दोहोरिँदैन भन्ने ग्यारेण्टी के छ ?**

- यो १२ वर्षमा पार्टीहरूले गरेको गल्ती-कमजोरी उनीहरू सत्तामा गए भने दोहरिँदैन । यसको लागि मुख्य कुरा त जनतासँगको प्रतिवद्धता हो । हामी अब यो ढंगले अगाडि बढ्छौं भनेर हामीले जनताको वीचमा सार्वजनिक ढंगले प्रतिवद्धता जाहेर गरिरहेका छौं । यसको लागि अहिले हामीले साझा कार्यक्रम पनि बनाउँदै छौं ।

**● नेकपा (माओवादी), संयुक्त वाममोर्चा र नेपाली कांग्रेस(प्रजातान्त्रिक)ले पनि त प्रतिगमनविरूद्ध नै आन्दोलन गरिरहेका छन् । तपाईहरू पनि त्यसैको लागि आन्दोलन गरिरहनु भएको छ । यस स्थितिमा पनि सबै राजनीतिक शक्तिहरूबीच संयुक्त आन्दोलनको निम्ति किन सहमति हुन सकिरहेको छैन ? किन तपाईहरू संकीर्ण भइराख्नुभएको छ ?**

- यो जनआन्दोलन सफल पार्नको लागि सबै राजनैतिक दलहरूलाई संगै लिएर जानुपर्छ भन्नेमा हामी छौं । हामी ५ संसदीय दलहरूले

सार्वजनिक गरेका छौं । त्यसमा सहमति हुने सबै राजनैतिक दलहरूलाई संगै लिएर जाने हाम्रो लिखित प्रतिवद्धता पनि छ। फेरि अहिले हामी संयुक्त जनआन्दोलनको दृष्टिकोण र अवधारणामा आधारित भएर अग्रगामी कार्यक्रम बनाउँदैछौं । त्यो कार्यक्रममा सहमत हुने सबै राजनैतिक दलहरू आन्दोलनमा आउन सक्छन् ।

माओवादीका नेताहरूसँग पनि हामीले बारंबार भेटेर कुराकानी गरिरहेका छौं । हामीहरूले उहाँहरूसँग भनिरहेका छौं कि वार्ताको टेवुलबाट पनि र आन्दोलनबाट पनि अग्रगामी निकासको लागि सशक्त प्रयास गर्नुपर्छ । त्यसैले वार्ता र सडकको एजेण्डा एउटै बनाऔं । उहाँहरूले पनि यसलाई स्वीकार गर्नुभएको छ । तर माओवादीसित हतियार रहेसम्म हामी उहाँहरूसित मिलेर संयुक्त आन्दोलनचाहिं गर्दैनौं, तालमेल समझदारी हुनसक्छ ।

**● वार्ता र आन्दोलनको एजेण्डामा एकमत हुन किन ढिलाइ भएको ?**

- हामीले अग्रगमनको निम्ति हाम्रो मुख्य विषयवस्तु अगाडि सार्दैछौं ,माओवादी साथीहरूलाई पनि उहाँहरूको मुख्य विषयवस्तु अगाडि सार्नुस् भनेका छौं । हामी ५ वटा दलहरूको अब बन्ने अग्रगामी साझा कार्यक्रम उहाँहरूले पनि हेर्नुहोला, उहाँहरूको कार्यक्रम पनि हामी हेर्छौं । त्यसको बीचमा मिलनविन्दू छ कि छैन हेरेर एउटै माग र साझा एजेण्डा तय गर्नुपर्ने हुन्छ ।

**● यदि माओवादीले वार्तामा अगाडि सारेको गोलमेच सम्मेलनबाट अधिकारसम्पन्न सर्वदलीय सरकार गठन गर्न र संविधानसभाको निर्वाचन घोषणा गर्न सकियो भने देशमा प्रतिगमन परास्त हुँदैन र ? यसरी पनि अग्रगमनको निकास खुल्न सक्दैन र ?**

- हाम्रो मान्यता के छ भने यो प्रतिनिधिसभाको विघटन राजाबाट गराइएको हो । त्यसैले प्रतिनिधिसभाको पुनर्स्थापना हुनुपर्छ भन्ने हाम्रो मान्यता हो । अहिले हाम्रो स्पष्ट धारणा के छ भने दलहरूको सिफारिसमा राजाले प्रधानमन्त्री नियुक्ति गर्ने, त्यो सरकारले प्रतिनिधिसभाको पुनर्स्थापना गर्ने र संसद पुनर्स्थापनापछिको पहिलो काम माओवादीसँग वार्ता गरेर माओवादी समस्या समाधान गर्ने । मलाई विश्वास छ-माओवादीसँग हुने त्यो वार्ताबाट साझा बिन्दुमा पुग्न सकिन्छ । अहिलेको मुख्य मुद्दा भनेको राजनैतिक मुद्दा हो । राजनैतिक मुद्दा समाधान भएपछि अरू मुद्दामा जान सकिन्छ । यो संविधानमै टेकेर प्रमुख राजनैतिक मुद्दाको समाधान गरौं भन्ने हाम्रो विचार हो । माओवादीको माग छ - संविधानसभाको निर्वाचन । हामीले भनेका छौं - संविधानसभामार्फत् नयाँ संविधान अथवा संविधान संशोधनबाट अग्रगामी निकास । संविधानसभा त एउटा प्रक्रियामात्र हो, आफैं लक्ष्य होइन । संविधान संशोधन पनि प्रक्रिया मात्र हो । माओवादीहरूले अघि सारेका राजनैतिक पद्धति संविधान संशोधनबाट प्राप्त गर्न सकिन्छ कि सकिँदैन हामी हेर्न चाहन्छौं । तर अहिले प्रक्रियाको कुरा छाडौं र अग्रगमनका आ-आफ्ना गुदी विषयहरू अघि सारौं, त्यो विषयलाई टेवुलमा राखेर हेरौं, लक्ष निर्धारण गरौं र लक्ष प्राप्तिको लागि जुन प्रक्रियाबाट जान सकिन्छ त्यताबाटै जाऔंला ।

तर चिन्ताको विषय के छ भने अहिले पनि माओवादी छापामारहरूबाट नेपाली कांग्रेसका कार्यकर्ताहरू अपहरण भएका छन् र मारिएका छन् । यदि माओवादीबाट भएको होइन, माओवादीको नाममा अरू कसैले गरेको हो भने उहाँहरूले सार्वजनिक रूपमा बोल्नु पर्‍यो ।

**● राजाबाट संविधानका मुख्य गुदीहरू निष्कृय पारेर संविधानलाई मृतप्रायः तुल्याइएको छ । तैपनि तपाईहरू किन त्यही संविधान नै च्यापेर बसिरहनु भएको छ ? किन त्यसैलाई टेकेर अगाडि बढ्ने कुरा गरिरहनु भएको छ ?**

- अहिले म संविधान मृतप्रायः भइसकेको छ भन्न सक्दिन । संविधानका केही पक्ष, खासगरी राजनैतिक पक्ष निष्कृय र अवरूद्ध भएका छन् । राजाले निष्कृय पारेका संवैधानिक व्यवस्थालाई सक्रिय पार्नु भनेको राजाको शक्तिलाई खोस्नु हो । त्यसैले अहिले संसद पुनर्स्थापना गर्नु नै देशलाई अग्रगामी दिशामा लैजाने एउटा प्रक्रिया हो । संस्दको पुनर्स्थापना गर्ने र सरकार बनाउने मात्र हाम्रो लक्ष्य होइन । यो त लक्ष्यमा पुग्ने एउटा माध्यम मात्र हो । यही माध्यमबाट हामी माओवादीसित वार्ता गर्दै चाहिएको दिशामा अगाडि बढ्न सक्छौं ।

**● जनतालाई वास्तविक रूपमा सार्वभौम बनाउने सर्वश्रेष्ठ प्रजातान्त्रिक माध्यम भनेको संविधानसभा हो । नेपाली कांग्रेस र नेकपा (एमाले) बाहेक सबैजसो पार्टीहरू संविधानसभाको पक्षमा आइसकेका छन्, तपाईहरू संविधानसभाको पक्षमा आउन किन हिचकिचाइरहनु भएको छ ?**

- संविधानसभा, जनमत संग्रह, निर्वाचनजस्ता विषयहरूमा कुनै पनि प्रजातन्त्रवादीहरूको कहिल्यै पनि आपत्ति हुँदैन । यो शाश्वत मान्यता हो । तर ००७ सालमा घोषणा भएको संविधानसभा ००८ सालपछि हराउँदै ०१५ सालमा राजा महेन्द्रले आफूखुसी संविधान बनाएको, ०३६ सालको जनमत संग्रहमा निसंकुश पंचायतलाई जिताएको कटु यथार्थ हामीसँग छ । त्यसैले नेपालको राजनैतिक परिप्रेक्ष्यमा राजाहरूबाट हुने गरेका प्रतिगमनका कदमहरूको मूल्याङ्कन गर्दा हामीहरू हठात यस्ता विषयमा हामफाल्नु हुँदैन । संविधानसभाबाट ०४६ सालको जनआन्दोलनबाट प्राप्त अधिकार खोसिने संभावना पनि छ । त्यसैले अहिले संसदमार्फत् ०४६ सालको उपलब्धिको जगमा उभिएर अघिबढौं भन्ने हाम्रो भनाइ हो ।

**● तपाईले अघि उठाउनु भएको सेनालाई संसदको मातहतमा ल्याउने, राजालाई वास्तविक रूपमा संवैधानिक बनाउने, जनमत संग्रह आदिजस्ता कुराहरू यही संविधानमार्फत् गर्न सकिन्छ त ?**

- यो संविधानको प्रस्तावना अपरिवर्तनीय होइन । प्रस्तावनाको भावना अपरिवर्तनीय हो । मेरो विचारमा प्रस्तावनाको भावना भनेको जनतामा निहित सार्वभौमसत्ता र राजकीयसत्ता हो । यही संविधानमा टेकेर जनतामा निहित सार्वभौमसत्ता र राजकीय सत्तालाई सुदृढ गर्ने गरी संवैधानिक र राजनैतिक मुद्दामा जनमत संग्रह गर्न सकिने व्यवस्था गर्ने भनेर हामीले भनेका छौं । यो काम राजाको घोषणामा होइन, संसदको निर्णयमा हुने व्यवस्था गर्नुपर्छ भन्ने पनि नेपाली कांग्रेसको मान्यता छ ।

**● अहिले थापा सरकारले 'सर्वदलीय सरकार' गठन गरेर प्रनिनिधिसभाको चुनावको घोषणा गर्ने टड्कारो संभावना देखिन्छ । त्यसो गर्‍यो भने त्यसमा तपाईहरूको समर्थन र सहभागिता रहन्छ कि रहँदैन ?**

- थापा सरकार प्रतिगमनकै अर्को रूप हो । चन्द सरकार र यो सरकारमा कुनै तात्विक अन्तर छैन । थापा सरकार दरवारिया षडयन्त्रको एउटा उपज हो । यो सरकार दरवारको लाचार छायाँ मात्र हो । यो सरकारले जे जति गर्ने हो राजाको निर्देशनमा गर्ने हो । उसले स्वतन्त्र रूपमा केही गर्नै सक्तैन । त्यसैले उसले न सर्वदलीय सरकार गठन गर्न सक्छ, न संसदको चुनाव गर्न सक्छ न त देशको समस्या नै समाधान गर्न सक्छ । त्यसकारण थापा सरकारलाई पूर्ण वहिष्कार गरेर आन्दोलनलाई अगाडि बढाउनुपर्छ । त्यसमा हामी सहभागी हुने र चुनावमा जाने हाम्रो नीति छैन ।

**● कार्यकारी अधिकार राजाले मन्त्रिपरिषदलाई फिर्ता दिइसकेका छन् , त्यसैले यो आन्दोलन औचित्यहीन छ भनेर प्र.मं. थापाले भनिरहेका छन् । तपाई यो आन्दोलनको औचित्य कसरी प्रमाणित गर्नुहुन्छ ?**

- कार्यकारी अधिकार राजाले 'दिएँ र लिएँ' भन्दैमा हुने कुरा होइन । यो संविधानतः प्राप्त गर्ने कुरा हो । जनताको सिफारिसमा प्रधानमन्त्रीको नियुक्ति भएको छ भने त्यहाँ कार्यकारिणी अधिकार हुन्छ । जनताको सिफारिस भनेको संसदको सिफारिस हो । संसद नभएको बेलामा प्रमुख राजनैतिक दलहरूको सिफारिस हो । राजाको निगाह र स्वेच्छामा नियुक्ति भएको प्रधानमन्त्रीमा कार्यकारिणी अधिकार आयो भनेर कसरी मान्ने ?

**● आन्दोलनमा अरू पार्टीहरूको भूमिका कस्तो देखिरहनु भएको छ ?**

- संयुक्त आन्दोलनमा लागिरहेका हामी ५ वटा दलहरूको बीचमा विश्वास, एकता र समझदारी राम्ररी विकास भएको छ । कहिलेकाहीं नेपाली कांग्रेस र नेकपा(एमाले)का केही नेताहरूले बोलेको कुराबाट तरंग त उठ्छ, तर त्यसलाई सामान्य रूपमा लिएका छौं ।

❑ प्रस्तुति : मुक्ता श्रेष्ठ

लोकतन्त्रको मोडेलबारे बहसमाथिको बहस

# लोकतान्त्रिक पद्धति निर्धारणको प्रक्रिया

● श्रीकृष्ण अनिरुद्ध गौतम



**(सर्वप्रथम)** लोकतन्त्र, लोकतान्त्रिक संस्था, लोकतान्त्रिक सरकारजस्ता शब्दावलीहरूको प्रष्ट परिभाषा र त्यो परिभाषामा सहमति हुनु जरूरी छ । यी शब्दहरूको जथाभावी प्रयोगले मानिसलाई भुक्याउँछ । यी शब्दावलीहरूको परिभाषा र परिभाषामा सहमति नहुँदा पाखण्डी र तानाशाहहरूले यिनको दुरूपयोग गर्ने अवसर पाउँछन् (र पाइआएका छन् ) ।

– अलेक्स दे तक्वभिले

कुनै पनि विषयमा प्रष्ट नहुनाले नेपालमा सधैंजसो राजनीतिक घटनाहरू विचारभन्दा अगाडि छन् । त्यसैले यहाँ सार्थक विचार नबन्दै घटनाहरूले समयलाई उछिन्ने गरेका छन् । घटनाहरू राजनीतिक पात्रहरूका खण्डित मानसिकताका उपजका रूपमा आउने गरेकाले विचारलाई घटनाले उछिन्ने गरेको हो । वास्तवमा पात्रहरूमा विषयवस्तुबारे पर्याप्त ज्ञानको अभावका कारण घटनाहरू विचारभन्दा अगाडि हुन्छन् र पात्रहरू घटनाको पछिपछि दगुर्न बाध्य हुन्छन् । निश्चित, स्थिर र परिपक्व विचार संश्लेषणको अभावमा घटनाहरू क्रमशः दुर्घटनाहरूमा परिणत हुन्छन् । नेपालका यावत् असम्बोधित समस्याहरूको बीजतत्त्व यहाँका राजनीतिक पात्रहरूको अविकसित र अपरिपक्व मानस-संसार हो, यद्यपि यो कथन कठोर छ, तर सत्य हो ।

यो मुलुकमा लोकतान्त्रिक प्रणाली अस्थिर हुनु, उद्देश्यविमुख हुनु र विफल देखिनुको प्रमुख कारण यहाँका प्रायः हरेक राजनीतिक पात्र, राष्ट्रलाई केन्द्रमा नराखेर आफूलाई अनुकूल हुने धारणा, जुन मनोगत हुन्छ त्यसैलाई नै विचार भन्दछन् । उनीहरू विचारको स्तरमै नपुगेका मनोगत धारणाबाट प्रेरित भएर काम गर्दछन् वा गर्न खोज्दछन्, त्यसैले यहाँ एकपछि अर्को राजनीतिक दुर्घटना भइरहन्छ र त्यसैको उपचार खोज्दाखोज्दै समय व्यतीत भइरहेको छ ।

**यसबीच, मुलुक राजसंस्था बिना पनि सबल र स्वतन्त्र रहन सक्छ भन्ने एउटा ठूलो समूह तयार भएको छ**

ठालु र सामन्ती चरित्रको संसदीय शासन प्रणालीका माध्यमबाट शासन गर्न चाहने संसद्वादी राजनीतिक दलको नेतृत्वपंक्ति, हिंसात्मक विद्रोहका माध्यमबाट राज्यसत्ताको चरित्र बदल्न चाहने नेपाल कम्युनिस्ट पार्टी (माओवादी), अनि सैन्यबल र प्रतिहिंसाका बलमा जर्जर परम्परावादी राजशाही चलाउन चाहनेहरू यहाँका प्रमुख राजनीतिक पात्रहरू हुन् । यहाँका प्रमुख राजनीतिक पात्रहरूको आफ्नै संकीर्ण मनोगत धारणाको संसार छ र उनीहरू आफ्नो अनुकूलको व्याख्यालाई नै सर्वोत्कृष्ट ठान्दछन् । राष्ट्रजीवनको उन्नतिलाई आफ्नो राजनीतिको ध्येय बनाउने अभिप्रेरणाको अभाव नै नेपाली राजनीतिक पात्रहरूको स्वभाव रहिआएको छ, जसका फलस्वरूप देश र जनजीवनका लागि संकटपूर्ण अवस्था नेपालको स्थायी समस्या भएको छ । त्यसैले यहाँ के भन्न सकिन्छ भने, संकट वर्तमानमा मात्र छैन, यथार्थमा नेपाल हमेशा संकटग्रस्त थियो र छ ।

निश्चय नै वर्तमान दशकमा नेपालमा अरू संकटहरू थपिएका छन् । संकटका अनेक आयामहरू छन् र हरेक आयाम, स्वयंमा जटिल छन् । तर, यस दशकको संकट, यही दशकको निर्मिति होइन, यसका पछाडि बितेका शताब्दीहरूदेखि नै असम्बोधित रहेका राजनीतिक, सामाजिक, आर्थिक, प्रशासनिक र राज्य सिर्जित समस्याहरू छन् । अनि, वर्तमान दशकमा, थपिएका र संचित समस्याहरू निकै तीव्रतापूर्वक मुखरित भए । यस अर्थमा, यो दशकमा नेपाल समस्याहरूको कोलाजका रूपमा प्रस्तुत भयो । यसमा एउटा विशिष्ट पक्ष छ– जनआन्दोलन, २०४६ का फलस्वरूप आएको राजनीतिक उदारताको परिवेशमा समस्याहरू सजिलै मुखरित भए । तर हामीले अवलम्बन गरेको संसदीय शासन प्रणाली र त्यस प्रणालीका सञ्चालकहरूले उपस्थित चुनौतीहरूको दबाब सहन सकेनन् । किनभने, सामन्ती सामाजिक अन्तर्सम्बन्धहरूमा आधारित नेपालको केन्द्रीकृत राज्यसंरचना यथावत राखेरै लोकतन्त्रको अभ्यास गर्न खोजियो । सामन्ती केन्द्रीकरण र लोकतन्त्र परस्परविरोधी मान्यताहरू हुन्, तर यी परस्परविरोधी मान्यताहरूलाई एकै ठाउँमा बलपूर्वक राख्न खोज्नाले संकटबाटै संकटहरूको उत्पत्ति भएको हो । त्यसैकारण मुलुकको शासन व्यवस्थामा जटिलतामाथि अवाञ्छित जटिलताहरू थपिएका हुन् । र मुलुकमा समस्याहरूको जन्जाल खडा भएको हो । जे हुनु पर्दथ्यो, त्यो नहुनाले नै जटिलताहरू असाधारण हुन पुगेका हुन् । यसमा दुई मत छैन ।

तर विभिन्न पक्षबीच के हुनुपर्दथ्यो र हुनुपर्दछ भन्ने विषयमा धेरै नमिल्दा मतभेदहरू छन् । परस्पर बाझिने विचारहरू छन् र ती परस्पर बाझिने विचारहरूको केन्द्रमा राजसंस्था रहिआएको छ । किनभने, नेपाल राष्ट्रको उद्भवदेखि नै देश प्रत्यक्ष र अप्रत्यक्ष रूपमा राजाहरूबाट शासित रहँदै आएको छ । सात सालको क्रान्ति र २०४६ सालको जनआन्दोलनको जतिसुकै प्रसंशा गरे पनि, नेपालको राजनीतिक मानस र व्यवहारमा प्रजातन्त्रकालमा समेत राजाको पक्ष सबल रहिआएको मान्नै पर्छ । तर, यस एक दशकमा जनमानसमा राजसंस्थालाई हेर्ने दृष्टिकोणमा तीव्रतापूर्वक परिवर्तन आएको छ । राजसंस्था चाहिन्छ र चाहिँदैन, जस्ता विषयहरू जनमानसमा छलफलमा आएका छन् । यस बहसलाई जतिसुकै निषेध गरे पनि, छलफलको परिधि शहरका सचेत वर्गमा मात्र सीमित रहेको छैन । छलफल गाउँहरूमा समेत विस्तारित भएको छ । निश्चय नै, यसको श्रेय २०४६ पछिको उदार लोकतान्त्रिक परिवेश र अनेक दोषका बावजुद नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को विद्रोहलाई पनि जान्छ । तर, यति हुँदाहुँदै पनि राजसंस्थाकाबारेमा व्यवस्थित र खुल्ला छलफलका लागि निश्चित प्रक्रिया निर्धारण गर्नु जरूरी छ भन्ने विषयतर्फ राजनीतिक पात्रहरूको गम्भीरतापूर्वक ध्यान गएको छैन ।

यसबीच, मुलुक राजसंस्था बिना पनि सबल र स्वतन्त्र रहन सक्छ भन्ने एउटा ठूलो समूह तयार भएको छ । अनि, यसका साथै राजसंस्था बिना मुलुकको भविष्य छैन भन्नेहरू पनि बहसमा आएका छन् । तर, विशेष गरेर जेष्ठ १९, २०५८ मा राजा वीरेन्द्रको सवंश विनाश र राजा ज्ञानेन्द्रको गद्दीआरोहणको घटनालाई नेकपा ( माओवादी)ले नेपालमा राजसंस्थाको अन्त्यका रूपमा सर्वव्यापी तुल्यायो र गणतन्त्रको संस्थागत विकास गर्ने एजेन्डा अघि सार्‍यो । कसैलाई मन परे पनि, नपरे पनि माओवादीको त्यस अभियानले नेपालको यस परम्परागत संस्थामाथि ठूलो प्रश्न चिन्ह खडा गर्‍यो । तर, छाडा गालीगलौजबाहेक राजावादीहरूले यस प्रश्नको कुनै तार्किक उत्तर दिन सकेनन् र दिएका पनि छैनन् । झन् राजा ज्ञानेन्द्रले असोज १८, २०५९ को शाही घोषणाद्वारा निर्वाचित सरकारलाई बर्खास्त गरेर शासनसत्ता आफ्नो अधीनमा लिएपछि मुलुकका मुख्यप्रवाहका

राजनीतिक दलका समर्थकहरूसमेत राजसंस्थाप्रति आलोचनात्मक हुँदै गएका र क्रमशः उनीहरूको आलोचना कठोर हुँदै गएका छन् । नेपालको उन्नति र लोकतान्त्रिक अभ्यासका लागि राजसंस्था नै प्रमुख बाधकका रूपमा चित्रित हुन थालेको छ । राजाविरोधी भावविस्तारका निम्ति वास्तवमा जेष्ठ १९, २०५८ को दुर्दान्त घटना र असोज १८, २०५९ को शाही हस्तक्षेपले ठूलो बल पुऱ्याएको छ ।

यसका साथै जनप्रतिनिधिमूलक संस्थाहरूको अभाव र विभिन्न रूप र आकारमा राजाको प्रत्यक्ष शासन तथा शासनको आधिकारिकताको समस्याजस्ता विषयहरू पुनः अगाडि आएका छन् । राजनीतिक दलहरू, जो असोज १८ पूर्व अत्यन्तै आलोचित हुन पुगेका थिए, यसबीच जनमानसमा ती दलहरूको पुनः सक्रिय प्रभाव-विस्तार भइरहेको छ । यद्यपि, आन्दोलनकारीहरूको नेतृत्वपंक्ति यसनिम्ति तैयार नभएपनि र दलहरूको आन्दोलनको नारा प्रतिगमनविरूद्ध गुञ्जित भए पनि वास्तवमा समर्थकपंक्तिबीच आन्दोलन राजाविरोधी नारा र एजेन्डामा केन्द्रित हुँदै क्रमशः गणतन्त्रोन्मुख हुँदै गएको छ । अनि यसैको समानान्तर, माओवादीको युद्धविराम र शान्तिवार्ता व्यवस्थित हुन नसकिरहेकाले माओवादी समेत सडक आन्दोलनतर्फ उन्मुख हुन थालेको छ । यस परिवेशमा प्रतिगमनविरोधी दलहरूको आन्दोलन र माओवादीको दबाब आन्दोलन कुनै पनि ठाउँमा पुगेर मिल्न सक्ने सम्भावनाहरू बढ्दै गएको यथार्थलाई अस्वीकार गर्न सकिँदैन । मुख्यप्रवाहका दलहरू र माओवादीका बीच आन्दोलनका एजेन्डामा सहमति हुनासाथ मुलुकका सम्पूर्ण राजनीतिक शक्तिहरूको प्रमुख माग राजसंस्थाको विस्थापनमा केन्द्रित हुन सक्नेछ र त्यसका लक्षणहरू पनि देखिन थालेका छन् ।

फेरि, निश्चय नै यसबीच, नेकपा (माओवादी)ले नयाँ मोडेलको प्रजातन्त्रका नाममा आफ्ना धारणाहरू सार्वजनिक गरेको छ । नेपाली कांग्रेसमा समेत राजसंस्थालाई पूर्ण संवैधानिक बनाउने र संसदीय अभ्यासलाई परिमार्जित गर्नुपर्ने धारणाहरूको प्रवेश भएको छ । त्यसैगरी अन्य संसद्वादी राजनीतिक दलहरूका धारणाहरू पनि सार्वजनिक भएका छन् । तर, यी र यस्ता सम्पूर्ण प्रकरणहरूमा नागरिक सर्वोच्चताको विषयलाई प्रमुखता दिइएको छैन । त्यसैकारण संसद्वादी दलहरू र माओवादी दुवैथरीका एजेन्डा लोकतन्त्रका हकमा अपूरा र अस्पष्ट छन् । सामन्ती सामाजिक अन्तर्सम्बन्धहरूमा आधारित केन्द्रीकृत राज्यसंरचना नै यथार्थमा नेपाल र नेपालीहरूका समस्याहरूको प्रमुख कारक तत्त्व हो, जहाँ नागरिकको कुनै स्वतन्त्र हैसियत छैन । यसले हरेक नेपालीलाई निरीह बनाएको छ, आत्मउन्नतिको अधिकार प्रदान गरेको छैन ।

तर, आश्चर्यको कुरो त के भने, यहाँ लोकतन्त्रका एजेन्डा र केन्द्रीकृत राज्यवादी संरचनाको वकालत एकैसाथ एकै ठाउँबाट भइरहेका छन् । वास्तवमा नागरिकमाथि राज्यको स्वामित्व र वर्चस्व रहेसम्म, त्यहाँ सार्थक लोकतन्त्रको प्रवेश हुन सक्दैन । त्यसैले आजसम्मका राज्यसम्बन्धी समस्त विचारहरूमाथि पुनर्विचारको तत्परता नभएको नयाँ मोडेल कस्मेटिकमात्र हुनजान्छ । राजालाई संवैधानिक बनाएर राख्दा सबै काम सुचारू हुन्छ भन्ने २००७ को क्रान्ति र संविधान, २०४७ का प्रयोगहरू नराम्ररी असफल भएका छन् । निर्दलीय पञ्चायतका सक्रिय राजा त त्यसै विफल थिए, जसको पुष्टि जनआन्दोलन, २०४६ बाट स्वतः भइसकेको छ । त्यस्तै, संसदीय शासन प्रणालीमार्फत् नेपालको आत्मउन्नति र नेपालीहरूको अधिकारको रक्षा पनि हुन सकेको छैन । यी इतिहाससिद्ध यथार्थहरू हुन् । किन र के कारणले यी विधिहरू विफल भए र हुने गरेका छन् भन्ने विषयमा, सर्वप्रथम आफ्ना समस्त मोडेलवादी धारणाहरूलाई पन्छाएर तथा सर्वथा पूर्वाग्रहमुक्त भएर राज्यमाथि नागरिक स्वामित्व सुनिश्चित गर्ने उपायको खोजी नभइन्जेल विफल भइसकेका मोडेलमा सुधार वा नयाँ मोडेल भनेर मात्र मुलुक र जनताको स्वतन्त्रताको भविष्य सुनिश्चित हुने अवस्था छैन ।

किनभने, राज्यको चरित्रमा समूल परिवर्तन नहुँदा पुराना राजनीतिक पात्रहरूले नै वैधता प्राप्त गर्नेछन् र पुराना पात्रहरूको निरन्तरताले नेपाललाई पुनः अतीतकै समस्याहरूमा अल्झाएर राख्ने छन् । पुराना पात्रहरूको प्रेस्क्रिप्सनमा तयार हुने प्रणाली पुरानोकै निरन्तरता हुनेछ । उनीहरूको सिफारीसमा बन्ने मोडेल पनि उनीहरूकै प्रतिबिम्ब हुनेछ । त्यसैले, राज्य संरचनाको स्वरूप र शासन प्रणालीबारे निर्णय जनताका नाममा कसैले गर्ने वा गरिदिने काम गर्नुहुँदैन, जनताले नै गर्नुपर्छ । किनभने, देशको शासन प्रणालीबारे प्रेसक्रिप्सन दिने अधिकार केवल जनतालाई छ । जनताबाट कुनै सम्मति नै नलिइ जतिसुकै उत्कृष्ट मोडेलको प्रस्ताव अघि सारे पनि, त्यो मोडेल जनतालाई मान्य हुनुपर्छ भन्ने छैन ।

पुराना र विफल राजनीतिक पात्रहरूलाई वैधता प्रदान गर्ने प्रणाली नयाँ हुन सक्दैन किनभने नेपाली राजनीतिका प्रमुख पात्रहरू सहजै नागरिक सर्वोच्चताको मान्यतामा विश्वास गर्दैनन् । उनीहरू आफ्नो अनुकूलको शासन प्रणालीलाई नै, जनताको मोडेल भन्ठान्छन् । अनि, जबसम्म यो प्रवृत्ति यथावत रहन्छ, तबसम्म परस्पर मतैक्य कायम हुनै सक्दैन । प्रमुख राजनीतिक दलहरू र माओवादीबीच मतभेदको कारण पनि यही हो तथा राजा र दलहरूबीचको विवाद पनि यही हो । यी मतभेद र विवादहरू परस्परमा कुराकानी गरेर कहिल्यै टुङ्गिदैनन् र कहीं पनि टुङ्गिएका छैनन् । सम्पूर्ण मतभेद र विवादको टुङ्गो लगाउने एउटै ठाउँ छ– त्यो ठाउँ हो जनता, र आधार हो– नागरिक सर्वोच्चताप्रति पूर्ण विश्वास । अनि, यस विपरीत हुने सम्पूर्ण कार्यहरू, चाहे जतिसुकै मिहिनेतका साथ अभ्यास गरिए पनि, लोकतान्त्रिक हुनै सक्दैनन्, ती अभ्यासहरूले अधिनायकवादलाई नै वैधता प्रदान गर्छन् । किनभने, अधिनायकवाद लाद्नेहरू पनि प्रकटमा जनताकै नाम लिन्छन् र लोकतन्त्रप्रति ओठेभक्ति पनि व्यक्त गर्छन् । जनताको नाम लिँदैमा कुनै पद्धति लोकतान्त्रिक भइहाल्दैन । वास्तवमा जनताबाटै बन्ने पद्धतिमात्र लोकतान्त्रिक हुन्छ ।

सिधै जनताबाटै राज्य संरचनाको स्वरूप र शासन प्रणाली निर्धारण गर्ने प्रक्रियामा प्रवेश गर्नका लागि जनताबाटै आदेश लिनुपर्ने हुन्छ । आदेश मात्रै लिएर पनि हुँदैन, प्रक्रियामा जनता नै आफैं संलग्न हुनुपर्छ । यसनिम्ति संविधानसभा गठनका लागि निर्वाचनको विषयमा सहमत हुनु नै सबैभन्दा मौलिक र लोकतान्त्रिक उपाय हो । अनि, संविधानसभामै सबैका धारणाहरू अभिव्यक्त हुने प्रक्रिया निर्धारण गरेर त्यहीं नयाँ मोडेलको रचना हुनुपर्छ किनभने, जनताकै स्वामित्व भएको संप्रभुसभाले निर्धारणगर्ने मोडेल मात्र यथार्थमा जनताको, जनताका लागि र जनताद्वारा निर्माण गरिएको ठहर्छ । वास्तवमा विगतका हाम्रा यावत् राजनीतिक प्रयोगहरू विफल हुनाको एउटा प्रमुख कारण मुलुकको संविधान निर्माणजस्तो प्रक्रियामा समेत जनतालाई पन्छाउने प्रवृत्ति हो । नेपालको सामूहिक भविष्यको तस्वीर बनाउने काम, जनताको प्रत्यक्ष संलग्नतामा नहुन्जेल नयाँ र पुराना मोडेलबीच अस्वस्थ द्वन्द्व र अस्थिरताको अटुट श्रृंखला चलिरहने छ । जनताको मोडेलका लागि क्रान्तिको परिकल्पना गरिरहनुपर्नेछ । अनि, सम्झौतामा पुगेर रोकिने अधकल्चा क्रान्ति र आन्दोलनहरूले अग्रगमनविरोधीहरूलाई वैधता प्रदान गरिरहने छन् । यी श्रृंखलाहरू अन्त्य गर्न सर्वप्रथम जनताबाटै संविधान बन्नुपर्ने निष्कर्षमा पुग्नुपर्छ र मोडेलको प्रेस्क्रिप्सन पनि जनताले नै दिनुपर्छ । यस सन्दर्भमा म फेरि, तर्कभिलेलाई नै उद्धृत गर्न चाहन्छु– "यथार्थमा राजनीतिक स्वतन्त्रता नै लोकतन्त्रका उपस्थितिको मुख्य आधार हो । अनि यसका साथै, लोकतन्त्रले एउटा शासन प्रणाली निर्धारण गर्दछ तर त्यो शासन प्रणालीमा यदि जनताको संलग्नता र सहभागिता छैन भने, त्यो लोकतन्त्र नै होइन ।" ❑

> राज्य संरचनाको स्वरूप र शासन प्रणालीबारे निर्णय जनताका नाममा कसैले गर्ने वा गरिदिने काम गर्नुहुँदैन, जनताले नै गर्नुपर्छ

बहसमाथिको टिप्पणी

**लोकतन्त्रको** नयाँ मोडेलबारे मूल्यांकनले शुरू गरेको बहस प्रशंसनीय छ । नेकपा माओवादीका डा. बाबुराम भट्टराई, राजनीतिशास्त्रका प्राध्यापक डा. लोकराज बराल, नेपाली कांग्रेसका नरहरि आचार्य, नेकपा एकताकेन्द्र-मसालका प्रकाश तथा नेकपा एमालेका शंकर पोखरेलजस्ता विभिन्न वैचारिक आस्था बोकेका व्यक्तित्वहरूबीच लोकतन्त्रको मोडेलबारे केही भिन्न विचारहरू प्रकट हुनु त्यति आश्चर्यको विषय होइन । तर मूल्यांकनको यस अंकमा प्रकाशित उहाँहरूको विचारमा विशेषतः संविधानको अन्तर्वस्तुबारे देखापरेका आश्चर्यजनक साम्यता भने अत्यन्त उल्लेखनीय विषय हो भन्ने मलाई लागेको छ ।

वर्तमान संकटको निकास खोजेर शान्तिपूर्ण बहुआयामिक विकासको पथमा अग्रसर हुन खोजिरहेको नेपालको निम्ति यो बहस सान्दर्भिक र महत्वपूर्ण रहेको छ ।

# लोकतन्त्रको नयाँ मोडेलबारे



डा. महेश मास्के

सामाजिक-राजनैतिक उथलपुथल बीचबाट जुन वैचारिक मन्थन क्रियाशील हुन्छ, त्यसले एउटा खास समयमा फरक दृष्टिहरूभित्र अन्तर्निहित पूर्वाग्रहहरूलाई चिरेर यथार्थमा आधारित सहमतिमा पुग्न सफलता पाएको उदाहरण हामी इतिहासमा प्रशस्त पाउँदछौं । त्यस सफलताले मात्र एउटा युगबाट अर्को युगमा फड्को मार्नको लागि आवश्यक साझा सहमति, साझा एजेण्डा र साझा नाराको वरिपरि जनताको शक्तिलाई गोलबन्द पार्नसक्छ र प्रतिगमनको कडीलाई एक्लो पार्न सफल हुन्छ । २०४६ सालको जनआन्दोलनलाई यसको एउटा उदाहरणको रूपमा अघि सार्न सकिन्छ, जसले यो देशका न्यायप्रेमी जनताहरूलाई एउटा साझा उद्देश्यको धरातलमा सडकमा उत्रिन संभव बनायो । अहिले पुनः देशमा एउटा साझा एजेण्डाको खोजी अपरिहार्य भएको छ, जसले अग्रगमनका पक्षधर सबै राजनैतिक शक्ति र नागरिक समाजलाई ऐक्यवद्ध पार्न सकोस् । लोकतन्त्रको नयाँ मोडेलको बहस सारमा त्यही साझा एजेण्डाबारे मतैक्यता स्थापना गर्ने प्रयत्नको एउटा अंग हो र त्यसैले नेपाली समाजलाई अग्रगामी बाटोमा अग्रसर गराउन यसको महत्वपूर्ण स्थान रहने निर्विवाद छ ।

लोकतन्त्रको नयाँ मोडेलबारे बहस चलाउने आवश्यकता अहिलेमात्रै किन यति महत्वका साथ देखापर्‍यो भन्ने प्रश्नबाटै म यस बहसमा प्रवेश गर्न चाहन्छु । मलाई लाग्छ, यो प्रश्नले यस कारण अहिले महत्व पाएको छ कि अद्यावधि व्यवहारमा प्रयोग हुँदैआएको लोकतन्त्र वा लोकतन्त्रको नाममा आफ्नो दुनो सोझ्याउदै आएका विभिन्न विशेषणयुक्त 'तन्त्र'हरूको असफलता वा अपूर्णता र त्यससित सम्बन्धित राजनैतिक-सामाजिक गतिरोधले गर्दा यो प्रश्न ज्वलन्त भएर देखापरेको हो । यस प्रश्नको बाहिरी आवरण चिरेर त्यसको अन्तर्यमा हेर्ने हो भने त्यहाँ राज्यसत्तामा कुन शक्तिको आधिपत्य रहने भन्ने प्रश्न फेला पर्नेछ । राज्यसत्तामा जनताको आधिपत्य रहन्छ कि जनविरोधी शक्तिको ? यो नै गाँठी प्रश्न हो ।

लोकतन्त्रका विभिन्न मोडेलहरू, त्यसलाई लिपिवद्ध गर्ने संविधानका अन्तर्वस्तुहरू यही प्रश्नको वरिपरि मूर्त रूप लिने गर्छन् । राज्यसत्तामा राजा र रजौटा, भूमिपति र पूँजीपतिहरूको कब्जा रहेको छ कि जनताको भन्ने तथ्यलाई दृष्टिगत गरेरमात्रै लोकतन्त्रको मोडेल र संविधानको चरित्रलाई ठम्याउन सकिन्छ ।

२०४६ सालभन्दा अघि नेपाली जनताहरू कागजमा पनि सार्वभौम थिएनन् । ऐतिहासिक जनआन्दोलनले सार्वभौमसत्ता राजमुकुटबाट नेपाली जनतामा ल्यायो, त्यो अधिकार संविधानमा लिपिवद्ध भयो । तर राज्यसत्तामा जनताको शक्ति व्यावहारिक रूपले स्थापित भएन, राज्यसत्ताको चरित्रमा कुनै गुणात्मक परिवर्तन भएन । फलस्वरूप संविधानमा लिपिवद्ध भएका अधिकार जनताले अनुभूत गर्न पाएनन् र यिनीहरू कागजी अधिकारमा मात्र सीमित हुँदैगए । असोज १८ गतेको शाही कदमपश्चात् संविधानको त्यो कागजी अस्तित्व पनि रहेन । जनआन्दोलनबाट निर्मित संविधानको यो परिणति कसरी हुनपुग्यो ? संविधानमा नै नेपाली जनता सार्वभौम भएको उल्लेख गरिएता पनि किन संविधानमा विचलन पैदा भयो र के के विकृति र विसंगति देखिए भन्ने कुराको गहिरो अध्ययन र विश्लेषणको आवश्यकता रहेको कुरा प्रा. लोकराज बरालले उठाउनुभएको छ । र, त्यसबारे उहाँको आफ्नै विचार र माओवादी नेता डा. बाबुराम भट्टराईको विचारमा निक्कै सामञ्जस्यता देखिन्छ । बाबुराम भट्टराईले पनि २०४६ सालको संविधानमा कतिपय प्रजातान्त्रिक सवल पक्षहरू रहेको स्वीकार गर्नुभएको छ । जस्तै : बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन, विधिको शासन, वाक् तथा प्रेस स्वतन्त्रता आदि । त्यस्तै संविधानमा भएको गम्भीर त्रुटीहरूबारे उहाँले औंल्याउनुभएका कुराहरूमध्ये 'अपरिवर्तनीय' विषयहरू, सार्वभौमसत्ता र राजकीय सत्ताबीचको विरोधाभाष, 'औपचारिक प्रजातन्त्र' भित्र उत्पीडितवर्ग, जाति, क्षेत्र, लिंग आदिको 'वास्तविक प्रजातन्त्र'को विलय आदि पर्न आएका छन् ।

यी विभिन्न त्रुटिहरूमध्ये मेरो विचारमा संविधानमा रहेको सबैभन्दा त्रुटिपूर्ण कुरो केही प्रावधानहरूलाई 'अपरिवर्तनीय' बनाउनु हो । संसारमा अपरिवर्तनीय न त भौतिक वातावरण छ, न जीवविज्ञान । निरन्तर परिवर्तनशील संसारमा, त्यसमा पनि वर्ग संघर्षले उद्वेलित राजनैतिक, सामाजिक जीवनमा 'अपरिवर्तनीय' प्रावधानहरू थोपर्नुले जुन गतिरोध सृजना गर्‍यो, त्यसले 'वर्तमान संविधानलाई यथास्थितिवादी र कठोर त बनायो नै, त्यसले जनता सार्वभौम हुन् भन्ने सिद्धान्त र व्यवहारको समेत उल्लंघन गरेको' प्रा. लोकराज बरालको विश्लेषणसँग म सहमत छु । संविधान निर्माण आयोगले पेश गरेको मस्यौदा संविधानमा जनमत संग्रहको प्रावधान हुनु, तर त्यसलाई विभिन्न दवाव दिएर अन्तरिम मंत्री परिषद्द्वारा झिक्न लगाइएपछि स्वीकृत भएको खोटो संविधान झनै बढी जड हुन पुगेको हो । त्यस्तो जड संविधानले क्रान्तिलाई निम्त्याउने गर्दछ भन्ने डा. बरालको भनाइ पनि अत्यन्तै प्रासंगिक छ र त्यसले नेपालमा अहिले चलिरहेको जनआन्दोलनको मर्ममाथि पनि प्रकाश पार्दछ ।

तर हामीले यहाँ बुझ्नुपर्ने कुरा चैं के हो भने संविधान निर्माताहरूबाट 'अपरिवर्तनीय' भन्ने सूत्रहरू किन प्रवेश गराइयो ? ज्ञानको वा दृष्टिको कमीले त निश्चय नै होइन होला । त्यसको पछाडि रहेको वर्ग स्वार्थ, जसले

समाजलाई एउटा निश्चित घेरोबाट अघि बढ्न दिँदैन, त्यसले काम गरेको कुरा प्रष्ट छ । यो संविधान त्रिपक्षीय स्वार्थको सहमतिमा बनेको हुनाले प्रतिगमन वा यथास्थितिका पक्षधरहरू यस्ता प्रावधानमार्फत् नेपाली समाज र राजनैतिक चेतनालाई बन्दी बनाइरहन चाहन्थे । उनीहरूले कोशिस नगरेका पनि होइनन्, तर उनीहरूको अप्ठेरो के हो भने इतिहास त्यस्ता बाँधहरू फोडेर भत्काएर अघि बढ्ने गर्छ । यस्तै संभावनाहरूलाई ध्यानमा राखेरै बुर्जुवा चिन्तकहरूले पनि जनतालाई क्रान्ति गर्ने, अधिकारको वकालत गरेका हुन् । संयुक्त राज्य अमेरिकामा १८ औं शताब्दीदेखि अहिलेसम्म पनि आम नागरिकले हतियार राख्न पाउने अधिकारको पछाडि यही आग्रह रहेको छ । सत्ताधारीहरूले जनइच्छाअनुसार सत्ता संचालन गर्ने गरेनन् भने जनतालाई सशस्त्र विद्रोह गर्ने अधिकारको प्रत्याभूति हो त्यो ।

त्यसैले लोकतन्त्रको नयाँ मोडेलमा परिवर्तनका चाहनाहरूले सहज र स्वभाविक निकास पाउनुपर्छ र त्यसको लागि जनता सार्वभौमसत्ता र राजकीयसत्ता सम्पन्नमात्र होइन, जनप्रतिनिधिसभाको दुई तिहाइ बहुमतद्वारा वा त्यसबाट पनि हल हुन नसक्ने समस्यालाई जनमत संग्रहद्वारा हल गर्ने प्रावधानमा पाँचै व्यक्तित्वहरूको अभिमत मिल्न आएको छ । यो प्रावधान यस कारण पनि महत्वपूर्ण छ कि यसले राज्यसत्ता र समाजको चरित्रबारे सुदूर भविष्यतर्फ बढ्ने मार्गलाई पनि सहज बनाइदिन्छ । हज्जारौं वर्षको मानव इतिहासले राज्यसत्ता र समाजको चरित्र क्रमशः वा फड्कोसहित कस्तो प्रकारको परिवर्तनतर्फ अघि बढ्छ भन्ने कुरा प्रष्टताका साथ औंल्याएको छ । शोषक वर्गको आधिपत्य हुँदा शोषणको एक महत्वपूर्ण र भरपर्दो औजार बनेको राज्य उक्त वर्गको आधिपत्य नरहेपछि शोषणविहीन राज्यमा परिवर्तित हुँदै अन्ततः राज्यकै आवश्यकता नरहेर विलोप भएर जाने संभावना एउटा महत्वपूर्ण मार्क्सवादी प्रस्तावना हो । त्यसैगरी शोषणरहित समाजको परिकल्पना पनि, जसलाई प्रा. बरालले आफ्नो मन्तव्यमा महत्वको साथ उठाउनुभएको छ । त्यसैले हामीले लोकतन्त्रको मोडेलको कुरा गर्दा अहिलेको विन्दुमा उभिएर मात्रै सोच्नु संकुचित दृष्टि हुनेछ । हामीले त्यस्तो मोडेलको परिकल्पना गर्न सक्नुपर्छ, जसले समाजलाई यसको उन्नत अवस्थातर्फ अघि बढ्न सहजता प्रदान गरोस् ! त्यसको रूप पक्ष र विधि व्यवहारिक अभ्यासद्वारा र युगको आवश्यकता अनुसार परिवर्तित हुँदै जाने कुरा हुन् ।

संविधानसभाबाट नयाँ संविधानमार्फत् हासिल गरिने लोकतन्त्रको नयाँ मोडेलको संस्थागत विशेषताहरूबारे नेकपा एकताकेन्द्र-मसालका नेता प्रकाशले बुँदागत रूपमा प्रष्टतासाथ राख्नुभएको छ । त्यसमा बाबुराम भट्टराई र शंकर पोखरेल दुवैले राख्नुभएका विचारहरू पनि समाहित भएका छन् भने त्यसमा केही थप जनताको जनवादका कतिपय महत्वपूर्ण अन्तर्वस्तुलाई समावेश गर्ने प्रयत्न पनि गरिएको छ । तर त्यसमा निर्वाचित जनप्रतिनिधिहरूको क्रियाकलापबाट असन्तुष्ट भएमा जनताले कुनै पनि बेला उनीहरूलाई फिर्ता बोलाउनसक्ने अधिकार हुनुपर्छ भन्ने कुराको कुनै उल्लेख भएको छैन । यदि लोकतन्त्रलाई साँच्चै सहभागीमूलक बनाउने हो भने यो अधिकार संविधानले सुरक्षित गर्नुपर्दछ भन्ने मलाई लाग्दछ । त्यस्तै, उत्पीडित जाति-जनजातिहरूको लागि जातीय-क्षेत्रीय स्वशासनको अधिकार एक महत्वपूर्ण विषय हो, तर बाबुराम भट्टराईले यसलाई 'आत्मनिर्णयको अधिकारसहित' भन्ने खण्ड जोडेर क्लिष्ट र अन्य अर्थ लगाउन सकिने बनाउनुभएको छ । आत्मनिर्णयको अधिकारको व्याख्या रूसमा र चीनमा त फरक ढंगले भयो भने नेपालजस्तो सयौं वर्षदेखि बाह्य साम्राज्यवादी र विस्तारवादी उत्पीडन भोल्नु परेको स्थिति, त्यसको विरूद्धमा संघर्षको एउटा लामो परम्पराले जाति-जनजातिहरूबीच भाइचारा र एकताको सुदृढीकरण जस्ता तथ्यहरूले आत्मनिर्णयको अधिकारलाई रूसमा भैं छुट्टै राज्य बनाउने अधिकारको रूपमा व्याख्या गर्न नमिल्ने देखिन्छ ।

बरू चीनले आफ्नो संविधानमा घोषणा गरे भैं नेपाल एक एकीकृत बहुजातीय राज्य (Unitary multi-national state) हो भन्नु बढी उपयुक्त हुन्छ भन्ने मलाई लाग्छ । प्रकाश र भट्टराईले उल्लेख गरे भैं चीनमा क्षेत्रीय जातीय स्वायत्तता प्रदान गरिएको छ । तर त्यहाँ 'आत्मनिर्णयको अधिकार'बारे कुनै भ्रमपूर्ण व्याख्या गर्ने ठाउँ दिइएको छैन । त्यहाँ भनिएको छ 'सबै स्वायत्त क्षेत्रहरू जनगणतन्त्र चीनका अविभाज्य अंग हुन्' (All the national autonomous areas are inseparable parts of Peoples' Republic of China)।

लोकतन्त्रको मोडेलको रूप पक्षबारे नरहरि आचार्यले धेरै कुराहरू उठाउनुभएको छ । प्रधानमन्त्रीको प्रत्यक्ष निर्वाचन एउटा विकल्प हुनसक्छ, तर मुख्य प्रश्न समाजको तल्लो पिँधबाट क्रमशः माथि उक्लदै लोकतन्त्रले सम्पूर्ण सामाजिक संरचनालाई कसरी प्रभावित पार्दछ भन्ने कुरा हो । प्रधानमन्त्री एक्लोको चुनावले मात्र प्रत्यक्ष जनवाद (Direct Democracy) स्थापना हुने संभावना कतै देखिन्छ भने अबको लोकतन्त्रको मोडेल प्रतिनिधिमूलक (representative) मात्र होइन, कसरी वास्तविक अर्थमा सहभागीमूलक (Participatory) बन्नसक्छ भन्ने चुनौति हाम्रो अगाडि रहेको छ । त्यस्तो प्रजातन्त्रको क्रमिक विकास र गन्तव्य त फेरि पनि समाजवादी राज्यसत्ता नै हो । (यसको व्यावहारिक विकृत रूपमा होइन, त्यसको सैद्धान्तिक सग्लो रूपमा) । नरहरि आचार्यले संकेत गर्नुभएभैं यदि माओवादीहरूले यो लक्ष्यलाई 'परिवर्तन' गरेर अहिलेको विश्वमा आइपुगेका हुन् भने एउटा विडम्बना नै मान्नुपर्छ । तर मलाई लाग्छ, उनीहरूको यथार्थ त्यो होइन । तेस्रो विश्वमा कमजोर पूँजीवादीवर्गले प्रजातन्त्रलाई सुदृढ गर्ने, पूँजीवादी क्रान्ति सम्पन्न गर्ने अभिभारा पनि सम्पन्न गर्न नसक्ने भएकोले सर्वहारा र अन्य क्रान्तिकारी वर्गले नै त्यो दायित्व निर्वाह गरिदिनुपर्ने क्रममा नेपालका वामपन्थीहरू, माओवादीलगायतले, प्रजातन्त्रलाई पूर्णतातर्फ लैजान आफ्नो भूमिकालाई प्रष्ट पार्न खोजेका हुन् भन्ने मलाई लाग्छ । नेपालमा अहिले संविधान सभाको पक्षमा वास्तविक वामपन्थीहरू खुला र दृढता साथ उभिनु, तर नेपाली कांग्रेस र एमालेजस्ता ढुलमुले वामपन्थीहरू संविधानसभाबारे उच्चारण गर्नसमेत हच्किनुले यही वर्गीय सीमाहरूलाई उजागर गरेको प्रष्ट देखिन्छ ।

तर यो पनि नेपालको अहिलेको एउटा यथार्थ हो कि यी सीमाहरू अनुल्लंघनीय छैनन् । वास्तवमा नेपाली कांग्रेस र एमालेले यी सीमाहरूलाई उल्लंघन गरेर मात्र अग्रगमनतर्फ अघि बढ्न सक्छन् । नयाँ संविधानको न्यूनतम अन्तर्वस्तुबारे यी सबै अग्रगमनकारी शक्तिहरूबीच सहमति र त्यसलाई संविधान सभामार्फत् प्राप्त गर्ने बाटाहरूको खोजी र सहमति वर्तमान संकटको निकासको लागि आधारभूत पूर्वशर्त हुन् । लोकतन्त्रको नयाँ मोडेलसम्बन्धी बहस यस सहमतिको खोजी र शुद्धिकरणको सहयोगी बनेको छ र यसको लागि पुनः म मूल्यांकनलाई धन्यवाद दिन चाहन्छु । ❑

**निर्वाचित जनप्रतिनिधिहरूको क्रियाकलापबाट असन्तुष्ट भएमा जनताले कुनै पनि बेला उनीहरूलाई फिर्ता बोलाउनसक्ने अधिकार हुनुपर्छ भन्ने कुराको कुनै उल्लेख भएको छैन**

**नयाँ संविधानको न्यूनतम अन्तर्वस्तुबारे सबै अग्रगमनकारी शक्तिहरूबीच सहमति र त्यसलाई संविधान सभामार्फत् प्राप्त गर्ने बाटाहरूको खोजी र सहमति वर्तमान संकटको निकासको लागि आधारभूत पूर्वशर्त हुन्**

वर्गमा विभाजित गर्नु नै त्रुटिपूर्ण भएको बताएका छन् । शरणार्थीहरूलाई वर्गीकरण गर्ने नेपाल-भूटान सरकारको निर्णयप्रति विश्वव्यापी रूपमा तीव्र रोष प्रकट गरिएको छ ।


वर्गीकरण गरेर सीमित भूटानीहरूलाई मात्रै स्वदेश फर्काउने भूटानको चालमा नेपाल सरकार सहमत हुनु ठूलो विडम्बनाको विषय हो । जबर्जस्ती खेदिएका, आफूखुशी भूटान छाडेका, गैरभूटानीहरू र अपराधिक क्रियाकलापमा संलग्नहरू भनी शरणार्थीहरूलाई चार वर्गमा विभाजित गरेर प्रमाणीकरण गर्ने सहमति करिब तीन वर्ष अगाडि भएको मन्त्रीस्तरीय बैठकले गरेको थियो । हालैको वर्गीकरणको निर्णयले विश्वका अरू सरकारहरूलाई समेत मनोमानी र कानूनी रूपमा एउटा पूरै जातिलाई राष्ट्रियताविहीन बनाई मुलुक बाहिर खेद्न सकिन्छ र फिर्ता लिन अस्वीकार गर्न सकिन्छ भन्ने सन्देश दिएको तर्क अन्तर्राष्ट्रिय मानवअधिकारकर्मीहरूको छ । खुदुनाबारीको नतिजाप्रति असहमति व्यक्त गर्दै र द्विपक्षीय प्रमाणीकरण टोलीको खारेजीको माग गर्दै शरणार्थीहरूले शिविर वरिपरि जुलुस र नाराबाजी गरेका छन् । शरणार्थी नेताहरूले भनेका छन्, 'संयुक्त प्रमाणीकरण टोलीमा शरणार्थी र शरणार्थीसम्बन्धी अन्तर्राष्ट्रिय उच्च आयोग (युएनएचसीआर)का प्रतिनिधि समेत समावेश भई पेश गरिएका कागजातहरूको पुनरावलोकन गरिनुपर्छ र समस्यालाई अन्तर्राष्ट्रिय स्तरबाट सुल्झाउनुपर्छ ।' एउटै शिविरको वर्गीकरण प्रक्रियाले सिद्ध गरेको छ- समस्यालाई अन्तर्राष्ट्रियकरण नगरी सुखै छैन ।

चौथौं मन्त्रीस्तरीय बैठक भूटानी शरणार्थी समस्या समाधान गर्ने सम्बन्धमा सबैभन्दा निराशाजनक बैठक सावित भएको छ । त्यसमा नेपाल सरकारको भूमिका यति निकम्मा देखिएको छ कि उसले राष्ट्रिय हितविरोधी सहमतिमा ल्याप्चे लगाएर अन्तर्राष्ट्रिय स्तरमै नेपालको बेइज्जत गरेको छ । राजाको सरकारले त्यसमा पनि राजाका खास मान्छे (तत्कालीन परराष्ट्रमन्त्री नरेन्द्रबहादुर शाह)ले यो सहमति स्वीकार गर्नुलाई अर्थपूर्ण रूपमा लिइएको छ । यद्यपि वर्गीकरणप्रक्रिया स्वीकार गर्ने र समस्यालाई अन्तर्राष्ट्रियकरण गर्न आनाकानी गर्ने त्यसअघिका नेपाल सरकारका क्रियाकलापहरू पनि यो समस्या जीवित राख्न धेरै जिम्मेवार छन् । पछिल्लो बैठकमा भूटान फर्कन नचाहनेहरूले नेपालमै बसोबासको निम्ति आवेदन दिनसक्ने सहमति भएको छ । आफूखुशी भूटान छाड्नेहरूको हकमा यो सहमति लागू हुनेछ भनिए पनि भूटानको वास्तविक नियत चाहिं सीमित भूटानीलाई मात्रै स्वीकार गर्नु हो र यस सहमतिपछि भूटानभित्रको कानूनी र बसोबासको जटिलता बुझेकाहरू त्यहाँ फर्कन तयार हुने छैनन् भन्ने भूटानको ठम्याइ हो, जुन कुटिल षड्यन्त्रमा नेपाली अधिकारीहरू फसेका छन्, परराष्ट्रमामला विज्ञहरू भन्छन् । यस सहमतिपछि भूटानले अपराधिक क्रियाकलापमा संलग्न भनेका राजनीतिक एवं मानवअधिकार आन्दोलनकारीहरू पनि भूटानमा कानूनी कार्वाही झेल्नुको सट्टा बरू 'आफुखुशी भूटान छाडेको' भनी स्वदेश फर्कने छैनन् र त्यहाँ राजनीतिक आन्दोलन बलियो हुन सक्दैन भन्ने सोचाइ भूटानको देखिन्छ । यस्तो सहमति तत्काल खारेज गरिनपर्ने माग दुवै देशका राजनीतिक पार्टीहरू तथा मानवअधिकारवादी संस्थाहरूले गरेका छन् । पाँच राजनीतिक पार्टीहरू कांग्रेस, एमाले, जनमोर्चा, नेपाल, नेमकिपा र सद्भावनाले संयुक्त प्रस्तावमार्फत् नै उक्त सहमति खारेजीको माग गरेका छन् भने संयुक्त वाममोर्चा, मानवअधिकारवादीहरू तथा भूटानका सबैजसो राजनीतिक पार्टीहरूले पनि सहमति खारेजीको माग गरेका छन् ।

> भूटानको वास्तविक नियत चाहिँ सीमित भूटानीलाई मात्रै स्वीकार गर्नु हो र यस सहमतिपछि भूटानभित्रको कानुनी र बसोबासको जटिलता बुझ्ेकाहरु त्यहाँ फर्कन तयार हुने छैनन् भन्ने भूटानको ठम्याइ हो

# सहमति दुर्भाग्यपूर्ण

## टेकनाथ रिजाल



नेपाल-भूटान चौथौं मन्त्रीस्तरीय बैठकको निर्णय दुर्भाग्यपूर्ण छ, म त्यसप्रति आपत्ति र असहमति प्रकट गर्दै त्यसलाई पुनर्विचार गर्न माग गर्दछु । दक्षिणी भूटानका बासिन्दालाई भूटान सरकारले सुनियोजित ढंगले भेदभाव गरी लखेटेको थियो । अहिले प्राविधिक अत्तो थापेर उनीहरूलाई स्वदेश फर्कनबाट बञ्चित गर्नसक्ने संकेत मिलेको छ । पछिल्लो वार्तामा शरणार्थी समस्याप्रति भूटानी सरकारको कपटपूर्ण चरित्र उदांगिएको छ । र, भूटानी पक्षको षड्यन्त्रपूर्ण र पूर्व नियोजित प्रस्तावमा सहमति जनाएर नेपाली पक्षले पनि घोर अन्याय गरेको छ । भूटानमा १६ औं शताब्दीदेखि रहँदै आएका नेपाली भाषी दक्षिणी बासिन्दालाई नियोजित रूपमा प्रमाण र धन-सम्पत्ति सबै लुटेर लखेटेको संवेदनशीलतालाई हलुका रूपमा लिएर वार्ता टोलीले भूटानकै अडानमा सहमति जनाउनु घोर अन्याय हो । वार्तामा नेपाली पक्षले नागरिकता दिने वा सहानुभूति जनाउने कुरा होइन, १३ वर्ष अघिदेखि शिविरमा कष्टकर जीवन बिताइरहेका शरणार्थीलाई सही निकास दिनुपर्छ ।

नेपाली भाषा र रङ्गको आधारमा संसारको कुनै पनि ठाउँमा अपहेलित हुने हो र त्यस्ता नेपाली भाषीहरूलाई नेपालले आफ्नो नागरिक स्वीकार्न तयार छ भने नेपाल बाहिर रहेका करोडौं नेपाली भाषीको भीड थेग्न पनि नेपाल तयार रहनुपर्छ । यस्तो छोटो सोचाइ र हचुवा निर्णयले चिरकालसम्म नकारात्मक प्रभाव पर्न सक्छ । शरणार्थी भूटानीहरूलाई नागरिकता प्रदान गर्न नेपालले जनाएको सहमतिप्रति संसारका विभिन्न भागमा रहँदै आएका नेपालीभाषी बुद्धिजीवीहरूले समेत गहीरो चिन्ता प्रकट गरेका छन् । पूर्वी नेपालको शरणार्थी शिविरमा आफन्त रहेका परिवारलाई समेत भूटान सरकारले शिक्षा, स्वास्थ्य र नोकरी लगायतका सेवाबाट बञ्चित गरिरहेको बेला विना आधारमा शरणार्थीहरूलाई नेपाली नागरिकता दिलाउन नेपालले जनाएको सहमतिले संसारभरि नै छरिएर रहेका करिब तीन करोड नेपाली भाषीहरूलाई असुरक्षित र चिन्तित तुल्याएको छ । भूटानी शरणार्थी समस्याको वास्तविकता नबुझी दिगो समाधान हुँदैन । शरणार्थीहरूको राय वा सहभागिताविना पनि समस्या समाधान होला जस्तो मलाई लाग्दैन ।


जुन शोषित-पीडित जातिका लागि मैले आन्दोलन प्रारम्भ गरें, जसका कारण १२ वर्ष लामो यातनापूर्ण जेलजीवन बिताएँ, राजकीय सेवाको सम्मानीत ओहोदा, पैतृक धनसम्पत्ति सबै त्याग गरें र आज हातमुख जोड्ने समस्याले ग्रस्त हुन पुगेको छु, त्यही समुदायलाई आज हलुका रूपमा नेपाली नागरिकता दिने सहमति जनाएर नेपालले आफ्नो नैसर्गिक हक र अधिकारका लागि त्याग, तपस्या र बलिदान दिने लाखौं भूटानीहरूको भावनामा आघात पुऱ्याएको छ ।

*(अस्वस्थताका कारण भारतको बागडोगामा उपचाररत भूटानी प्रजातन्त्र तथा मानवअधिकार आन्दोलनका वरिष्ठ नेता रिजालले १८ जेठमा दिनुभएको वक्तव्य)*




# संवैधानिक राजतन्त्रमै किन सीमित हुने ?

अमर गिरी



वर्तमान राजनैतिक घटनाक्रमहरूको अन्तर्य मुलुकलाई सैनिक अधिनायकवादको दिशातर्फ लिएर जाने नै रहेको देखिन्छ

**राजाबाट** सूर्यबहादुर थापालाई प्रधानमन्त्री पदमा नियुक्त गरिएपछि नेपालको राजनीति थप गंभीर र संवेदनशील हुनपुगेको छ । आन्दोलनरत राजनैतिक शक्तिहरूले प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दले राजीनामा दिएपछि नेपालको राजनीतिले सकारात्मक दिशा लिने आशा गरेका थिए । राजासंगको सामूहिक दर्शन भेटमा पनि उनीहरूले यही अपेक्षा व्यक्त गरेका थिए । आन्दोलनरत राजनैतिक शक्तिहरूले मात्र होइन, प्रजातन्त्रलाई माया गर्ने, माओवादी समस्याको वास्तविक समाधान चाहने र मुलुकले अग्रगति प्राप्त गर्नुपर्छ भन्ने सोच राख्ने सबैको चाहना यही थियो । राजाबाट जनअभिमतलाई कदर गर्दै आगामी कदमहरू चालिनेछन् र तिनले मुलुकले सामना गर्नु परिरहेका समस्या र संकटलाई समाधान गर्न सार्थक भूमिका निर्वाह गर्ने छन् भन्ने जनअपेक्षा रहेको बेला राजाबाट जुन निर्णय भयो, यसले सबैलाई गंभीर बनाउनु स्वाभाविक थियो । राजाको यस कदमले नेपाली राजनीतिका सन्दर्भमा जुन थप अशुभ संकेत गरेको छ, यस सम्बन्धमा नेपालका आन्दोलनरत राजनैतिक शक्तिहरूलगायत सबै गंभीर बन्न र तदनुरूप भूमिका सम्पादनका निम्ति अग्रसर हुन आवश्यक छ ।

राजाको निर्णयले दरवार आफूलाई अझ सक्रिय र निरंकुश बनाउन चाहन्छ भन्ने देखाएको छ । एकातिर संविधान र प्रजातन्त्रप्रति प्रतिबद्धता व्यक्त पनि गर्दै जाने अर्कातिर आफ्नो हातमा अधिकार केन्द्रिकरणका निम्ति एकपछि अर्को षडयन्त्र पनि गर्दै जाने नीति दरबारले अख्तियार गरेको छ । असोज १८ पछि दरबारले यही नीतिलाई निरन्तरता दिइरहेछ । आन्दोलनरत दलहरूले सर्वसम्मत रूपमा सिफारिस गरेका माधव नेपाललाई पन्छाएर सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाउनु दरबारको यही नीतिको निरन्तरता थियो । सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाएर समस्या समाधान हुँदैन भन्ने कुरा दरबारलाई थाहा थिएन भन्न मिल्दैन । निकै ठूलो जनमतको प्रतिनिधित्व गर्ने शक्तिहरूका सर्वसम्मत व्यक्तित्वलाई पन्छाएर थापा वा कसैलाई घोर अपमान हुन्छ भन्ने कुरा पनि दरबारले राम्रोसंग बुझेको थियो । तर दरबारले हाकाहाकी त्यही काम गर्‍यो, जुन काम गर्दा दलहरूको तेजोबध र आन्दोलनको अपमान गर्न सकिन्छ । वस्तुतः दरवार खुला रूपमा प्रजातन्त्रका बिरूद्धमा उभिएको छ र उसको उद्देश्य पूर्ण निरंकुशता सिवाय अरू होइन भन्ने स्पष्ट भएको छ । वर्तमान राजनैतिक घटनाक्रमहरूको अन्तर्य मुलुकलाई सैनिक अधिनायकवादको दिशातर्फ लिएर जाने नै रहेको देखिन्छ ।

मुलुकलाई अधिनायकवादतिर लिएर जाने काम मुलुकको एक्लो अतीतगामी शक्तिबाट मात्र भइरहेको छैन । यसका निम्ति विदेशी शक्तिहरूको सहयोग र सक्रियता पनि निकै बढेर गएको छ । अमेरिका र भारतजस्ता मुलुकहरू यस दिशामा खुलेरै लागेका छन् । लोकेन्द्रबहादुर चन्दको राजीनामापछि नेपालको राजनीतिमा भारतीय चलखेल जसरी बढ्यो, यसले आगामी दिनहरूमा नेपालको राजनीतिक घटनाक्रमहरूमा विदेशी शक्तिहरूको भूमिकाको गुरूत्व कस्तो रहला भनेर सहजै अनुमान गर्न सकिन्छ । अहिलेको



आन्दोलनमा सरिक विभिन्न पार्टीका नेता-कार्यकर्ताहरु




आन्दोलनको शंखघोष गर्दै
संयुक्त वाममोर्चाका नेता कार्यकर्ताहरु

राजनैतिक घटनाक्रमले स्पष्ट गर्ने तीनवटा कुरा छन् । प्रथम, दरबार न त प्रजातन्त्र चाहन्छ, न त माओवादी समस्याको वास्तविक समाधान, द्वितीय दरबार आफूलाई सक्रिय र सुदृढ बनाउन वैदेशिक शक्तिहरूको सहयोग मात्र चाहँदैन, यसका निम्ति ऊ जस्तोसुकै मूल्य चुकाउन पनि तयार छ, र तृतीय यतिबेला प्रजातन्त्रमात्र होइन, राष्ट्रियता नै गंभीर खतरामा छ ।

मुलुकको यस्तो अवस्थामा राष्ट्रियता, प्रजातन्त्र, स्वतन्त्रता र सामाजिक न्यायका निम्ति संघर्षरत राजनैतिक शक्तिहरूको भूमिका के हुनुपर्ला ? यो नै यति बेलाको सबैभन्दा महत्वपूर्ण प्रश्न हो । घटनाक्रमहरूले स्पष्ट गरेका छन्, अहिलेसम्म राजाको कदमलाई सच्याउनका निम्ति जसरी संघर्षलाई अघि बढाइएको छ, त्यसले अतीतगामी शक्तिहरूको निरंकुशतावादी सोच र भूमिकामाथि सार्थक हस्तक्षेप गर्न सकिरहेको छैन । अब संघर्षका रूपहरूका बारेमा पुनर्विचार गर्नुमात्र पर्याप्त छैन, आन्दोलनको नारा र लक्ष्यमा नै पुनर्विचार गर्न आवश्यक छ । आन्दोलनरत राजनैतिक शक्तिहरूमध्ये एमाले र कांग्रेसजस्ता पार्टीहरूले अहिलेसम्म संवैधानिक राजतन्त्रप्रति पूर्ण प्रतिवद्धता जनाउँदै आएका छन् । संवैधानिक राजतन्त्रप्रतिको उनीहरूको प्रतिवद्धतामाथि अविश्वास गर्नुपर्ने कुनै कारण छैन, तर अब उनीहरूका अगाडि यस प्रतिवद्धताको औचित्यका सम्बन्धमा गंभीर प्रश्न खडा भएको हुनुपर्दछ ।

नेपालको राजनीतिक इतिहासमा दरबार प्रजातान्त्रिक मूल्य र आदर्शअनुरूप संस्कारित र परिवर्तित हुनुभन्दा प्रजातन्त्रका विरूद्ध षडयन्त्र गर्न र आफूलाई सक्रिय तथा निरंकुश बनाउन नै रूचि राख्दछ भन्ने कुरा पटक पटक प्रमाणित भएकै हुन् । वर्तमान घटनाक्रमहरूले यसलाई थप प्रमाणित गर्ने काममात्र गरेका छन् । राजतन्त्र संवैधानिक हुन नै चाहँदैन, निरंकुश र सक्रिय नै बनिरहन चाहन्छ भने प्रजातन्त्रवादी शक्तिहरूले संवैधानिक राजतन्त्रको वकालत गरिरहनुको अर्थ नै के हुन्छ र ? ऐतिहासिक संस्था परिवर्तित परिस्थितिअनुरूप चल्न सक्दैन र अतीतको पुनरावृत्ति होस् भन्ने मात्र चाहन्छ भने प्रजातान्त्रिक शक्तिहरूले त्यसैअनुरूप संघर्षको दिशा र लक्ष्य निर्धारण गर्न आवश्यक छ । या त निरंकुशताको शिकार होऊ या त प्रजातन्त्रका निम्ति निर्णायक संघर्षमा ओर्ल, अब योभन्दा अर्को विकल्प देखिदैन । ❑


नेपाल दूरसंचार संस्थानले आफ्नो स्थापनाकालको २८ वर्ष पूरा गरी २९ वर्ष प्रवेश गरेको सुखद् उपलक्ष्यमा


## अन्तर्राष्ट्रिय ट्रंक कल सेवामा विशेष छुट

| बजेट कल | बजेट कल | विद्यमान महशुलमा |
|---|---|---|
| रु. २५ - प्रति मिनेट न्यूनटम ८ मिनेटको महशुल रु. २००/- "१४२५" + कन्ट्री कोड + सिटी कोड + टेलिफोन नम्बर सार्क मुलुकहरु बाहेक अन्य सबै मुलुकहरु (२४ घण्टा सेवा) | रु. ४५ - प्रति मिनेट "१४४५" + कन्ट्री कोड + सिटी कोड + टेलिफोन नम्बर सार्क मुलुकहरुबाहेक अन्य सबै मुलुकहरु (२४ घण्टा सेवा) | ५० % छुट "००"+ कन्ट्री कोड + सिटी कोड + टेलिफोन सार्क मुलुकहरु मात्र (बेलुकी ६:०० बजेदेखि विहान ८:०० बजेसम्म) |

○ विद्यमान अन्तर्राष्ट्रिय डायलिङ्ग कोड '००' मार्फत् गरिने अन्तर्राष्ट्रिय ट्रंक कल सेवा तथा सोको महशुल यथावत् छ ।
○ अन्तर्राष्ट्रिय डायलिङ्ग कोड "१४२५" तथा "१४४५" को सेवा अपरेटर (१८७) मार्फत् उपलब्ध छैन ।
○ संस्थान तथा अन्य संचालकहरुबाट संचालित पि.सि.ओ.हरुमा यो सुविधा उपलब्ध हुनेछ ।
○ माथि उल्लेखित महशूल दरमा श्री ५ को सरकारको नियमानुसार लाग्ने कर समावेश गरिएको छैन ।

**लागु हुने मिति : २०६० आषाढ १ गतेदेखि ३ महिनासम्म परिक्षणको रूपमा**

# नेपाल दूरसंचार संस्थान
केन्द्रीय कार्यालय, ब्यापार व्यवस्थापन विभाग
फोन नं ४२१०१०८, ४२१०११३, ४२१०२०६, ४२१०२०७


# सोलार बिजुली प्रयोग गरौं, अंध्यारोमा नबसौं !

सूर्यको किरणलाई विद्युतीय शक्तिमा (बिजुलीमा) परिवर्तन गरी विद्युत उत्पादन गर्ने प्रक्रियालाई सौर्य विद्युत वा सोलार बिजुली भनिन्छ । एउटा घरमा एउटा सोलार प्यानेल र अन्य उपकरणहरू (जस्तै ब्याट्री, कन्ट्रोलर) राखी ३-४ वटा बत्ती बाल्न, रेडियो, क्यासेट बजाउन र टेलिभिजन हेर्न सकिन्छ । सम्पूर्ण जडान कार्य अलिकति प्राविधिक ज्ञान भएको व्यक्तिले एक दिनमै पूरा गर्न सक्दछ । एक चोटी जडान गरिसकेपछि ब्याट्रीमा समय समयमा डिष्टिल पानी थप्ने बाहेक अन्य मर्मत सम्भार गरिरहनु पर्दैन ।

सोलार प्यानेलहरू १० देखि २५ वर्ष ग्यारेन्टी गरिएका हुन्छन् र तिनीहरूले २५-३० वर्षसम्म राम्रोसँग काम गर्दछन् । ब्याट्रीको हकमा ४-६ वर्षपछि फेर्नु पर्ने हुनसक्छ । चीमहरू जलेमा मात्र फेर्नु पर्दछ । तसर्थ सौर्य विद्युतको संचालन खर्च न्यूनतम नै हुन आउँछ । शुरूको लगानी (करीव २०,०००/- देखि ३५,०००/- पर्छ) । यसमा सरकारबाट रू. ८,०००/- देखि १२,०००/- सम्म अनुदान पाइने हुनाले पूरै रकम ब्यहोर्नु पनि पर्दैन । बैंकबाट सस्तो ब्याजमा ऋणको व्यवस्था पनि छ । मट्टितेलको खर्चमा बचतका साथै टुकीको धुँवाबाट मुक्ति पनि पाइन्छ । बिजुलीले तपाईको घर सधैंलाई उज्यालो पार्नेछ ।

## SEC सोलार इलेक्ट्रिसिटी कम्पनी (प्रा.) लि.

पोष्ट बक्स १२५१५, सोलार कम्प्लेक्स, बागबजार, काठमाण्डौ,
फोन : २२५२५३, २२७८७६, फ्याक्स : २२३८५१



नतिजाबाट निराश भूटानी शरणार्थीहरू

• दामोदर तिमल्सिना

# भूटानी शरणार्थीको राष्ट्रघाती वर्गीकरण

**बिडम्बनाको कुरो हो, बहुसंख्यक शरणार्थीहरु स्वेच्छाले भूटान छाडेका वा गैरभूटानी हुन् भन्ने, भूटानी दावीलाई स्थापित गर्ने प्रयास यो प्रतिवेदनले गरेको छ ।**

वर्गीकरण थालेको २७ महिनापछि मात्र खुदुनाबारी शिविरको भूटानी शरणार्थी वर्गीकरण नतिजा ४ असारमा सार्वजनिक गरिएको छ । नतिजाले उक्त शिविरका १२ हजारभन्दा बढी शरणार्थीमध्ये २ सय त्रियानब्बे (साँढे दुई प्रतिशत जति) मात्र जबर्जस्ती खेदिएका भूटानी भएको देखाएको छ, जसलाई भूटानले स-सम्मान स्वदेश फर्काउने सहमति जनाएको थियो । 'आफूखुशी भूटान छाड्नेहरू' ७० प्रतिशत देखिएका छन्, जसले स्वदेश फर्कन चाहेमा नागरिकताको लागि पुनः आवेदन दिनुपर्नेछ । नागरिकताको झमेला देखाउनु उनीहरूलाई स्वदेश फर्कनबाट बञ्चित गराउने नियत हो भन्ने तर्क परराष्ट्र मामला विज्ञहरूको छ । स्वदेश फर्कन नचाहने भूटानीहरूको हकमा भने नेपालले नै नागरिकता दिने सहमति चौथौं नेपाल-भूटान मन्त्रीस्तरीय बैठक (५ र ६ जेष्ठ)मा भएको छ, जसलाई 'राष्ट्रघाती सहमति'को संज्ञा दिंदै नेपाल र भूटानका राजनीतिक दल तथा सरोकारवाला मानवअधिकारकर्मीहरूको संस्थाले उक्त सहमति खारेजीको माग गरिरहेका छन् । खुदुनाबारीको नतिजाले तीन प्रतिशत शरणार्थीलाई 'अपराधिक क्रियाकलापमा संलग्न' देखाएको छ, जसलाई भूटानमा लगी कानूनअनुसार कार्वाही गरिनेछ । राजनीतिक र मानवअधिकार आन्दोलनमा लागेकाहरूलाई यो वर्गमा पारिएको छ । र, बाँकी २४ प्रतिशतभन्दा बढीलाई चाहिं 'गैरभूटानी' देखाइएको छ, जसलाई भूटानबाटै लालपुर्जा र नागरिकताको प्रमाण-पत्र खोसी प्रमाणविहीन बनाएर खेदिएको थियो । उनीहरूलाई भूटान फर्काउन नसकिने अडान भूटानले राख्दै आएको छ ।

यो त खुदुनाबारी क्याम्पको कुरा भयो, बाँकी ६ क्याम्पमा भएका ९० हजारभन्दा बढी भूटानीहरूको वर्गीकरण नतिजा पनि यही प्रकृतिको हुने निश्चित नै छ, यद्यपि बाँकी क्याम्पको वर्गीकरण थालिएकै छैन । नमूना क्याम्पको रूपमा खुदुनाबारीको मात्रै वर्गीकरण गरिएको थियो । प्रमाणीकृत भूटानी शरणार्थीहरूलाई प्रमाणीकरण नतिजा चित्त नबुझेमा अपील गर्न दुई हप्ताको समय दिइएको छ र भाद्रमा हुने मन्त्रीस्तरीय वार्तापछि स्वदेशफिर्तीप्रक्रिया थालिने बताइएको छ । बिडम्बनाको कुरो हो, बहुसंख्यक शरणार्थीहरू स्वेच्छाले भूटान छाडेका वा गैरभूटानी हुन् भन्ने भूटानी दावीलाई स्थापित गर्ने प्रयास यो प्रतिवेदनले गरेको छ ।

तर खुदुनाबारीको वर्गीकरण नतिजाप्रति तीव्र विरोध गर्दै भूटानी शरणार्थीहरूले विरोध जुलुस प्रदर्शन गरेका छन् भने अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाहरूले संयुक्त रूपमा विरोध वक्तव्य जारी गरेका छन् । 'नेपाल र भूटान समस्या समाधान गर्न असफल भएकोले तत्काल अन्तर्राष्ट्रिय हस्तक्षेप हुनु आवश्यक भएको' वक्तव्यमा छ । खुदुनाबारीको प्रमाणीकरण सार्वजनिक भएपछि एमनेष्टी इन्टरनेशनल, ह्युमन राइट्स वाच, लुथरन वर्ल्ड फेडरेशन, रिफ्युजी इन्टरनेशनल, शरणार्थीका लागि संयुक्त राज्य अमेरिकाको सहयोग समूह र भूटानी शरणार्थी सहयोग समूहले अमेरिकाको न्यूयोर्कबाट जारी गरेको संयुक्त वक्तव्यमा 'वर्गीकरण प्रक्रिया पूरा गर्न लामो समय लगाइएको र अपारदर्शी र अन्तर्राष्ट्रिय अनुगमनविनाको प्रक्रिया अपनाइएको' उल्लेख छ । ती संस्थाहरूले शरणार्थीहरूलाई चार



चौथौं परराष्ट्र मंत्री स्तरीय बैठकअघि तत्कालीन नेपाली परराष्ट्रमंत्री नरेन्द्र विक्रम शाह र भूटानी समकक्षी जिग्मे वाइ थिन्ले

पार्टीहरूले कामचलाउ सरकारलाई राष्ट्रिय सरोकारको यति महत्त्वपूर्ण निर्णय गर्ने अधिकार नभएको पनि बताएका छन् । नेपालका पार्टीहरूले उक्त सहमति नेपाल अधिराज्यको संविधान ०४७, नेपालको राष्ट्रियता एवं नेपाल राष्ट्र र नेपाली जनताको हित विपरीत भनेका छन् भने भूटानी नेताहरूले सकेसम्म धेरै भूटानीलाई स्वदेश फर्कन नदिने भूटान सरकारको चालबाजीस्वरूप उक्त सहमति भएको बताएका छन् ।

सहमतिपछि खुदुनाबारी शिविरका वर्गीकरण गर्न बाँकी ५ सय ६६ मध्ये ८० शरणार्थीहरू मात्रै वर्गीकरणप्रक्रियामा सामेल हुनुले सहमति साँच्चैको घातक भएको प्रमाणित गर्दछ । नेपालमै नागरिकता पाउने व्यवस्था रहीरहेमा अन्य शिविरहरूमा हुने वर्गीकरणमा पनि धेरै शरणार्थीहरू सामेल नहुने खुदुनाबारीको उदाहरणले देखाएको छ । भूटानका पूर्व सांसद हरि अधिकारीको 'भूटान सरकारले नेपालीभाषी भूटानीहरूलाई नेपालमा नागरिकता प्राप्त हुने अवसर निर्माण गरिदिएको हुँदा अब भूटानबाट कूल जनसंख्याको १८ प्रतिशत नेपाली मूलका भूटानी दुई देशको सन्धिअन्तर्गत भनेर भए पनि पलायन गर्ने/गराउने चलखेलमा पर्ने भएका छन्' भन्ने तर्कले भूटानको नियतलाई राम्रैसँग प्रष्ट्याउँछ । वर्तमान सहमतिमार्फत् कम्तिमा करिब ५० हजार भूटानीलाई स्वदेश नफर्काइने संकेत भूटान सरकारले गरेको अनुमान विज्ञहरूको छ । 'अहिले ५० हजार भूटानीलाई अल्झाउने, भोलि आसाम, मेघालय र अन्यत्रबाट ५० लाख नेपालीभाषीलाई नागरिकता देऊ भनेर निकाल्ने काम भयो भने के गर्ने ?' भूटानी शरणार्थीफिर्ती सहयोग समितिका हिरण्यलाल श्रेष्ठ प्रश्न गर्नुहुन्छ । जस्तो कि, ३० जेष्ठको राजधानी दैनिकको सम्पादकीयमा भनिएको छ– 'नेपालको यो गम्भीर गल्तीले परराष्ट्र नीतिमा समेत विचलन आउने खतरा बढेको छ । यो यसकारण कि यदि नेपालले भूटानी नागरिकलाई नेपाली नागरिकता प्रदान गर्ने हो भने चीन वा भारतका सरकारसँग विद्रोह गरेर नेपाली भूमिमा शरण लिने चिनियाँ र भारतीय नागरिकलाई पनि नेपालको नागरिकता प्रदान गर्नुपर्ने हुन्छ । अहिले पनि नेपालमा तिब्बती, ताइवानी, कश्मिरी र अफगानी शरणार्थी कुनै न कुनै रूपमा बसेका छन् । ती सबै अवैध आप्रवासीलाई नेपालले नागरिकता प्रदान गर्न सक्छ वा मिल्छ ? यदि यस प्रश्नको उत्तर नकारात्मक अर्थमा आउँछ भने त्यो प्रावधान भूटानी शरणार्थीमा चाहिँ किन लागू नहुने ?' पूर्व परराष्ट्रमन्त्री शैलेन्द्रकुमार उपाध्याय अझ जोड दिनुहुन्छ, 'नेपालको तराई प्रदेशमा लाखौंका संख्यामा वर्षौंदेखि वा पुस्तौंदेखि बसोबास गर्दै आएका व्यक्तिहरू छन्, जसले नेपालको नागरिकता पाएका छैनन् । यसबारे समय-समयमा आवाज उठिरहेको छ । यो समस्या समाधान गर्नु नेपाल सरकारको दायित्वभित्र पर्छ । तर यस समस्याप्रति उदासीन सरकारले नेपालीभाषी भएकै कारणले अनागरिकलाई नागरिक बनाउने हो भने भेदभावपूर्ण नीति अपनाएको ठहरिनेछ । यस्तो हल्का ढंगले गरिएको सहमतिको दूरगामी प्रभाव के हुनेछ भन्नेतर्फ सरकारको कमजोरी छर्लङ्ग भएको छ ।'

चौथौं मन्त्रीस्तरीय बैठकले खुदुनाबारी बाहेकका अन्य ६ शिविरमा रहेका ९० हजार शरणार्थीहरूको वर्गीकरण गर्ने भने पनि त्यसको कुनै समयावधि तोकेको छैन । एउटै शिविरको वर्गीकरण नतिजा आउन २७ महिना लागेको स्थितिमा सबै वर्गीकरण प्रक्रिया १० वर्षमा पनि पूरा हुनु संभव छैन । हेरौं, यी राष्ट्रघाती निर्णय र अरू अस्पष्टताहरूलाई भदौको दोस्रो साता हुने अर्को बैठकले पुनर्विचार गर्छ वा भूटानको नयाँ नयाँ षड्यन्त्रमा नेपालले सहमति जनाउँदै जान्छ ।

१९८० देखि नै भूटान सरकारले नेपालीभाषी भूटानीहरूमाथि नागरिकता ऐनलाई समेत संशोधन गरी गैरभूटानीको रूपमा व्यवहार गर्न थालेको थियो । प्रशासनमार्फत् नै कुटपिट, अङ्गभङ्ग, बलात्कार, हत्या जस्ता घटनाहरू घटाइएपछि १३ वर्ष अगाडि उनीहरू देश छाड्न बाध्य भएका थिए । देश छाड्ने क्रममा उनीहरूसँग भएको सम्पत्ति, भूटानी नागरिकता तथा घरजग्गासम्बन्धी प्रमाणहरू समेत लुटिएको थियो । दक्षिण भूटानबाट भारतको बाटो हुँदै आएका शरणार्थीहरू पूर्वी नेपालको झापाका विभिन्न शिविरहरूमा छरिएर रहेका छन् । भूटानले जति शरणार्थीहरूलाई फिर्ता लान सहमति जनाएको छ, तिनीहरूले त्यहाँ कस्तो जीवन जिउनेछन् ? कसरी पुनर्स्थापित हुनेछन् ? उनीहरूको घर-सम्पत्ति यथावत छ कि छैन ? उनीहरूमाथि पुरानो प्रशासनिक रवैया नअपनाइने ग्यारेन्टी के हो ? यी मानवीय समस्याहरूबारे भूटान सरकार मौन छ । त्यसैले विज्ञहरूले अन्तर्राष्ट्रिय रूपमा समस्याको टुंगो लगाउनुपर्ने आवाज उठाएका हुन्, जसबाट स्वदेश फर्कने शरणार्थीहरूको मानवीय पक्षमा पनि पर्याप्त ध्यान जानेछ र सम्पूर्ण भूटानीहरू स्वदेश फर्कन पाउनेछन् ।

शरणार्थी समस्याको सम्बन्धमा खासगरी भारतको भूमिका असहयोगी रही आएको छ । नेपाल र भूटानबीच साझा सीमा नभएको सन्दर्भमा शरणार्थीहरू भारतकै बाटो भएर नेपाल आएका हुन् । शुरूमा शरण खोज्दै भारत आएका भूटानीहरूलाई भारतीय प्रशासनले पूर्वी नेपालको सीमाछेउ ल्याएर छाडिदिएको थियो । तर पछि शरणार्थीहरू स्वदेश फर्कन लाग्दा भने भारतले उनीहरूलाई बाटो दिएन । हिरण्यलाल श्रेष्ठ भन्नुहुन्छ, 'समस्यासमाधान गर्न भारतको सद्भाव र सहयोग हुनैपर्छ । उनीहरूको पहिलो शरणस्थल भारत हो । यदि भारतबाट उनीहरूलाई यहाँ नपठाइएको भए यो भारत र भूटानबीचको समस्या हुन्थ्यो ।' यस सम्बन्धमा भारतको असहयोगी भूमिका रहनुमा कतै भारतमा रहेका अल्पसंख्यक नेपालीभाषीहरूको 'व्यवस्थापन' पनि भूटानले जसरी नै गर्ने सोच त होइन ? त्यहाँ पनि अल्पसंख्यक नेपालीमाथि भूटानमा जस्तै ज्यादती भैरहेको परिप्रेक्ष्यमा हेर्दा यो आशंका गर्ने ठाउँ छ । कतिपयले त भूटानी शरणार्थीहरूले नेपाली नागरिकता पाउन सक्ने सहमतिलाई भारतकै दबाब भनेका छन्, जसबाट आसाम, मेघालय वा अन्यत्रका अल्पसंख्यक नेपालीहरूलाई लखेटेर नेपालको नागरिकता लिन बाध्य पार्न सकियोस् भन्ने नियत भारतको हुनसक्छ । ❑


शरणार्थी क्याम्पमा निरीह भूटानी शरणार्थीहरु

'अहिले ५० हजार भूटानीलाई अल्झाउने, भोलि आसाम, मेघालय र अन्यत्रबाट ५० लाख नेपालीभाषीलाई नागरिकता देऊ भनेर निकाल्ने काम भयो भने के गर्ने ?'



# मेरो क्रिया विद्रोह

○ चुडामणि गिरी

मेरी आमा यही वैशाख ६ गते बित्नुभयो । मैले क्रियापुत्री नबस्ने निर्णय सुनाएँ । मेरो निर्णय सुनेर सबैले आश्चर्य प्रकट गरे, मानौं कि एउटा ठूलै प्रलय भयो ।

**मेरी आमा** यही वैशाख ६ गते बित्नुभयो । मैले क्रियापुत्री नबस्ने निर्णय सुनाएं । मेरो निर्णय सुनेर सबैले आश्चर्य प्रकट गरे, मानौं कि एउटा ठूलै प्रलय भयो । कोही भन्दै थिए- 'यस्तो त कहिल्यै सुन्न नपरोस् ।' कोही भन्दै थिए, 'यो त मैले जिन्दगीमा पहिलोचोटि सुनें ।' कसैले भन्दै थिए, 'उसले एम.ए. पढेको के काम लाग्यो ।' कोही भन्दै थिए 'यो त नास्तिक पो रहेछ ।' आदि इत्यादि ।

धेरैले मलाई क्रियापुत्री बस्न दवाव दिंदै थिए । तर म चाहिं आफ्नो कुरामा दृढ रहें । मेरो दृढताले केहीमा रोष पैदा गऱ्यो । उनीहरूले कपडा ल्याउने, बाँस ल्याउने, मलामी जाने र लाश उठाउने कुरामा असहयोग गर्ने उद्घोष गरे । यहाँसम्म कि केहीले त मैले छोएको पानी नखाने र सामाजिक बहिष्कार गर्नेसमेत घोषणा गरे ।

मैले उनीहरूलाई सम्भाउन र आफ्नो कुरालाई प्रष्ट पार्न केही तर्क प्रस्तुत गरें । प्रथमतः गरूडपुराण (क्रियाविधिशास्त्र)मा उल्लेखित कुराहरू ज्यादै नै कपोकल्पित र विरोधाभाषपूर्ण छन् । दोस्रो, यसमा जेठो छोराले मात्र क्रिया गर्नुपर्ने उल्लेख छ । तेस्रो, धर्मको नाममा तीव्र शोषण छ । चौथो, मानव-मानवबीचमा उँचनीचको भावना फैलाएर सामाजिक द्वन्द ल्याउन खोजिएको छ । पाँचौं, यसले मृत्युअघिको सेवा र संस्कारलाई गौण तथा वैकल्पिक र मृत्युपछिको संस्कारलाई प्रधान र अनिवार्य मानेको छ, जुन अत्यन्तै अव्यवहारिक र घातक छ । छैठौं, यो आजको वैज्ञानिक युग सुहाउँदो छैन । तसर्थ, यसमा परिवर्तन अपरिहार्य भइसकेको छ । मेरो क्रियापुत्री नबस्ने कुरा त समुन्द्रमा थोपाजस्तो मात्रै छ । यसमा त आमूल परिवर्तनको खाँचो छ । तर मेरो कुरा सुनेमात्र, सहमति भने जनाएनन् ।

मेरा १०/१२ जना क्याम्पसका मित्रहरूको पनि उपस्थिति थियो त्यहाँ । उहाँहरूबाट वैचारिक सहयोग पाउने कुरामा म अत्यन्तै आशान्वित थिएँ । किनकि उहाँहरू सबै नै प्रगतिशील खेमामा आवद्ध हुनुहुन्थ्यो । त्यसमा पनि म विशेषगरी ती मित्रहरूप्रति आशान्वित थिएँ, जो प्रलेसंघ मोरंगको जिम्मेवार पदमा हुनुहुन्थ्यो । अपशोच ! मैले सहयोग पाउनुको साटो उल्टै मलाई नै क्रियापुत्री बस्न आग्रह गरियो । म ठान्दथें कि अन्धविश्वासमा आधारित क्रिया संस्कारलाई उहाँहरूले राम्ररी नै प्रष्ट पार्नु हुनेछ र मलाई सहयोग गर्नु हुनेछ । तर दुःखको कुरा, त्यसो भएन । मैले सोचें प्रगतिशीलताको कुरा बोलाइ, लेखाइ र सहज स्थितिमा मात्र हुँदो रहेछ, असहज स्थितिमा नहुँदो रहेछ । आफैंले गरेर देखाउनु पर्नेमा अरूले गर्न खोज्दा पनि सहयोग नहुँदो रहेछ ।

म प्रकट रूपमा त्यहाँ एक्लो भएँ । शव, समय र समाजले एकसाथ मर्माथि दवाब तीव्र पारिरहेको थियो । म द्विविधामा भएँ : क्रियापुत्री बसेर रूढीवादलाई निरन्तता दिउँ वा नबसेर रूढीवादलाई चिरौं !

द्विविधा दवावको उपज थियो । एकातर्फ, क्रियापुत्री नबसे शव नउठने सम्भावना, अर्कातर्फ बसौं उही रूढीवादको निरन्तरता । तर मन किञ्चित मानिरहेको थिएन, बस्न ।

मैले सोचें, हाम्रो समाजमा अझै पनि तिनैको वर्चश्व रहेछ जो धर्म र परंपरालाई अपरिवर्तनीय ठान्दछन् र परिवर्तनले समाजमा बेथिति ल्याउने मान्दछन् । समाज अझै पनि तिनीहरूकै पकडमा रहेछ, जसले ईश्वर, धर्म र परंपरालाई या त गलत ढंगले बुझेका छन्, या त बुझेर पनि स्वार्थअनुरूप गलत ढंगले अर्थ्याउँछन् । र, यो सारा संसारको सृष्टि उसैको उपज मान्दछन् र आफूलाई उसको केवल अस्थाई सेवक ठान्दछन् । तर विज्ञानले 'अलौकिक वस्तु' भन्ने कुरा कहीं छँदैछैन भन्छ । भनाइको तात्पर्य हाम्रो धर्मशास्त्र वा धर्मगुरूहरूले जसलाई ईश्वर (अलौकिक वस्तु) मानेका छन्, त्यसलाई विज्ञानले अप्रमाणित गरेको छ । बेद र विज्ञान दुवैले शक्ति (Energy) लाई ईश्वरको रूपमा व्याख्या गरेका छन् । वेदले प्राण शक्ति (soul-oxygen वा energy) र विज्ञानले इलेक्ट्रोन र प्रोटोनलाई शक्ति मानेको छ । त्यस्तै, मानवको सृष्टि पनि धर्मशास्त्रले भनेअनुरूप नभई चार्ल्स डार्विनको Orgin and evolution of species को सिद्धान्तअनुरूप भएको हो । त्यसैगरी कार्ल मार्क्सकाअनुसार धर्मले मानवको रचना नगरी मानवले धर्मको रचना गरेको हो । (Man makes religion; religion does not make man.) तर यी कुरा बुझ्नेहरूको अभाव महशूस गरें ।

अन्त्यमा, स्थितिको मूल्यांकन गरेर क्रियापुत्री बस्ने निर्णय गरें र त्यहींबाट नै गर्नसक्ने सुधार गर्ने अठोट गरें । मैले क्रियापुत्रीले पालना गर्नुपर्ने धेरै नियमको उल्लंघन गरें । बोलीचाली, उठबस्, खानपिन, पहिरन, छुवाछुतजस्ता नियमलाई पालन गरिंन । पानी समात्ने, पिण्ड दिने, गहुँत खानेजस्ता विधिका कामहरू केही गरिंन । दान दिने कुरा धेरै हटाएँ । घरमा आउने सबैलाई यो प्रथा तोड्नलाई आग्रह गरें । यसको विकल्प के त ? भन्ने उनीहरूको प्रश्नको जवाफमा 'मृतकको सम्झनामा ७ दिनभित्र एक श्रद्धाञ्जली सभाको आयोजना गर्ने र सोही दिन मृतकको नाममा गर्नसक्ने कुनै सामाजिक सेवासम्बन्धी कामको घोषणा गरी काम सक्ने' भन्ने कार्य प्रस्तुत गरें । धेरैले त राम्रो काम हो गर्न सक्दा भनी प्रशंसा गरे । अस्तु । ❑

मैले क्रियापुत्रीले पालना गर्नुपर्ने धेरै नियमको उल्लंघन गरैं । बोलीचाली, उठबस्, खानपिन, पहिरन, छुवाछुतजस्ता नियमलाई पालन गरिंन ।

*सुकुना बहुमुखी क्याम्पस, डाँगीहाट- ३, मोरङ्ग ।*

*सन्दर्भ सामग्रीहरू :*

१. Haralambos, M. and Heald, R.M.
२. सुकुना सौरभ, अंक- २०
३. गरुडपुराण

**मकालु यातायात बस सेवा** काठमाण्डौ, कलंकी फोन नं. २७७५५२

**काठमाण्डौबाट बस जाने स्थान र बस छुट्ने समय**

काठमाण्डौ - काकडभिट्टा- बिहान ५:०० बजे, भद्रपुर- ५:१० बजे, उर्लाबारी-मधुमल्ला- ५:२० बजे, विराटनगर- ५:४५ बजे, राजविराज- ६:०० बजे, सिरहा-माडर- ६:१५ बजे, मलंगवा- ६:३० बजे, विराटनगर दोस्रो- ६:४५ बजे, धरान- ७:०० बजे, जनकपुर- ७:२० बजे, गौर- ७:४० बजे, बिरगंज- ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे, कलैया- ८:०० र १०:१५ बजे, बरहथवा- ८:३० बजे, भरतपुर- ८:३०, ९:१५ र ११:४५ बजे, गितानगर- दिउँसो १:३० बजे, पर्साढाप-मेघौली- दिउँसो १:५५ बजे, नारायणगढ- विशालचोक - दिउँसो २:२० बजे, बिरगंज रात्री- बेलुका ८:१५ बजे

**आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !**

नयाँ अनुसन्धानको परिणाम

# आधुनिक मानव उदयको पहिलो थलो कुन् ?

○ तुल्सीदास महर्जन

आधुनिक मानवको उदय अर्थात् विकास अफ्रिकाबाट भयो या यूरोप, अफ्रिका र एशियाका विभिन्न ठाउँहरूबाट भयो भन्ने विषयमा मानवशास्त्रीहरूबीच विवाद रहेको छ । धेरै वैज्ञानिकहरू आधुनिक मानव अर्थात् होमो स्यापियन्स् स्यापियन्स्को उदय अफ्रिकाबाट नै भएको हो भन्ने कुरामा विश्वास गर्दछन् । अन्य केही वैज्ञानिकहरू भने यो विचारमा सहमत देखिन्नन् ।

तर हालैको एउटा अनुसन्धानले आधुनिक मानवको उदय अफ्रिकाबाटै भएको हो भन्ने कुरालाई थप पुष्टि गरेको छ । अमेरिकाको बर्कलेस्थित क्यालिफोर्निया विश्वविद्यालयका जीवावशेषविद् टिम ह्वाइट र उनको अगुवाइमा रहेको वैज्ञानिक टोलीले हालै मात्र उक्त पुष्टि गरेका हुन् ।

अफ्रिका महादेशको इथियोपिया देशको दुर्गम क्षेत्रस्थित अफार उपत्यका प्रागमानवहरूका जीवावशेषहरू प्रशस्त भएको ठाउँ हो । त्यसैले त्यहाँ कैयौं जीवावशेषविद् तथा मानवशास्त्रीहरू निरन्तर अनुसन्धानमा लागिरहेका छन् । यही क्रममा वैज्ञानिक टिम ह्वाइट र उनको टोलीले सन् १९९७ जून १६ तारिखमा इथियोपियाको अफार क्षेत्रमा जमिनमुनि उत्खनन् गरेर एक पाको पुरूष मानवको करिब पूरै खप्पर, अर्को स्त्री मानवको तथा बालकको खप्परका केही भागहरू फेला पारेका थिए । जीवावशेषमा परिणत भएका ती मानव खप्परहरू फेला पारिएको अफार क्षेत्रको त्यो ठाउं हर्टो गाउँनजिकको अवास नदीको किनारामा पर्दछ । करिब ६ वर्ष लगाएर गरिएको ती खप्परहरूको सूक्ष्म अध्ययन र विश्लेषणबाट वैज्ञानिक टिम र उनका सहकर्मी वैज्ञानिकहरूले भर्खरैमात्र के निश्कर्ष निकालेका छन् भने ती खप्परहरू आधुनिक मानवको शुरूको पुस्ताका हुन् । अर्थात् तिनीहरू होमो स्यापियन्स् मानवहरू थिए । आश्चर्य त के भयो भने 'रेडियो कार्वन डेटिङ्ग'बाट ती मानवहरू आजभन्दा करिब १,६०,००० वर्ष पुराना भएको



इथियोपियाको हर्टो गाउँनजिक सुख्खा र धूलोमय अफार क्षेत्रमा सन् १९९७ जून १६ तारिखमा फेला पारिएको होमो स्यापियन्स् इडल्टूका जीवावशेषको रुपमा रहेको खप्पर तथा खप्परका भागहरु



होमो स्यापियन्स् इडल्टू (जीवावशेषको अध्ययनबाट तयार पारिएको काल्पनिक चित्र)

तथ्य थाहा भयो ।


वैज्ञानिकहरूले यसअघिसम्म आधुनिक मानव होमो स्यापियन्स् स्यापियन्स्को सबभन्दा अघिल्लो पुस्ता आजभन्दा १,००,००० देखि १,३०,००० वर्षबीचको समयमा उदय भएर आजभन्दा करिब ३० देखि ४० हजार वर्ष अघिसम्म अस्तित्वमा रहेको बताउँदै आएका थिए । त्यो जीवावशेष पनि अफ्रिकामा नै फेला परेको थियो । उनीहरूका अनुसार पछिल्लो समयको होमो स्यापियन्स् क्रोम्याग्नन् हो । तिनीहरूको जीवावशेष सर्वप्रथम सन् १८६८ मा फ्रान्सको क्रोम्याग्नन् गुफामा फेला परेको हो । क्रोम्याग्नन् मानवहरूसम्म आइपुग्दा मानव संस्कृति शुरू हुन पुग्यो । उनीहरूले जनावरहरूको हाडखोर तथा सिङ्गहरूबाट फरक फरक प्रकारका औजारहरू बनाउने, शरीरमा लुगा लगाउने, गुफाभित्र कलात्मक चित्रहरू कोरी मनमा उठेको भाव सञ्चार गर्ने, मन र आत्माको वोध गर्ने आदिजस्ता उन्नत सीप तथा व्यवहारहरू सिक्न थाले । वास्तवमा क्रोम्याग्नन्

मानवहरू नै पछाडि गएर आधुनिक मानवहरूमा विकसित भएको हो भन्ने कुराको पुष्टि मानवशास्त्रीहरूले गरेका छन् ।

तर हालैको अनुसन्धानले आधुनिक मानवको उदय पहिले सोचिएको भन्दा करिब ३०,००० वर्ष पहिले नै भएको कुरालाई पुष्टि गर्दछ । अर्थात् आधुनिक मानव होमो स्यापियन्स् स्यापियन्स्को उदय आजभन्दा करिब १,६०,००० वर्ष पहिले नै अफ्रिकामा भइसकेको रहेछ । अनुसन्धानमा संलग्न वैज्ञानिक टिम ह्वाइट तथा उनको टोलीले आधुनिक मानवको शुरूको त्यो पुस्तालाई होमो स्यापियन्स्को एउटा उपवर्गको रूपमा व्याख्या गरेका छन् । र, उनीहरूले त्यसको नाम होमो स्यापियन्स् इडल्टू (Homo sapiens idaltu) राखेका छन् । अफार उपत्यकाका अफ्रिकी मानिसहरूको भाषाबाट इडल्टूको अर्थ 'जेठो' हो ।

वैज्ञानिक टिम ह्वाइट र उनको टोलीको अनुसन्धान मानव विकासको इतिहासको अध्ययनमा धेरै महत्वपूर्ण उपलब्धि भएको कुरामा वैज्ञानिकहरू सहमत छन् । उनीहरू के भन्छन् भने होमो स्यापियन्स् इडल्टूले मानव विकासको श्रृंखलामा १,००,००० देखि ३,००,००० वर्षबीचको लामो खाली भाग भरिदिएको छ । त्यस्तैगरी वंशाणुविद्हरूले वंशाणु संरचनाको आधारमा आधुनिक मानवको उदय आजभन्दा १,००,००० देखि २,००,००० वर्षको बीचमा अफ्रिकाबाट भयो भन्ने अहिलेसम्म व्यक्त गर्दै आएको विचारलाई पनि अहिलेको अनुसन्धानले पुष्टि गरिदिएको छ ।

अनुसन्धानमा संलग्न वैज्ञानिक टिम ह्वाइट र उनको टोलीले होमो स्यापियन्स् इडल्टूको जीवावशेष भेटिएको ठाउँमा ढुङ्गे बन्चरोलगायत हजारौं अन्य ढुङ्गे हतियारहरू फेला पारेका छन् ।





आधुनिक मानवको सबभन्दा अघिल्लो पुस्ता पत्तो लागेपछि त्यसको आधारमा तयार गरिएको मानव विकासक्रमको मोडल

त्यस्तै त्यहाँ तिनीहरूले जल गैंडा तथा मृगका मासु झिकिएका हाडहरू पनि छरिएर रहेको अवस्थामा फेला पारेका छन् । टिम ह्वाइटका अनुसार अफार उपत्यका सम्भवतः पहिले एक ठूलो ताल तथा मानिसहरूको खाद्य सामग्री खोज्ने एक थलो थियो । अनुसन्धानमा संलग्न वैज्ञानिकहरूका अनुसार होमो स्यापियन्स् इडल्टूको खप्पर स्पष्ट रूपले आधुनिक मानवको स्वरूपसँग मेल खान्छ । त्यसको निधार माथि उठेको, अनुहार फराकिलो र आँखीभौं सानो किसिमको रहेको छ, जबकि प्राग मानवको खप्पर ठूलो आँखीभौं सहितको भद्दा खालको हुन्छ ।

वैज्ञानिकहरूका अनुसार नेन्डरथल मानव ***( नेन्डरथल मानवबारे थप जानकारीका लागि मूल्याङ्कनको पूर्णाङ्क ७४ हेर्न अनुरोध छ ।)*** र होमो स्यापियन्स् इडल्टू साथसाथै अस्तित्वमा रहेका देखिन्छन् । तर पछि नेन्डरथलहरू लोप हुन गए भने होमो स्यापियन्स् इडल्टू आधुनिक मानवमा विकसित भयो । यसबाट बढी बुद्धिमान होमो स्यापिन्स् स्यापिन्स्ले भद्दा नेन्डरथल मानवलाई विस्थापित गरेको तथ्य देखिन्छ ।

वैज्ञानिकहरूका अनुसार होमो स्यापियन्स् इडल्टूको खोजले पुनः के कुरालाई पुष्टि गरेको छ भने प्रकृतिमा कुनै पनि प्रजातिलाई अस्तित्वमा रहनको लागि प्राकृतिक छनौटको भूमिका प्राथमिक रहन्छ । यसले अर्को के कुरा पनि उजागर गरिदिएको छ भने आधुनिक मानव जातिको विकासको जरा एउटै रहेको छ । र, त्यसको विकासको थलो अफ्रिकाको सहारा मरूभूमिको वरपरको क्षेत्र नै हो । ❑




| रामापिथेकस् प्राग मानव (५०-४० लाख वर्ष पहिले) | होमिनिड्स प्राग मानव (३० लाख वर्ष पहिले) | होमो स्यापियन्स् इडल्टू (१ लाख ६० हजार वर्ष पहिले) | क्रोम्याग्नन् (४० हजार वर्ष पहिले) | आधुनिक मानव |
|---|---|---|---|---|

# प्राग मानवबाट आधुनिक मानवसम्मको विकासक्रम


सन्दर्भ स्रोत :

*(1) Associated Press writer*
*(2) Nature, June, 2003*
*(3) The Statesman June 23,2003*



# बाटाहरू

- मातृका पोखरेल

हामी अनिंदो बसेर रातभर
दिनको कुरा गर्थ्यौं,
ऊ बन्द ढोकाभित्र बसेर दिनभर
रातको कुरा गर्थ्यो,
हामी भोलिका निम्ति
जूनको कुरा गर्थ्यौं,
ऊ कुनामा बसेर
अँध्यारोको गीत गाउँथ्यो,
उसले विस्तारै विस्तारै
पसिनाको स्विमिङ पूल
बनाउने कुरा सोच्यो,
अनाथ मानिसको रातो रगतलाई
होलीमा खेल्ने लोलाको
रातो पानीकै मूल्यमा हेर्‍यो
त्यही विन्दुबाट कोरिए,
उसका र हाम्रा अलग अलग नक्साहरू
जीवनका नयाँ बाटाहरू ।

◆◆◆

हामीले दुखिया थारूको सपना कोर्‍यौं
र उसको भोको पेट अघाउने
योजना कोर्‍यौं
काजीबाको विपना कोर्‍यौं
र उनको अजीर्ण पेट
अलिकति घटायौं
र उतातिर जोड्यौं
ऊ हामीसँग झस्कियो,
सडकमा सपना हुर्काइरहेका
बच्चाहरूको भविष्य देखेर
चिन्ता लेख्यौं
ऊ हामीसँग तर्सियो,
त्यही विन्दुबाट कोरिन थाले
हाम्रा लागि नयाँ बाटाहरू
नयाँ योजनाहरू
हामीले उसको विरूद्धमा
उसले हाम्रो विरूद्धमा ।

यसरी कोर्‍यौं
हामीले किरिङ मिरिङ
जीवनका नयाँ नक्साहरू
अलग अलग बाटाहरू । ❑




# छ बजेर पच्चिस मिनेट जाँदा

● प्रदिप नेपाल

रातो किरणको अविर
शिरमा पोखिँदा,
पवित्रकन्या तिनले,
बादलको पातलो घुम्टो ओढिन्
लामा लामा पाइला चाल्दै
सूर्य,
हिउँको खुट्किलाबाट तल ओर्लिन थाल्यो
बजार भरखर भरखर आँखा मिच्दै थियो ।
माछापुच्छ्रेको पश्चिमी गालामा तर,
लाली चढेको थिएन


सराङकोटलाई घामका बलिस्ट पाखुराले
नहल्लाउँदासम्म
धर्तीको काख अँध्यारोमा रन्थनिइरहेको थियो ।



टेलिभिजनले समाचार सुनायो,
राष्ट्रपति बुश भन्दै हुनुहुन्छ
युद्ध हुनैपर्छ,
अर्को समाचार थपियो
भारतमा जाली नोट छाप्ने
ठूलो गिरोह पक्राउ पर्‍यो
यसमा आइएसआइको हात हुनसक्छ,

सूर्य गाउँमा ओर्लिसकेको थियो,
टेलिभिजनको समाचार सुन्दा नसुन्दै तर,
माछापुच्छ्रे तिनी,
बाक्लो बादलको सिरक ओढेर
सुंक्सुक्काउन थालिसकेकी थिइन् । ❑

*होटल बाराही, पोखरा*




# संगीतको अर्को विकृत रूप 'राजा तिम्ले केही गर देशमा'

■ विवश वस्ती

**घेरै** कारणले आपत्तिजनक हुंदाहुंदै रेडियो नेपालले त्यो दोहोरी गीतलाई विशेष महत्व दिएर बजायो र अहिले पनि बजाइरहेको छ । नेपाल टेलिभिजनले पनि त्यही गीतलाई महत्वका साथ प्रशारण गऱ्यो । रेडियो नेपाल र नेपाल टेलिभिजन सरकारी संचार माध्यम भएका हैसियतले आम जनताको नजरले 'आपत्तिजनक' ठहऱ्याएको गीतलाई प्रशारण गर्नु कुनै अनौठो मान्न नसकिएला । किनभने विगतदेखि नै ती संस्थाहरूले आफ्नो परिचय यसरी नै दिंदै आइरहेका छन् । तर नेपाली गीत-संगीतको क्षेत्रमा राम्रा र स्तरीय गीति एल्बम तथा सीडीहरू निकाल्ने संस्थाको रूपमा विश्वास आर्जन गरिसकेको म्यूजिक नेपालले समेत त्यही 'आपत्तिजनक' र मण्डलेकरणको तीव्र गन्धले ओतप्रोत गीति एल्बममा लगानी गरेर आफ्नो छविलाई धूलोमा मिलाएको छ ।

त्यो आपत्तिजनक गीति एल्बमको नाम हो- 'हाम्रो राजा हाम्रो देश !' जुन एल्बमको लेखन, गायन र संयोजन रामप्रसाद खनालले गरेका हुन् । लोकगायिका बीमाकुमारी दुरा र बुद्धिसागर बस्याल समेतले 'असोजतन्त्र'लाई सोह्रै आना उचित ठहऱ्याइएको सो लोकदोहरी एल्बममा आफ्नो आवाज दिएका छन् ।

गत असोज १८ को शाही कदमपश्चात् देशको राजनीति अन्योलपूर्ण, तरल र गम्भीर छ । कुन मोडमा पुगेर कस्तो दुर्घटनामा पर्ने हो, कुनै ठेगान छैन । असोजतन्त्रको उदय र निरंकुशतन्त्र हावी हुने क्रम बढ्दै गएपछि छयालीस सालमा नेपाली जनताले संघर्षद्वारा प्राप्त गरेका प्रजातान्त्रिक हक र उपलब्धिहरू किस्तावन्दीमा खोसिने कार्यले व्यापकता पाइरहेको छ । अहिलेको यही तरल, तर निरंकुशताको दिशातिर तीव्र गतिले उन्मुख राजनीतिक दृश्यावलीलाई नियाल्दै नयाँ पुराना 'खेताला'हरूले धमिलो पानीमा माछा मारेर आफ्नो स्वार्थको घेरालाई अझ फराकिलो पार्ने अभियान शुरू गरेका छन् । त्यही क्रममा देखापरेका नयाँ पात्र हुन्- रामप्रसाद खनाल । असोजतन्त्रको पक्षमा गीत-संगीतको माध्यमद्वारा उनको समर्थन यसरी पोखिएको छ -

**"राजतन्त्र नै हो हाम्रो ठूलो गरिमा**
**राजा प्रजा मिलेर बाचौं है**
**देशकै माया ठूलो छ संसारभरिमा"**

असोजतन्त्रको उदयपश्चात् गीत-संगीतलाई दरवारको पाउमा लगेर टक्र्याउनेमा रामप्रसाद खनाल पहिलो अभियन्ता बनेका छन् । गीत-संगीतजस्तो मानव जाति र समाजको उत्कृष्ट सिर्जनालाई दुरूपयोग गरेर दरवारियाहरूको गुणगान र श्रद्धामा मात्र सीमित तुल्याउने कार्य कुनै गायक/गायिकाले पनि गरेका थिएनन् । शाही कदमपछि दरवारियाहरूको पक्षमा सशक्त ढंगले उभिनेहरूको लर्को लागिरहेकै बेला खनाल पनि गीत-संगीतको उपहार लिएर लर्को लागेको अनुमान गर्न गाह्रो पर्दैन ।

पञ्चायतकालमा पनि राजावादी गीतहरू लेखिएका थिए र गाइएका पनि थिए । कवि क्षेत्रप्रताप अधिकारीद्वारा लिखित 'चौतारीमा राजा भेटिए, भञ्ज्याङ्गमा रानी भेटिइन्' पंचायतकालमा चर्चित राजावादी गीत मानिन्थ्यो । प्रजातन्त्रको पुनर्स्थापनापछि सो गीत सरकारी संचारमाध्यमहरूबाट बज्न छाडेका थिए । असोजतन्त्रको आगमनपछि पंचायतकालका राजावादी गीतहरूलाई बजाउने आँट सरकारी संचारमाध्यमहरूले नगरिरहेको बेला दरवारका नयाँ भाट खनालका भाटगिरीले ओतप्रोत गीतहरू बजाइनुको पछाडि के कारणहरू लुकेका छन् ?

असोजतन्त्रपछि उत्पन्न नयाँ परिस्थितिलाई खनालले भाट शैलीमार्फत् गीत-संगीतको आवरणबाट नियाल्न खोजेका छन् । उनले यस्ता भाट शब्दहरूको सहारा लिएर गाएका छन् -

**राजा गए पश्चिमको धनगढी**
**जनतालाई भेट्टाउने मन गरी**
**यसरी नै पूर्वाञ्चल गएका**
**राजा भेट्न आतुर भएका**

> **मण्डलेकरणको तीव्र गन्धले ओतप्रोत गीति एल्बम**

शाही घोषणापछि राजाद्वारा व्यवहारमै सक्रिय राजतन्त्रको अभ्यास प्रारम्भ गरिएको थियो । त्यसकै प्रारम्भिक कदमस्वरूप राजाद्वारा पूर्वाञ्चलको विराटनगर र सुदूर पश्चिमाञ्चलको धनगढीमा 'नागरिक अभिनन्दन' स्वीकारिएको थियो । राजतन्त्रलाई सक्रिय तुल्याउने कदमको रूपमा हेरिएको राजाको अभिनन्दनलाई खनालले विकृत ढंगले एवं 'जनतालाई भेट्टाउने मन'को रूपमा अर्थ्याएका छन् । यो भाटगिरीको चरम रूप हो ।

सबभन्दा आपत्तिजनक कुरा त के हो भने, यस गीतमार्फत् वितेको बाह्र वर्षको अवधिमा राजनीतिक पार्टीहरूले गरेको क्रियाकलापलाई पूर्णतः अवमूल्यन गर्दै सत्तोसराप गर्ने कार्य गरिएको छ । प्रजातान्त्रिक अभ्यासको क्रममा विगतमा राजनीतिक दलहरूले गल्ती गरेको कुरालाई नकार्न सकिंदैन । बाह्र वर्षको अवधिमा सरकारद्वारा भएको गल्ती र कमीकमजोरीलाई आँखा चिम्लेर समर्थन गर्न मिल्दैन । तर गल्ती केलाउने नाममा जथाभावी गालीगलौज र सत्तोसराप गर्ने कार्य निश्चय नै निन्दनीय छन् :

**'बाह्र वर्षे सबै थोक भोगियो**
**हेर सबले देश कस्तो जोगी भो**
**भुक्याउनेको आश्वासन नमानौं**
**बाह्र वर्षे विकृति नछानौं**
**संविधान राजालाई मात्रै भो**
**बाह्र वर्ष देशमा जात्रै भो'**

यसमा यथार्थलाई बंग्याउने काम पनि यथेष्ट मात्रामा भएको छ । 'संविधान राजालाई मात्रै भो' भन्ने रामप्रसाद खनाल संविधानको मर्म र भावनालाई कुल्चेर असंवैधानिक तवरले 'कार्यकारिणी अधिकार' आफ्नै हातमा लिने राजाका कदमलाई किन असंवैधानिक मान्न सक्दैनन् ? संविधानमा कहाँ लेखिएको छ- राजाले कार्यकारिणी अधिकार लिनसक्ने कुरा ? यो यथार्थको ठाडो बंग्याइबाहेक केही होइन । अन्ततः दरवारका नयाँ भाट रामप्रसाद खनालको यो गीति एल्बम राजालाई सक्रिय राजनीतितिर धकेल्ने मनसाय बोकेर आएको कुरा बुझ्न कुनै अप्ठेरो पर्दैन । 'राजा आऊ देश बचाऊ'का पक्षधरहरूको कित्तामा उभिएर उनले गीतमार्फत् नै आह्वान गरेका छन् -

**'नआऊ नेता नक्कली भेषमा**
**राजा तिम्ले केही गर देशमा'**

❑❑

# अभिव्यक्ति स्वतन्त्रताको सपना

डी. आर. पोखरेल

जानिफकारहरू भन्छन्- सपना देख्न सिक्नुपर्छ । हुन पनि हो, महाकवि लक्ष्मीप्रसाद देवकोटाले चन्द्रमा छुने सपना देखेका थिए, अरूबाट पछि यथार्थमा बदलियो । सपना नै नदेखेको भए 'उडी छुनु चन्द्र एक'को यात्रा शुरू नै हुने थिएन । यसर्थ आदर्श जीवनको सपना देख्न सबैले सिक्नैपर्ने हुन्छ । तर सपना यथार्थको धरातलमा उभिएको पनि त हुनुपर्‍यो । छेउ न टुप्पाको सपना देखेर त भएन । हामीकहाँ 'अभिव्यक्ति स्वतन्त्रता'का चर्चाहरू चलेका छन् । यसको बाधकको रूपमा 'राज्यसत्ता' रहेको निचोड पनि निकालिएको छ । प्रगतिशील लेखक संघले यससम्बन्धी दुई दुईवटा गोष्ठीहरू सम्पन्न गरिसकेको छ । ती गोष्ठीहरूमा अभिव्यक्त भएका विचारहरूमाथि विचार्दा भने दुईवटा कुराहरू निचोडको रूपमा निस्किएको पाइन्छ ।

**आफू 'बुहारी' हुँदा 'सासु'सित जुन 'स्वतन्त्रता' खोजिएको हुन्थ्यो, स्वयं सासु हुँदा त्यसरी नै शासन गर्ने गरिन्छ, जसरी हिजो 'सासु'ले गरेकी हुन्थी**

पहिलो कुरो, बहुदलीय व्यवस्था आएपछिको १२ वर्षे खुल्लाकाल र त्यसपछिको विशेषगरी संकटकालको अवधिमा राज्यसत्ताले अभिव्यक्ति स्वतन्त्रतामाथि बलात् हस्तक्षेप गरेको कुरामा प्रायः सबै सहभागी विद्वान, लेखक-कलाकार, चिन्तक, बुद्धिजीवीको एउटै मत देखियो । दोस्रो, अभिव्यक्ति स्वतन्त्रताको बाधक तत्वहरूमध्ये राजनैतिक दल विशेषका झण्डाहरू उठाएर हिंड्ने र आफू र आफ्नो दललाई मात्र ठीक र आफ्नो दलको अभिव्यक्तिबाहेक अन्यका सोच-विचारहरूलाई एकदमै बेठीक ठान्ने बुद्धिजीवीहरू र तिनका प्रकृतिहरू पनि हुन् भन्ने सोचमाथि भने गम्भीर मतभेद रहेको देखियो ।[1] यसबाहेक धेरै पहिलेदेखि विभिन्न कोणबाट अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी चर्चाहरू पनि नउठेका होइनन् । सत्ता र चेतनाको सम्बन्ध निरूपणमा हामीकहाँ जुन कुराहरूको अभाव भएको छ, जुन आवश्यकताहरूको महशूस भएको छ, तीबारे कुराहरू उठ्नु स्वभाविक तथा मनासिवै हो ।

वास्तवमा हामीकहाँ 'अभिव्यक्ति स्वतन्त्रता'को कुरो मागको रूपमा उठिरहेको छ । तर यो मागेर पाइने कुरो होइन । किनभने यदि यसलाई हामी अधिकारको रूपमा लिन्छौं भने यो आफ्नो बलबुतामा उभिएर आफैंले प्रयोग गर्ने कुरा हो । बुता हुनेले प्रयोग पनि गरिरहेका छन् । दरवार हत्याकाण्ड र त्यसपछि संकटकालको कालरात्रीमा समेत कतिपय लेखक कलाकारहरूले आफ्नो ब्रम्हले देखेको कुरो लेखिरहे । अरूले लेखेनन् भनेर तिनले लेख्न छोडेनन् । उदाहरणको रूपमा खगेन्द्र संग्रौलालाई पनि लिन सकिन्छ । यसको अर्थ के हो भने राज्यसत्ताले जतिसुकै थुनछेक गरे पनि 'अभिव्यक्ति' त नभै छाड्दैन । चेतनालाई कसले थुन्नसक्छ र ! जहाँसम्म राज्यसत्ताको कुरो हो, यो वर्गीय हुने हुनाले एउटा वर्गलाई त पीडा पुर्‍याउँछ नै । 'पुलिसले लाठी चार्ज नगरे त जुलुसमा जान्थें !' भन्ने भावनाले अभिव्यक्ति स्वतन्त्रता हात लाग्दैन । यस कारण प्रलेसका विद्वान बुद्धिजीवीहरूले 'अभिव्यक्ति स्वतन्त्रताको' बाधक राज्यसत्तालाई ठानेकोमा र यसको पहिचान गरेकोमा त धन्यवाद दिनुपर्छ, तर समस्याको पहिचान भएपछि समाधानको लागि के के कदम चाले त ? भनी हेर्दा भने धन्यवादलाई फिर्ता गरे पनि हुनेजस्तो देखिन्छ ।

यो पंक्तिकारलाई लाग्छ- 'अभिव्यक्ति स्वतन्त्रता' भनेको अभिव्यक्तिको स्वच्छन्दता होइन । दलैपिच्छेका चाहनाहरू, व्यक्ति-व्यक्तिको रहर र इच्छाहरू र तिनको अभिव्यक्ति पनि 'अभिव्यक्ति स्वतन्त्रता' होइन । किनभने तिनको आवश्यकताको विशेषगरी सामाजिक आवश्यकतासित कुनै सम्बन्ध नै देखिन्न । आफू 'बुहारी' हुँदा 'सासु'सित जुन 'स्वतन्त्रता' खोजिएको हुन्थ्यो, स्वयं सासु हुँदा त्यसरी नै शासन गर्ने गरिन्छ, जसरी हिजो 'सासु'ले गरेकी हुन्थी । भन्नाले यहाँ स्वतन्त्रताको, वास्तविक स्वतन्त्रताको भावना नै छैन । यसै भएर होला, हाम्रोजस्तो पिछडिएको देशमा स्वतन्त्रता भनेको 'घाँसलाई उम्रिरहने स्वतन्त्रता र गधालाई चरिरहने स्वतन्त्रता' भनेर व्यंग्य गरिएको ।

हामीकहाँ त स्वतन्त्रतालाई प्रतिवद्धतासित पो जोडेर हेर्ने गरिएको पाइन्छ । यसै भएकाले होला स्वतन्त्र लेखक, बुद्धिजीवी, पत्रकार, राजनेता आदि भन्ने गरिएको । स्वतन्त्र उम्मेदवार भन्ने गरिएको पनि पाइन्छ । यसको अर्थ हो स्वतन्त्रतालाई यहाँ व्यक्तिगत स्वतन्त्रताको अर्थमा लिइएको छ । र, कुनै समूह, नियम, विधान, आदिसित नटाँसिएको व्यक्ति-विशेषलाई स्वतन्त्र भन्ने गरिएको छ ।

वास्तवमा स्वतन्त्रता भनेको के हो ? केबाट स्वतन्त्र हो ? र, प्रतिवद्ध भनेको के हो, केसितको प्रतिवद्धता हो ? भन्ने कुराको कुनै वास्ता गरिएको पाइन्न । स्वतन्त्रतालाई 'निजी स्वतन्त्रता'को अर्थमा ज्यादै हल्का र निम्नस्तरबाट मात्र व्याख्या गर्ने गरिएको पाइन्छ । यस्तैगरी प्रतिवद्धताको धारणा पनि ज्यादै निम्नस्तरको र साँघुरो छ ।

कुनै दल, नियम, विधान सही होस् वा नहोस् वा त्यो जस्तोसुकै होस्, आफ्नो स्वार्थ त्यसबाट पूरा हुन्छ भने त्यसप्रति प्रतिवद्ध हुने वा प्रतिवद्धताको नाटक गर्ने जुन प्रवृत्ति छ, यसलाई नै 'प्रतिवद्धता' भनिंदैछ । त्यसोभए डाँकाहरूको ग्यांगमा पनि त 'प्रतिवद्धता' हुनेभयो । गुप्तचर संस्थाहरूमा गुप्तचरहरूको 'प्रतिवद्धता'लाई के भन्ने ? अनि ती संस्थामा प्रतिवद्ध नभएकालाई वा हुन छाडेकालाई 'स्वतन्त्र' भन्ने कि नभन्ने ? अनि कुनै एउटा सिद्धान्तप्रति 'प्रतिवद्ध' भएपछि अर्को सिद्धान्तले त्यसप्रति आक्रमण गर्दछ, अर्थात् पुलिसले लाठी बजार्छ' अर्थात् त्यो 'अभिव्यक्ति स्वतन्त्रता'को बाधक बन्ने नै भयो । अनि उसले 'स्वतन्त्रता'को माग गर्ने हो भने केबाट स्वतन्त्रता हो ? वर्गीय दमनबाट ? 'प्रतिवद्धता'बाट ? पुलिसको लाठीबाट वा केबाट हो ? यस्ता अन्यौलहरू पनि स्वतः सिर्जना हुन पुगेका देखिन्छन् । यस्तोमा अभिव्यक्ति स्वतन्त्रताको सपना देख्ने हो कि ? ( सकारात्मक अर्थमा) वा 'सपना'मात्र देख्ने हो- वास्तविकताबाट कटिएर । रोजाइ आ-आफ्नो हो ।

वास्तविकता चाहिं के हो भने 'अभिव्यक्ति स्वतन्त्रता'को सवाल 'स्वतन्त्रता'को दार्शनिक धारणासित गाँसिएको छ । यो पुराना मानिसले भन्ने गरेजस्तो 'मुक्त संकल्प' होइन, यो नियतिवाद पनि होइन । यो बाह्यकारणबाट मात्र निर्धारण हुने 'आत्मिक स्वाधीनता'को कुरो होइन ।[2] यो व्यक्तिका रहर, इच्छा वा चाहनाबाट निर्धारण हुने कुरो पनि होइन । साथै यो मागेर पाइने कुरो पनि होइन । प्रश्न उठ्छ- उसो भए यो के हो त ? 'डयुहरिङ्ग मत खण्डन' पुस्तकमा ऐंगेल्सले भन्नुभएझैं स्वतन्त्रता (Freedom) भनेको अनिवार्यता (Necessity)को अनुभूति हो ।[3] स्वतन्त्रता भनेको मानव क्रियाकलाप हो र अनिवार्यता भनेको प्रकृति एवं समाजका मानवबोधमा आइनसकेका 'अन्ध नियमहरू' हुन् ।

वास्तवमा स्वतन्त्रता भनेको तिनै 'अन्ध नियमहरू'बाट मुक्त हुनु हो । तिनको दास नहुनु हो ।

"मनुष्य वस्तुगत नियमों को ज्यों ज्यों अधिकाधिक गहनतापूर्वक समझता गया, उसके कार्यकलाप उतने ही अधिक सचेतन तथा स्वतन्त्र बनते गए । मनुष्य की स्वतन्त्रता प्रकृति के अलावा सामाजिक शक्तियों से भी सीमित होती है ।"[४] यसलाई अझ प्रष्ट पार्दै ड्युहरिङ्ग मत खण्डनमा भनिएको छ :

"स्वतन्त्रता प्राकृतिक नियमों से स्वाधीन हो जाने के स्वप्न मे निहित नही है, बल्कि वह इन नियमों के तथा इस ज्ञान की सहायता से इन नियमों से निश्चित् उद्देष्यों के लिए सुनियोजित ढगं से कार्य कराने की जो सम्भावना पैदा होती है, उस सम्भावना में निहित है । यह बात बाह्य प्रकृति के लिए भी सच है, और उन नियमों के लिए भी, जो खुद मनश्यों के शारीरिक तथा मानसिक अस्तित्व पर शासन करते हैं ।"[५]

यो निश्चित हो कि स्वतन्त्रता अनिवार्यताकै उपज हो । स्वतन्त्रता र अनिवार्यता भनेको दार्शनिक धारणा हो । अनिवार्यताबाट अलग पारिएको स्वतन्त्रता र अनिवार्यतामा मात्र सीमित मानिएको स्वतन्त्रता दुवै गलत धारणाहरू हुन् । अनिवार्यताबाट अलग पारिएको स्वतन्त्रता 'निजी' वा 'आत्मिक स्वतन्त्रता'को स्तरमा झरेर अर्थहीन बन्नपुग्छ, (अर्थात् केबाट स्वतन्त्रता भन्ने नै रहँदैन) भने अनिवार्यतामा मात्र सीमित पारिएको स्वतन्त्रता नियतिवाद वा भाग्यवादमा गएर टुंगिन्छ । कविहरूले 'चरा'झैं स्वतन्त्र हुने भन्छन् । तर 'चरा'कहाँ स्वतन्त्र छ र ! न त त्यसले आफ्नो अधीनमा उभिएर खान र बस्नको व्यवस्था गर्नसक्छ, न वर्षा र घामबाट बच्ने त्योसित स्वतन्त्र उपाय छ । न त त्योसित कुनै सांस्कृतिक चेतना नै छ । त्यो त प्रकृतिका नियमहरूको अधीनमा छ, किनकि त्यसले वर्षा किन हुन्छ भनेर बुझ्न सक्तैन । मानवजातिले पनि प्रकृतिका अनगिन्ती अन्धनियमहरूको अधीनमा युगौंसम्म जंगली जीवन बिताएको हामीलाई थाहै छ । त्यस समयमा ऊ आजको जस्तो स्वतन्त्र छँदै थिएन । आज मानवजाति हिजोको तुलनामा धेरै स्वतन्त्र छ । तर युगसँगै स्वतन्त्रताको अर्थमा पनि बढोत्तरी हुँदै आएको छ । जस्तो भनौं : हाम्रा कवि, लेखक, पत्रकार मन लागेको बोल्न पाउनुलाई प्रेस स्वतन्त्रता ठान्दछन् भने लेनिन 'पत्रकारितालाई व्यवसायमा परिणत हुन नदिनु नै प्रेस स्वतन्त्रताको मूल सिद्धान्त हो ।'[६] भन्नुहुन्छ । यसरी स्वतन्त्रतासम्बन्धी बुझाइको दायरा बढ्दै गएको छ । हामीले पनि अलि फराकिलो दायरामा अभिव्यक्ति स्वतन्त्रताको सपना देख्ने हो कि ? ❑


सर्न्दभ स्रोत :

(१) जगदीशचन्द्र भण्डारी र साथीहरु प्रलेस (वर्ष ७, पूर्णाङ्क-१३, प्रगतिशील लेखकसंघको मुखपत्र, २०५९) पृ. (२३६-२६५)

२) आई. टि. फरोलब (सं), दर्शनकोश हिन्दी संस्करण, मास्को : प्रगति प्रकाशन सन् १९८०, पृ. ७५१

३) फ्रेडरिक एंगेल्स, डयुहरिङ्ग मत खण्डन, हिन्दी संस्करण, मस्को : प्रगति प्रकाशन, सन् १९९०, पृ. १८३ ।

४) आई. टी. फरोलब, पूर्ववत् पृ.-७५२ ।

५) फेडरिक ऐंगेल्स, पूर्ववत् पृ. १८४

६) मार्क्स ऐंगेल्स, साहित्य और कला, हिन्दी संस्करण, मस्को, प्रगति प्रकाशन, सन् १९८९, पृ १४१




# महिला र धर्मभीरुता

● सुधा त्रिपाठी

धर्म भनेको समाजलाई अनुशासित गर्ने कारणको खोजीमा मान्छेले मान्छेका निम्ति आविष्कार गरेको आचारसंहिता हो । मानिस भर्खर सचेत हुन थाल्दैका अवस्थामा तीमध्येका केही सचेत व्यक्तिले जीवन र त्यसको परिसरको प्राकृतिक आद्भूतिकताको रहस्यलाई शक्तिका रूपमा पूजा गर्न थाले र विस्तारै त्यो शक्ति ईश्वरका रूपमा स्थापित हुनपुग्यो । यसरी स्थापित ईश्वर पुस्तैपिच्छे (मानवपुस्ता) बढी बढी रहस्यमय बन्दै गयो र यस रहस्यमाथि चिन्तन गर्ने क्रममा अनेक दर्शनहरूको आविर्भाव भयो ।

अब विस्तारै मानिसले यो रहस्यमय शक्तिलाई आफ्नो स्वार्थका निम्ति प्रयोग गर्न थाल्यो । जो अलि बढी धूर्त स्वभावको थियो, उसले अब धर्मलाई विस्तारै विकृत तुल्याउँदै लग्यो । त्यो समूहमा नर नै सर्वेसर्वा थियो र नारी नगण्य मात्र त्यो स्तरका थिए, जो मन्त्रद्रष्टासमेत बने, बिल्कुल अहिलेको नेपालको राजनीतिमा जस्तै । ती नरले आफ्नो समूहलाई मानव समाजमा सर्वोत्कृष्ट घोषणा गर्दै ब्राम्हणको संज्ञा दिए । आफू बाहेकको शक्तिशाली समूहलाई क्षत्रीको संज्ञा दिए । त्यसपछिका अरू समूहलाई वैश्य र शूद्रको संज्ञा दिए । विधिनिर्माताको समूहले आफूलाई सकेसम्म अरू समूहको श्रममा बाँच्ने प्रबन्ध मिलाउने क्रममा पौरोहित्यको सिर्जना गऱ्यो । यहींबाट संस्कारका नाममा जीवनका संवेदनशील घडीहरूमा समेत पौरोहित्यका आडमा शोषण हुनथाल्यो र 'गरूडपुराण'जस्तो अवैज्ञानिक शास्त्रको निर्माणद्वारा जनमानसलाई दिग्भ्रमित तुल्याउने कार्यारम्भ भयो ।

पुरूषलाई नै पनि यसरी हेपेर त्यस हेपाइलाई वैधानिकता दिने समूहलाई पितृसत्ताको हैकमका आडमा नारीलाई थिलथिलो पार्नलाई केको आइतबार हुन्थ्यो र ! नारीका दृष्टिले हेर्दा पौराणिक युग बढी क्रूर देखापऱ्यो र यो युग बढीभन्दा बढी मानव अधिकार (नारी अधिकारसमेत) हनन गर्ने कुरामा अग्रसर हुनथाल्यो । एकातिर कथित निम्नजातीय मानव समुदायले र अर्कोतिर नारी समुदायले प्रत्येक विधानको निर्माणमा मानवताहीनताको एक एक सिंढी झर्दै जान बाध्य हुनुपऱ्यो । उनीहरूका घाँटीमा विधानका साङ्लाहरू यति धेरै कसिंदै गए कि तिनको ध्यान अब केवल त्यस कसाईबाट प्राणरक्षा गर्नेसम्म मात्र सीमित हुनपुग्यो, साङ्लो चुँडाल्नेतिर प्रवृत्त नै हुन सकेन । पुस्तौंपुस्ता बित्दै जान थालेपछि त नारीहरूले पुरूषनिर्मित (पौरूषेय) तिनै विधानलाई सत्य र आफ्नो जीवनको नियति सम्झन थाले ।

पितृसत्तात्मक समाजका ती पुरूष विधायकहरूले हरेक ढंगले आफ्नो समुदायलाई बन्धनमुक्त, श्रेष्ठ, स्वामी र यतिसम्म कि स्वयंले स्वयंलाई नै उहिल्यै परापूर्वकालमा आफ्नै पूर्वजद्वारा निर्मित ईश्वरका ठाउँमा प्रतिस्थापित गऱ्यो । यसरी पुरूषको ईश्वर र नारीको ईश्वर बेग्लाबेग्लै भयो । नारीले आफ्नो 'श्रीमानरूपी ईश्वर'का निम्ति चाहिं पुरूषहरूको 'त्यो ईश्वर'को भक्ति-उपासना गर्नसक्ने भई, अन्यथा 'श्रीमानरूपी ईश्वर'भन्दा परको अर्को ईश्वर भज्ने कुनै आवश्यकता नै ठानिएन । यसरी समाजमा ईश्वरभक्तिको दोहोरो मापदण्ड तयार भयो ।

मानिसको समाज देवता, मानव, दानव/



सम्पूर्ण रुपमा निरीहतामा पुऱ्याइसकेपछि पुरुषले नारीलाई केटाकेटीले झुम्रामा पुतली खेलाएझैं खेलाउन थाल्यो । त्यस पुतलीलाई कसरी सिंगार्दा उसलाई रमाइलो लाग्थ्यो, त्यसरी नै सिंगार्न थाल्यो ।

राक्षसका समूहमा विभाजित हुनथाल्यो । जबकि धर्मशास्त्रले यी सबैथरिको पूर्वज एउटै भएको कुरा नै बताएको छ । विधायक समूहले आफूलाई देवतामा राख्यो, सामान्य समूहलाई मानवमा र जुन वर्ग श्रमजीवि छ, आफूलाई चित्त नबुझेका कुराको विरोध गर्छ, रहस्यमय कुराहरूमा आस्था राख्दैन, वैज्ञानिक आविष्कारहरू गर्छ, आफूमाथि आइलाग्नेहरूमाथि क्रूर पाराले जाइलाग्छ, त्यो समूह दानव वा राक्षस समूहमा पर्न गयो ।

नारी बाठा पुरूषको सामाजिक विधानका रूपमा निर्मित धर्मसँग डराउँछन्, किनभने जीवनका सम्पूर्ण आधारहरू पुरूषका अधीनमा छन् । पौरूष विधानलाई लत्याउनुको अर्थ हुन्छ- जीवनका आधारहरू गुमाउनु

यसरी विधायक पुरूष समुदायले विधानको निर्माण गर्दै जाँदा आफ्नो अधिमूल्यन गर्दै लगेर आफूलाई ईश्वरका कोटिसम्म पुर्‍यायो । त्यसैगरी पितृसत्ताका छाँयामा पहेलिंदै गएका नारी समुदायलाई भने मुखले 'शक्तिस्वरूपिणी' भन्दै व्यावहारिक यथार्थमा भने शक्तिहीन बनाउँदै लगेर आफूलाई पशुका कोटिमा झारिसक्दासमेत पनि बोल्न नसक्ने र नपाउने स्थितिमा पुर्‍यायो । उत्पादनका सम्पूर्ण अधिकार, सामाजिक न्याय, धार्मिक न्याय, कानून सबै आफ्ना पक्षमा एकोहोर्‍यायो । अब नारीले तल झर्ने कुनै खुड्किलो नै बाँकी रहेन । यिनै सब प्रावधानले नारी यत्ति धेरै पराधीन बनी कि उसको निरीहताको सीमासमेत बाँकी रहेन ।

सम्पूर्ण रूपमा निरीहतामा पुर्‍याइसकेपछि पुरूषले नारीलाई केटाकेटीले झुम्रामा पुतली खेलाएझैं खेलाउन थाल्यो । त्यस पुतलीलाई कसरी सिंगार्दा उसलाई रमाइलो लाग्थ्यो, त्यसरी नै सिंगार्न थाल्यो । यो खेल र मनोरंजनको फेरि अर्को विधान तयार हुनथाल्यो । पूर्ववर्ती धार्मिक विधानहरूलाई पनि यसअनुसार नै मोडमाड पारियो । सुन्दरी नारीलाई देखेर पुरूष मक्ख पर्न थाल्यो र आनन्दातिरेक अबस्थामा उसका मुखबाट नारीका निम्ति प्रशंसाका शब्दहरू झर्न थाले- 'अहा ! तिमी कति सुन्दरी !' त्यस्ता अवस्थामा उसले आफूलाई नारीसौन्दर्यको दास भन्यो र नारीलाई मालिक्नीको संज्ञा दियो । यस्तै सन्दर्भमा आधारित भएर अनेक काव्यहरू रचिन थाले । प्रत्येक पुरूष आफ्नो मातहतकी सुन्दरी अर्को पुरूषका मातहतमा पुग्ने हो कि भनेर थर्कमान हुनथाल्यो र नारीहरूका निम्ति सतीत्वको आचारसंहिता तयार गर्न पुग्यो, जुन अद्यापि कर्मठ नारीका कर्मठतामा प्रहार गरी उसलाई पङ्गु बनाउन खोज्ने प्रयासका रूपमा जीवित छँदैछ ।

यसपछि नारीले पनि सुन्दरी भएवापत केही सुखसुविधाहरू प्राप्त गर्न थाली । उसलाई आफ्नो सुन्दरता सुख पाउने सबभन्दा ठूलो साधनजस्तो लाग्न थाल्यो । 'आफूमाथि हैकम जमाउने पुरूषमाथि हैकम जमाउने उपाय त बल्ल पत्ता लाग्यो !' - यस्तै कुरा आविष्कार गरी नारीले । अनि उसको सम्पूर्ण ध्यान सुन्दरताको हिफाजत गर्नतर्फ एकोहोरिन थाल्यो । अब नारी स्वयंले स्वयंलाई 'पुतली'मा अनुवाद गरी । विधायक पुरूषले यस कुरालाई धर्मद्वारा अनुमोदन गरायो । 'पतिरूपी ईश्वरलाई आफ्नो सौन्दर्यद्वारा वशमा पार्न सके सुखसुविधा र खुशी पाइने रहेछ' यस्तै लाग्यो नारीलाई ।

समाजमा अनेक उन्नतिहरू भए, अनेक परिवर्तन देखिए । नारीहरूले पनि विकासमा आफ्नो सक्रिय सहभागिता देखाउन थाले । विश्वमा आश्चर्यजनक वैज्ञानिक आविष्कारहरू भए । त्वचागत सुन्दरताका सट्टा आत्मिक वा आन्तरिक व्यक्तित्वगत सुन्दरता महत्वपूर्ण हो भन्ने कुरा तै पनि उसले बुझिन । व्यक्तिगत विकासका अनेक सन्दर्भमा उसले पुरूषलाई चुनौति दिन थाली । यति भएर पनि आफ्नो शारीरिक व्यक्तित्वलाई उसले सर्वाधिक महत्व दिई र घमण्ड गरिरही- २१ औं शताब्दी पर्यन्त । जन्मजात रूपमा प्राप्त विशेषतामा खुशी मान्नुपर्छ, आफ्नो परिश्रमले प्राप्त विशेषतामा गौरव गर्नुपर्छ, तर घमण्ड यी दुवै परिस्थितिमा गर्नुहुँदैन भन्ने र त्वचागत रूपको घमण्ड मानिसको खोक्रोपना हो भन्ने कुरा सोच्न थाल्ने कैयौं दिन धमाधम खेर जानथाले ।

वास्तवमा नारी बाठा पुरूषको सामाजिक विधानका रूपमा निर्मित धर्मसँग डराउँछन्, किनभने जीवनका सम्पूर्ण आधारहरू पुरूषका अधीनमा छन् । पौरूष विधानलाई लत्याउनुको अर्थ हुन्छ- जीवनका आधारहरू गुमाउनु । र, बाँच्नका लागि एउटा आधार त चाहिन्छ नै । जीवनका सम्पूर्ण मार्ग बन्द भएर धर्मको एउटा मार्गमात्र खुला भेटेकी नारीले त्यसलाई छाड्नै सकिन । जीवनका निरीहताको अन्त्य र सुखको प्राप्ति त मानव मात्रका लागि अकाम्य हुनै सक्दैन, तर ऊ त्यो कामना यसै जन्ममा/जीवनमा पूर्ण गर्ने आकांक्षा भने जीवनका सम्पूर्ण परिस्थितिले गर्दा पाल्न अक्षम बन्दछे । जीवन बाँच्नका लागि आस्था अड्याउने ठाउँ त चाहिन्छ नै । त्यो ठाउँ वास्तविक जीवनमा कतै पनि फेला नपरेपछि ऊ बाध्य भएर काल्पनिक जीवनतर्फ फर्किन्छे । ऊ यो जन्म यसरी अन्यौलमा बितेकाले पनि पूर्वजन्म र पुनर्जन्मलाई सपना अड्याउने चौतारा सम्झन्छे । धर्मरूपी रहस्यका गुफामा अलिकति आशा र सम्भावना उमारेर त्यसैको पुनर्जन्मका हाँगामा पुण्यका फलहरू फल्नका लागि उपयुक्त ठानिने आचरण र क्रियाकलापका बन्दी बनाउँछे आफूलाई- विश्वास लागेर पनि, के हो के हो भन्ने अन्यौल रहेर पनि र विश्वासै नलागेर पनि । डुब्दोलाई त्यान्द्राको सहारा ! अनि धर्मभीरू बन्छन् नारीहरू । र, यो स्थितिको अस्तित्व रहने भनेको नारीहरू स्वयं धर्म र धर्मशास्त्रको ऐतिहासिक विश्लेषण गर्नतर्फ प्रवृत्त नभइन्जेलका लागि मात्र हो । त्यसपछि भने उसले लैङ्गिक असमानता नभएको सीमाभित्र मात्र धर्म र धर्मशास्त्रलाई स्वीकार्ने छ, जुन युगको आवश्यकता पनि हो । ❑

अन्धविश्वास र कुरीतिहरूले समाजलाई पतनको बाटोतिर लैजान्छन् । बोक्सी, भूतविद्या आदि विषयमा प्रचलित अन्धविश्वासहरूतर्फ लाग्नुभन्दा यथार्थ कुराको विश्लेषण गरेर आइपरेका बाधा-व्यवधान हटाउनेतर्फ सचेत नागरिकहरूले लाग्नुपर्छ । अन्धविश्वास र कुरीतिहरूको प्रचलनबाट हुने दुष्परिणामहरूबारे जनसाधारणलाई जानकारी दिन सचेत र शिक्षित व्यक्तिहरूले अग्रसर हुनुपर्छ ।

श्री ५ को सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग




# एउटा बाहुला नभएको बुसर्ट

## कवि निभाको नयाँ कृति

**के साँच्चै जिउँदो छ यो घोडा ?**
**हो वास्तवमा चलमलाइरहेछ**
**घोडाको शव**
**ठिक्क संसद भवन अगाडि**
**विस्तारै विस्तारै**
**एउटा लयमा**

(विमल निभा : संसद र घोडाको शव)

**कवि** विमल निभाले २०५० सालमा लेखेर भर्खरै नयाँ पुस्तकमा संग्रहित गरेको *संसद र घोडाको शव* कविता अहिले दश वर्षपछि भनै सान्दर्भिक बन्न पुगेको छ । दश वर्षअघि लेखिएका हुन् वा पछि उनका सबैजसो कविता अहिले पनि उत्तिकै सान्दर्भिक र प्रभावपूर्ण लाग्ने गर्छन् ।

कवि निभा कविता र व्यंग्य साहित्यका सर्जक हुन् । उनी दुवै विधामा शक्तिशाली छन् । यद्यपि उनको परिचय मूलतः कविको रूपमा स्थापित छ ।

मार्क्सवादी जीवनदर्शनप्रति इमान्दार रहेर मानव जीवन र जगतलाई आफ्नो विषयको आधारभूमि बनाउनु उनको लेखनधर्मिता हो । उनी लेख्छन् जीवन र जगतका लागि भनेर, कला कलाका लागि भनेर हैन । उनका कविताले पुष्टि गर्ने कुरा पनि यही हो ।

कवि निभाको नयाँ कविता संग्रह *एउटा बाहुला नभएको बुसर्ट* हालसालै सार्वजनिक भएको छ । बीस वर्षअघि २०४० सालमा उनको पहिलो कविता संग्रह *आगोनिर उभिएको मानिस* प्रकाशित भएको थियो । समयको निक्कै लामो अन्तरालपछि उनको दोस्रो संग्रह प्रकाशित हुन पुगेको छ । यो पुस्तक *कालचक्र नेपाल*ले यही वर्ष प्रकाशित गरेको हो ।

उनको पहिलो कविता संग्रह *आगोनिर उभिएको मानिस*ले प्रशस्तै चर्चा र प्रशंसा प्राप्त गरेको थियो । नयाँ कविता संग्रह *एउटा बाहुला नभएको बुसर्ट* पनि आफ्नो रचनाशक्तिको कारणले साहित्यजगतमा चर्चाको अधिकारी भएको छ ।

कवि निभाको यस पुस्तकको ६६+८ पेजमा ३४ वटा कविता संग्रहित छन् । यसभित्र *इच्छाको ताप, पृथ्वीको भार* र *आत्माको खण्डहर* गरी तीन खण्डमा कविताहरू समेटिएका छन् । २०२६ सालमा लेखिएको लामो कविता *एउटा मजदूर आफ्नो इतिहासको तीन अध्याय लेख्छ* यो संग्रहको सबैभन्दा पुरानो र विमल निभाको पहिलो कविता हो भने अन्य कविता २०४१ साल यताका हुन् ।

यो संग्रहका कविताहरूमा समयचेत, सामाजिक प्रतिवद्धता, वैचारिक गाम्भीर्य तथा कलात्मक सुन्दरता छर्लङ्ग देख्न सकिन्छ । अर्थात् सुन्दर कविताहरूको संग्रह हो यो । यो संग्रहभित्रका *एउटा बाहुला नभएको बुसर्ट, संसद र घोडाको शव, इच्छा, हत्यातन्त्र, बाघ, आफूलाई बेचिसकेपछि, प्रेम, पाटन, मेरो सांसद मित्र*जस्ता कविता सुन्दरमात्र छैनन्, वैचारिक प्रतिवद्धताका दृष्टिले उत्कृष्ट पनि छन् । भावनात्मक सौन्दर्यका दृष्टिले *गुलबिया* त्यस्तै अर्को उत्कृष्ट कविता हो । यी कविता कवि विमल निभाका कवितामध्येका मात्र उत्कृष्ट नभएर समकालीन नेपाली कवितामै उत्कृष्ट कवितामध्येमा पर्छन् । तसर्थ, *एउटा बाहुला नभएको बुसर्ट* उत्कृष्ट कविताहरूको नमूना संग्रहको रूपमा पनि प्रस्तुत भएको छ ।

यो संग्रहले पनि सावित गरेको छ- कवि निभा जटिलता र ढोंगहरूबाट मुक्त छन् । उनी एउटा सरल कवि हुन् । तर त्यो सरलतामा अभिव्यक्त हुने गाम्भीर्य, स्तरीयता र उत्कृष्टता उनको प्रमुख विशेषता हो । अर्थात् सरलतामा स्तरीयता कवि निभाको निजी विशिष्टता हो ।

कवि निभाका कवितामा विचार र कलाको संयोजन अत्यन्तै प्रभावशाली रहेको छ । उनको कवितामा कलाबाट विचार अपरास्त छ भने विचारबाट पनि कला अपरास्त छ । यो उनको अर्को अनुपम विशेषता हो ।

नेपाली समाज र यो समाजका घटना एवं चरित्रहरू नै कवि निभाका कविताका विषयवस्तु हुन् । उनका कवितामा व्यक्ति, समाज र राजनीतिका अनेकौं विषय-सन्दर्भहरू समेटिएका छन् । व्यंग्य, विद्रोह र विरोधमा कवि निभाले आफ्नो सिर्जना-शिल्पलाई बेजोड ढंगले प्रस्तुत गरेका छन् । कवितालाई सजाउने शिल्पशैली, विम्ब र प्रतीकको प्रयोगमा उनी साह्रै समृद्ध छन् । उनको कल्पनाशीलता उनको कवितामा अत्यन्तै शक्तिशाली भएर प्रकट भएको छ ।

नेपाली साहित्यमा स्तरीय कृतिको प्रकाशनमा कमी भैरहेको वर्तमान अवस्थामा कवि निभाको यो कृति नेपाली कविताको मात्र हैन, समग्र नेपाली साहित्यकै लागि एउटा महत्वपूर्ण प्राप्ति बन्न पुगेको छ । विगतमा गोपालप्रसाद रिमालबाट शुरू भएको आधुनिक गद्य कविताको जनपक्षीय धारा भूपी शेरचन हुँदै विमल निभामा आइपुगेर अझ समृद्धशाली भएको छ । भूपीको काव्य-प्रवृत्तिबाट अघि बढेर विमलले जनपक्षीय कविताको निजात्मक स्वरूप निर्माण गरेका छन् । तसर्थ कविताको मूल्य, मान्यता र महत्तालाई बुझेर कविताको पारख गर्नेहरूले कवि विमल निभाको कलमप्रति गर्व गर्नुपर्छ ।


अन्त्यमा प्रस्तुत संग्रहभित्रको सर्वोत्कृष्ट कविताको यो पंक्ति :

**कुन्नि, यो के भइरहेछ**
**गायब हुँदैछन्, अकस्मात् हातहरु**
**पञ्चायतको अँध्यारो कालमा**
**मेरो साथीको एउटा हात गयो**
**र प्रजातन्त्रमा मेरो एउटा हात**


(विमल निभा : एउटा बाहुला नभएको बुसर्ट)

● शार्दूल भट्टराई


उल्लेख्य




प्रेम, विवाह र महिला मुक्ति
विधा : निबन्ध संग्रह
लेखक : श्यामप्रसाद शर्मा
प्रकाशक : विवेक सिर्जनशील प्रकाशन (प्रा.) लि.
पृष्ठ : ९६
मूल्य : रु. ५०/-




प्रतिबन्धित कलम
विधा : निबन्ध संग्रह
लेखक : प्रेमसुधा
प्रकाशक : अनेरास्ववियु (क्रान्तिकारी)
पृष्ठ : १२+१६७
मूल्य : रु. ५०/-




इमान बेच्न पाइँदैन
विधा : कविता संग्रह
लेखक : विष्णुबहादुर सिंह
प्रकाशक : मित्रकुन्ज, कमलपोखरी, काठमाण्डौ
पृष्ठ : १९+१०१
मूल्य : रु. १००/-

# फेरि फिल्म क्षेत्रमा आएका राजेन्द्र शलभ


राजेन्द्र शलभ एकजना परिष्कृत मानिस प्रतीत हुन्छन् । भेटघाटहरूमा उनको व्यवहारकुशलताले शिष्टाचारको एउटा उदाहरण प्रस्तुत गर्दछ । जीवनको पाँचौ दशकमा यात्रा गरिरहेका शलभका अनुभवहरू कविता, रंगकर्म र चलचित्रसँग जोडिएका छन् । ती सबै विषयहरूमा राजेन्द्र शलभलाई औसत मानिसभन्दा योग्य व्यक्तिका रूपमा देख्न सकिन्छ । अचेल उनी आफ्नै संस्था *दृश्य*लाई अभिव्यक्तिको संसारमा उपस्थित गराइरहेका छन् । यस संस्थाले टेलिभिजनका लागि कार्यक्रमहरू उत्पादन गर्छ । त्यस्ता कार्यक्रमहरूमा गीतहरूको दृश्यांकन प्रमुख पक्षको रूपमा रहेको छ ।

**'नेपाली भाषा र संस्कृति राम्ररी बुझेको मानिस चलचित्रको सेन्सर गर्ने ठाउँमा कहिल्यै बसेन । त्यसले गर्दा नेपाली चलचित्रमा नेपालीपनमाथि ध्यान पुऱ्याउने कार्य भएन ।**



*भन्नै सकिन* नामक चलचित्र *निर्देशन गर्दै राजेन्द्र शलभ*

पेशाले कानूनका प्राध्यापक राजेन्द्रले आफ्नो जीवनलाई सार्थक बनाउने उद्यम थालेको दुई दशकभन्दा बढी भइसकेको छ । कविता र कलाका अन्य पक्षहरूले आर्थिक सुरक्षा प्रदान गर्न नसकेको अवस्थामा उनले गार्मेन्ट उद्योगमा समेत आफ्नो श्रम लगानी गरेका हुन् । केही समय उनले बसन्त चौधरीहरूको संस्था *गंगादेवी लुनकरणदास चौधरी साहित्य कला मन्दिर*मा कार्यकारी निर्देशकको रूपमा पनि काम गरेका हुन् । यसअघि साहित्यकार सीता पाण्डेसँग मिलेर उनले नेपाल टेलिभिजनका निम्ति *साहित्य प्रभा* नामक साहित्यिक कार्यक्रम पनि चलाएका हुन् । अहिले ती सबै कामहरूको पृष्ठभूमिमा उभिएर उनी श्रव्यदृश्य माध्यमको व्यवसायलाई आफ्नै संस्था *दृश्य*मार्फत् हामीसमक्ष प्रस्तुत गर्ने काममा संलग्न छन् ।



उनले करिब १० वर्षअघि *परिभाषा* नामको चलचित्र निर्देशन गरेका थिए । नेपाली चलचित्र उत्पादनको भद्रगोल अवस्थामा उनको त्यो चलचित्र राम्रो चलचित्रका रूपमा आएको थियो । त्यस चलचित्रमा प्रजातन्त्रका निम्ति संघर्ष गर्ने प्रयत्नहरूलाई दृश्यहरूमा रूपान्तरण गर्ने काम भएको छ । यस चलचित्रमा राजेन्द्र शलभका सहयोगीका रूपमा अहिलेका चर्चित निर्देशक नवीन सुब्बा पनि थिए । नवीनले *परिभाषा*मा सहायक निर्देशकको जिम्मेवारी बहन गरेका थिए । त्यस्तै, वरिष्ठ रंगकर्मी सुनील पोखरेलले त्यसमा एउटा सशक्त चरित्रको भूमिकामा अभिनय गरेका थिए । त्यस चलचित्रलाई राजेन्द्र शलभ एउटा सार्थक र महत्वपूर्ण चलचित्र बताउँछन् । यो चलचित्र मुलुकमा प्रजातन्त्रको पुनः स्थापना भएको दुई वर्षपछि वि.सं. २०४९ सालमा सार्वजनिक प्रदर्शन भएको थियो ।

*परिभाषा* प्रदर्शनपछि राजेन्द्र शलभ कथानक चलचित्रको संसारबाट करिब करिब गायव भए । यसरी गायव हुनुको मूल र एउटै कारण उनी यसरी खुलस्त गर्छन् : "*परिभाषा* राम्रो चलचित्र मानियो । त्यसअघि *विजय पराजय* र *भाउजू*को निर्देशन गरेको थिएँ । ती तीनवटा चलचित्रहरूमा काम गर्दा पनि ममा सन्तुष्टि भएन । चलचित्र क्षेत्रमा पैसा र सन्तुष्टि दुवै आर्जन गर्न नसकेकोले मैले लामो समयसम्म त्यस क्षेत्रमा काम गरिंन ।"

तर दश वर्षपछि उनले फेरि फिल्म संसारमा उपस्थिति जनाएका छन् । त्यो उपस्थिति चलचित्र निर्देशककै रूपमा भएको छ । *भन्नै सकिन* नामक कथानक चलचित्र राजेन्द्र शलभको नवीनतम चलिचत्र हो । यस चलचित्रले व्यावसायिक सफलता पनि सन्तोषजनक स्तरमा प्राप्त गरेको छ । यसको कथा र पटकथा पनि शलभले नै लेखेका हुन् । श्री प्रोडक्सनको ब्यानरमा निर्मित यस चलचित्रलाई मूलधारकै चलचित्रका रूपमा बुझिएको छ । तर पनि केही प्रबुद्ध दर्शकहरूको भनाइ छ : "*भन्नै सकिन* एउटा व्यावसायिक ढाँचाकै प्रेम कथात्मक चलचित्र हो । तर पनि यस चलचित्रका केही ठाउँहरूमा साहित्य र कलाको राम्रो समझ भएका गम्भीर व्यक्ति राजेन्द्र शलभका अंशहरू देखा पर्छन् ।"

चलचित्रमा नायक दिलीप रायमाझी र नायिका संचिता लुईंटेलको अभिनय पनि राम्रो मानिएको छ । शलभ भन्छन् : "मूलधारको व्यावसायिक सिनेमा भए पनि राम्रै सिनेमा बनेकोमा मलाई सन्तोष लागेको छ ।"

नेपाली चलचित्रहरूमा कथाको

पुनरावृत्ति, हिन्दी चलचित्रको लज्जास्पद अनुकरण र स्तरहीनताजस्ता दोषहरू रहेको कुरालाई शलभ अस्वीकार गर्दैनन् । नेपाली चलचित्रको आफ्नो पहिचान बन्नुपर्छ भन्ने कुरामा पनि उनको विमति छैन । तर पनि उनी चलचित्रको नेपालीपन र स्तरीयताको विषयमा त्यति कट्टर धारणा राख्दैनन् । उनको विचारमा आम नेपाली दर्शकहरूलाई मनोरंजन दिन नसक्ने चलचित्र बनाएर नेपाली चलचित्रको स्तर बढाउने वा *आफ्नोपन* निर्माण गर्ने भन्ने कुराको पनि कुनै अर्थ छैन ।

भेटघाटको क्रममा राजेन्द्र शलभले भनेका थप दुईवटा प्रसंगहरू यहाँ उल्लेखनीय छन् ।

एक : चलचित्र मात्र होइन, जुनसुकै विषयमा पनि आफ्नोपनको सुन्दरताले हामीलाई आनन्दित तुल्याउँछ । आफ्नो चीजलाई राम्ररी प्रस्तुत गर्न सकिएमा त्यसले स्रोता वा दर्शक आफैं निर्माण गर्छ । यस विषयको चर्चा गर्दै शलभले भने : "अचेल रेष्टुरेन्टहरूमा दोहरी गीतहरू लोकप्रिय भएका छन् । गजल वा पपगीतहरूलाई विस्थापित गर्न सक्ने क्षमता हाम्रा लोकगीतहरूमा हुनु भनेको आफ्नोपनको शक्ति सवित हुनु पनि हो ।"

त्यसैगरी, चलचित्रहरूमा आवश्यक सेन्सरको चाहिं अभाव, तर अनावश्यक सेन्सरको चाहिं उपस्थिति रहेको कुरा गरिसकेपछि शलभले श्रव्यदृष्यको क्षेत्रमा सरकारको संचार नीति दोषपूर्ण रहेको देखिने एउटा घटना पनि बताए । ०४१ सालतिर उनले *साहित्य प्रभा* साहित्यिक कार्यक्रम नेपाल टेलिभिजनका निम्ति संचालन गर्दा त्यस कार्यक्रममा प्रसारित गरिने सामाग्रीहरूको वैचारिक सीमाबारे उनलाई बताइएको थियो । उनी त्यही सीमाभित्र रहेर काम गर्दै थिए । तर एकदिन समस्या आइलाग्यो । प्रशिद्ध साहित्यकार भवानी घिमिरेको एउटा कविता प्रसारण गर्दा उनलाई संस्थापन पक्षले स्पष्टीकरण लियो । त्यसो गर्नुमा कुनै नीतिगत कारण थिएन । पछि के थाहा भयो भने भवानी घिमिरे नामक व्यक्ति नेपाल टेलिभिजनका तत्कालीन हाकिमलाई नपच्ने नाम रहेछ । त्यसैले राजेन्द्र शलभ स्पष्टीकरणका भागी बने । त्यही घटना सम्झदै उनी भन्छन् : "संचार जगतमा प्रजातन्त्रले अझै प्रवेश पाएको छैन । ०४१ सालतिरको त्यो प्रवृत्ति अझै कायम छ । संचार नीतिलगायत थुप्रै विषयमा राज्यले प्रजातान्त्रिक र सहयोगी भूमिका खेलेन भने श्रव्यदृष्य माध्यम विकसित हुन सक्दैन ।"

चलचित्र क्षेत्रमा सेन्सरसीपको प्रावधान व्यावहारिक र उत्पादन सहयोगी नरहेको कुरा पनि शलभ बताउँछन् । उनको आफ्नै चलचित्र *परिभाषा*मा परेका केही सम्वादहरूलाई लिएर सेन्सरले आपत्ति जनाएको प्रसंग उनी सम्झन्छन् । उनका दृष्टिमा हाम्रो संचार नीति स्पष्ट छैन । एउटा व्यक्तिले आफूखुशी अर्थ्याउन सक्ने खालको 'अस्पष्ट' किसिमको सिद्धान्त त्यसमा छ । त्यसले गर्दा संचार नीतिको प्रभावकारी उपयोगभन्दा दुरूपयोग बढी भइरहेको आशंका उनी गर्छन् । त्यही प्रसंगमा अझ प्रष्ट पार्दै उनी भन्छन् :

'नेपाली भाषा र संस्कृति राम्ररी बुझेको मानिस चलचित्रको सेन्सर गर्ने ठाउँमा कहिल्यै बसेन । त्यसले गर्दा चलचित्रहरूलाई मात्र प्रोत्साहन पुऱ्याउने काम गरेछन् भने पनि चलचित्रको स्तर उठाउन धेरै सहयोग पुग्ने उनी बताउँछन् । उनी भन्छन् : 'चलचित्र क्षेत्रलाई उँभो लगाउन नीति निर्माण गर्नुपर्ने निकायहरू मौन रहेका र चलचित्र विकास बोर्ड चलचित्र क्षेत्रमा अनुपस्थित जस्तो देखिएको अवस्थाले पनि यस क्षेत्रलाई उकास्ने काम गरेको छैन ।'

उपरोक्त समस्याहरूको बीचबाट स्वयं चलचित्रकर्मीहरूले नै चलचित्रको विकास र राष्ट्रिय परिचयको आन्दोलनमा सक्रिय हुनुपर्ने आशय सलभ व्यक्त गर्छन् । यसरी शलभसँग लामै कुराकानी गरिएपछि पनि यस क्षेत्रका समस्याहरूबारे केही अलमल अझै भइरह्यो । यही अलमल्लिएको अवस्थामा शलभले नेपाली चलचित्रमा सरकारले दिइआएको मनोरंजन करबारे केही भन्न भ्याए । उनले भने : "नेपाली चलचित्रलाई एकमुष्ठ ६० प्रतिशत मनोरंजन कर छूट दिएर राम्रो भएको छैन । चलचित्रको स्तर वर्गीकरण गरेर स्तरअनुसार मनोरंनन र छूट दिनुपर्छ । त्यसो गर्दा राम्रोले ६० प्रतिशत, मझौलाले ३० प्रतिशत र सामान्यले २० प्रतिशत छूट पाउन सक्छन् भने रद्दी चलचित्रले छूट नपाउन पनि सक्छ । जथाभावी चलचित्र उत्पादनको अवस्थालाई नियन्त्रण गरेर गुणस्तरयुक्त चलचित्रलाई प्रवर्द्धन गर्ने एउटा उपाय यो पनि हुनसक्छ ।"

**चलचित्र-कर्मीहरूले नै चलचित्रको विकास र राष्ट्रिय परिचयको आन्दोलनमा सक्रिय हुनुपर्ने आशय सलभ व्यक्त गर्छन्**



*भन्नै सकिन* चलचित्रको एक दृश्य

नेपाली चलचित्रमा नेपालीपनमाथि ध्यान पुऱ्याउने कार्य भएन । अरू अनावश्यक प्रसंगहरूमा चाहिं सेन्सरको ध्यानाकृष्ट हुन्छ र सेन्सर गरिन्छ तर नेपाली चलचित्रको अनेपाली ढाँचा तथा त्यसमा अक्सर रहने अश्लील सन्दर्भ दृष्यहरूलाई भने खुला छूट दिने गरिएको छ ।'

नेपाली चलचित्रको गुणस्तर उठाउन यस क्षेत्रमा साहित्यकारहरूको संलग्नता उपयोगी हुन सक्ने शलभको विचार छ । त्यस्तै, संचार माध्यमहरूले पनि गतिलो समीक्षामार्फत् गतिला

○ गोविन्द वर्तमान

# कोलम्बियाका शान्तिवार्ताका पाठहरू

## युद्धका लागि शान्ति वार्ता

● राजेन्द्र महर्जन

### अल्पतन्त्रद्वारा लादिएको हिंसा

स्पेनी साम्राज्यका प्रतिनिधि क्रिस्टोफर कोलम्बसको नाममा स्थापित ल्याटिन अमेरिकी देश कोलम्बिया आजभोलि हत्या, हिंसा र युद्धले ग्रस्त मुलुकको रूपमा चर्चित छ । तीनचार शताब्दीसम्म स्पेनीश साम्राज्यअन्तर्गत हत्या, हिंसा र युद्धले ग्रस्त यस राष्ट्रले सन् १८१० को स्वतन्त्रतायताको अवधिमा पनि 'स्थायी युद्ध'को पीडा भोग्दै आइरहेको छ । जमीनमा आधिपत्य कायम गर्दै आएका शासकहरूको अल्पतन्त्र (Latifundistas) अन्तर्गतका कन्जरभेटिभ र लिबरल पार्टीको हिंस्रक सत्ता-संघर्षको फलस्वरूप यहाँका जनताले डेढ सयवर्ष लामो हिंसादेखि छद्म हिंसासम्म र युद्धदेखि छद्म-युद्धको समेत मार खप्दै आएका छन् ।

कोलम्बियाको राजधानी बोगोटामा सन् १९४८ मा भड्किएको दंगा (Bogotazo) नै एक दशकभन्दा बेसी समयसम्म हिंस्रक गृहयुद्धमा विस्तार भएको थियो । यस सामाजिक दुर्घटनाको बारेमा थाहा भएका मानिसहरूलाई कोलम्बियाली जनतामाथि अल्पतन्त्रद्वारा थोपरिएका हत्या, हिंसा र युद्ध र त्यसको प्रतिरोधमा भएका सशस्त्र संघर्ष र शान्तिवार्ताका प्रक्रियाहरू पटक्कै नौलो नलाग्नसक्छ ।

चारदशक लामो जनयुद्धको क्रममा हत्या, हिंसा र युद्धलाई बन्द गरी शान्ति कायम गर्ने उद्देश्यले राष्ट्रपति पास्त्रानाको सरकार र एफएआरसी (Revolutionary Armed forces of Colombia) नामक छापामार समूहबीच चलाइएको तीनवर्ष लामो वार्ताप्रक्रिया फेरि एकपटक भंग भएको छ ।

हो, फेरि एकपटक पहिलेपहिलेजस्तै कोलम्बियाभरि नै युद्धको आगो भड्किएको छ, हत्या-हिंसाको श्रृंखला चौतर्फी रूपमा फैलिएको छ । र, या श्रृंखलाले पुनः एकचोटि कोलम्बियालाई थिलथिलो पारेको छ, कोलम्बियालीहरूलाई रगताम्य पारेको छ । एकजना सैनिक बराबरी छजना निःशस्त्र नागरिकहरू मृत्युको मुखमा पुग्ने देश कोलम्बियामा शान्तिवार्ताको प्रक्रियाको अन्त्यसँगै शुरू भएको भयावह रक्तपात पनि अन्तिम रक्तपात हुने संभावना कहिंकतै देखिएको छैन ।

नागरिकहरूविरूद्ध युद्धको रूपमा देखिएको यस्तो गृहयुद्धजन्य रक्तपात चलिरहेको यस अवस्थामा गृहयुद्ध र शान्तिवार्ताहरूका बारेमा थुप्रै सवालहरू उठिरहेका छन् । प्रश्नै प्रश्नको घेरोमा रहेको गृहयुद्धको बारेमा भन्दा पनि सबैको आशाको केन्द्रका रूपमा विकसित शान्तिवार्ताहरूको असफलतामाथि केन्द्रित थुप्रै सवालहरू अहिले चिन्तनको विषय भइरहेका छन् । किन शान्तिवर्ताहरू पटक पटक असफल भइरहेका छन् ? किन युद्धबाट नाफा कमाउन पल्केकाहरू शान्तिवार्तालाई असफल पार्न सफल भइरहेका छन् ? यस्ता असफलताका जरो कारणहरू के के हुनसक्छन् ? पछिल्लो चरणको वार्ताप्रक्रिया भंग हुनाका कारणहरू के के हुन् ? यस्ता सवालहरू उठाउँदै चिन्तन गरिरहेका कोलम्बियाली इतिहासका जानकारहरूसमक्ष कोलम्बियाली युद्ध र शान्तिप्रक्रियाको लामो अनुभव किताबका पानाभैं खुला छन् । ती सबैको नकारात्मक र सकारात्मक सार अहिले आ-आफ्नो देशमा चलिरहेको शान्तिप्रक्रियाका बाधा-अड्चनहरू पहिल्याउने र तिनका जरो कारणहरूको निराकरण गर्न चाहने सबैलाई उपयोगी हुनसक्छ ।

### जनप्रतिरोधविरूद्ध युद्ध र वार्ता

सन् १९९९ देखि २००२ सम्म भएको यस शान्तिवार्ता कोलम्बियाको इतिहासको पहिलो वार्ता थिएन, न त वार्ता भंग भएको घटना नै वार्तासम्बन्धी प्रथम दुर्घटना थियो । साँच्चै भन्ने हो भने यस वार्ताप्रक्रियामा देखिएका बाधा अड्चनका कारणहरू पनि सम्पूर्णतः नौला थिएनन्, न त अल्पतन्त्र चलाइरहेका शासक वर्गले वार्ता भंग गर्नका लागि तेर्स्याएको निहुं नै पूर्णतः नयाँ थियो ।

जगलाई थाहा छ, कोलम्बियाको इतिहास गृहयुद्ध र शान्तिवार्ताहरूले भरिपूर्ण छन् । गृहयुद्धको लामो इतिहासको सारतत्व खिंच्दै एक किसान नेताले भनेका थिए- कोलम्बियाली युद्धहरू गृहयुद्ध होइनन्, सिभिलहरूविरूद्ध



*युद्धको हिंसक रुप : अमेरिकाद्वारा प्रशिक्षित कोलम्बियाली सेनाका जवान*

गरिएका वारहरू हुन्, अर्थात् वार्ताको नाममा नागरिकहरूविरूद्ध गरिएका युद्धहरू हुन् । यथार्थमा कैयौं पटक त यी शान्तिवार्ताहरू युद्धका लागि, युद्धको तम्तयारी र विस्तारका लागि गरिएका छन् ।

दुई दशक अगाडि M-19 को नाममा चर्चित Movimnto 19 de Abril छापामार समूहदेखि लिएर एफएआरसी र इएलएन (National Liberation Army)सँग गरिएका शान्तिवार्ताहरू मूलतः शासक वर्गको युद्धको तम्तयारीको रूपमा अभिव्यक्त भएको इतिहास छ । कोलम्बियासम्बन्धी अध्येता जस्टिन पोदुरले विगतका शान्तिवार्ताहरूलाई शासक वर्गले गरेको दुरूपयोगको सारलाई यसरी प्रकट गरेकाछन्- 'कोलम्बियाली कुलीन शासक वर्गको शान्तिवार्ताको नमूना स्पष्ट छ : जब अन्त्यन्त चर्को दवाव हुन्छ, तब वार्ता गर्नुस् र वार्ताहरूलाई अर्को चरणको युद्धको तम्तयारीमा बदल्नुस् । जब तपाईं अर्को चरणको युद्धका लागि सामरिक र वैचारिकरूपमा तम्तयार बन्नुहुन्छ, तब तपाईं युद्धका लागि निहुँ खोज्नुस्, विपक्षीमाथि आरोपको वर्षा गरेर युद्धमा हाम्फाल्नुस् र वार्ताको क्रममा गरिएका बाचाहरू रछ्यानमा फ्याँक्नुस् ।'



*वार्ताका लागि तत्कालीन राष्ट्रपति पास्त्राना छापामार नेता मारलाँदासँग जंगलमा भेटघाट गर्दै*

## वार्ताप्रक्रियाः कोलम्बियाली र अमेरिकी सरकार

सन् १९९० को दशकको शुरूतिर राष्ट्रपति सिजर ग्याभिरियाको सरकारले यही रणनीतिअन्तर्गत शान्तिवार्ता गरेको थियो र शान्तिवार्ता अचानक भंग गरी युद्ध पनि चलाएको थियो । तर युद्ध र वार्ताजस्ता दुवै उपायबाट पनि एफएआरसी र इएलएनजस्ता विद्रोही छापामारहरू पराजित भएनन् । यस्तो स्थितिमा नवनिर्वाचित राष्ट्रपति अर्नेष्टो साम्परको सरकारले पनि शान्तिवार्ताको प्रक्रिया अगाडि बढाएको थियो ।

त्यतिखेर, एकातिर डेनियल गार्सियापेनाको अध्यक्षतामा 'पीस कमीशन'समेत निर्माण गरी शान्तिवार्ताको प्रक्रियालाई तीव्र पारिएको थियो । र, अर्कोतिर War on Drugs को नारा लगाउँदै लागू औषधको तस्करीविरूद्ध युद्ध छेड्ने निहुँमा देशकै सैनिकीकरणलाई पनि व्यापक र गहन गरिएको थियो ।

राष्ट्रपति साम्परले थालेको शान्तिवार्ताको प्रक्रिया कोलम्बियामा पत्याउनै गाह्रो हुने हदसम्म लोकप्रिय भएको थियो । वार्ताद्वारा शान्ति कायम गर्ने उत्कृष्ट चाहनावश एक करोड कोलम्बियालीहरूले जनमत संग्रहमा युद्धको विपक्षमा र वार्ताद्वारा शान्तिपूर्ण निकासको पक्षमा मतदान गरेका थिए । तर साम्पर सरकार 'वार अन ड्रग्स'प्रति पूर्ण प्रतिबद्ध नभएको कारण तेर्स्याएर अमेरिकी सरकारले लगानी, सहयोग र ऋण दिने कार्यमा कडिकडाऊ गर्ने र सकेसम्म सैनिक उपाय प्रयोग गर्न दवाब दिने कार्य गरेपछि वार्ताप्रक्रियामा समेत नकारात्मक असर परेको थियो । यसै क्रममा साम्पर सरकारले आफ्नो चुनावी अभियानको क्रममा लागू औषधका एक प्रमुख तस्कर गिरोह 'काली ड्रग कार्टेल'बाट आर्थिक सहयोग लिएको रहस्योद्घाटनपछि अमेरिकी सरकारद्वारा उसलाई म्याद सकिएको औषधि ठानी दुत्कार्न थालिएको थियो ।

## पछिल्लो वार्ताप्रक्रियाको थालनी

सन् १९९० को दशकको पछिल्लो चरणमा भएको चुनावमा साम्परको सट्टा सेर्पा र पास्त्रानाबीच कडा प्रतिस्पर्धा भएको थियो । र, दुवै उम्मेद्वारले आफूलाई आफ्ना प्रतिस्पर्धीभन्दा बेसी मात्रामा शान्तिवार्ताका प्रबल पक्षधर रहेको दावी गर्दै जनताको मत बटुल्ने कार्य गरेका थिए । चुनावमा 'शान्तिवार्ताका प्रबल पक्षधर'का रूपमा विजयी भएका पास्त्रानाले शान्तिवार्ताको वातावरण बनाउन एफएआरसी नामक सबैभन्दा ठूलो विद्रोही छापामार समूहको इलाकामा गएर उनीहरूका नेतासँग भेट्ने र 'शान्ति योजना'को उद्घोष गर्ने साहसिक काम गरेका थिए । अनि लागू औषध उत्पादन र तस्करीको कार्यलाई रोक्न उनले मार्शल प्लान (Marshall Plan of Colombia) अभियान चलाउने घोषणा समेत गरेका थिए ।

छापामार नेताहरूसँग जंगलमै भेट्नुभन्दा अगाडि उनले अमेरिकामा गएर राष्ट्रपति विल क्लिन्टनसँग आफ्नो योजनाका लागि हारगुहार मागेका थिए । अमेरिकाको आशिर्वाद प्राप्त भएपछि उनले लागू औषधिविरोधी युद्धलाई तीव्र र व्यापक पार्ने तथा शान्तिवार्ताको प्रक्रियालाई अगाडि बढाउन छापामार नेताहरूसँग भेट्ने क्रम शुरू गरेका थिए ।

यसैबीच सन् १९९८ को मध्य-डिसेम्बरतिर अमेरिकी सरकारका उच्चअधिकारीहरू र एफएआरसीका प्रतिनिधिहरूबीच छिमेकी देश कोस्टारिकामा भेटघाट भएको थियो । सो भेटघाटमा छापामारहरूद्वारा अपहरित अमेरिकी नागरिकहरूको रिहाइ र लागू औषधिको तस्करीसम्बन्धी मुद्दामा छलफल भएको थियो । र, उनीहरूबीच पुतामायो, काक्वेटा र ग्वामियारेजस्ता कोलम्बियाली प्रान्तहरूमा लागू औषधिको निर्माणमा प्रयोग गरिने कोकाको खेतीलाई वैकल्पिक खेतीद्वारा हटाउँदै लैजाने सहमति पनि भएको थियो ।

जेहोस्, एफएआरसी र पास्त्राना सरकारदेखि अमेरिकी सरकारसम्म पनि आ-आफ्नै निहित स्वार्थसहित वार्ताको पक्षमा देखिएपछि कोलम्बियामा पछिल्लो चरणको शान्तिवार्ताको प्रक्रिया अगाडि बढेको थियो । राष्ट्रपति पास्त्राना र एफएआरसीका मुख्य नेता मारूलाँदाले भेटघाटको क्रममा द्वन्द्वको समाधान वार्ताद्वारा खोज्नका लागि शान्ति प्रक्रिया चलाउने प्रतिबद्धता व्यक्त गर्ने क्रममा पटकपटक दोहोऱ्याएका थिए- 'राजनैतिक हिंसा र युद्धको कारक तत्वको रूपमा रहेको सामाजिक अन्याय र लागू औषधिको उत्पादन र तस्करीलाई नियन्त्रण गर्न कोकाको


● अल्पतन्त्रद्वारा लादिएको हिंसा ● जनप्रतिरोधविरूद्ध युद्ध र वार्ता ● वार्ताप्रक्रियाः कोलम्बियाली र अमेरिकी सरकार ● पछिल्लो वार्ताप्रक्रियाको थालनी ● युद्धवादीहरूको सैन्य तम्तयारी ● वार्ताविरोधी देशी अनुहार ● वार्ताको विरोधमा षड्यन्त्रको जालो ● निहुँ खोजाइभित्रको गहिरो रहस्य ● विद्रोहीहरूका गल्ती र कमजोरी

खेतीलाई अन्य खेतीद्वारा विस्थापनका सवालहरूलाई शान्तिवार्ताले सम्बोधन गर्नेछ ।'

यही प्रतिबद्धताका साथ सन् १९९८ देखि सन् २००२ सम्म पास्त्राना सरकार र एफएआरसीका बीच तीनवर्ष लामो वार्ताप्रक्रिया चलेको थियो, कहिले युद्धविराम नगरीकन, कहिले युद्धविरामलाई सीमित क्षेत्रमा मात्र केन्द्रित गरीकन । वार्ताको क्रममा स्वीट्जरल्याण्ड सरहको क्षेत्रलाई 'असैनिकृत इलाका' (Demilitarized Zone) घोषणा गरी छापामारहरूलाई आफ्नो नयाँ सत्ताको अभ्यास गर्ने अवसर उपलब्ध भएको थियो । र, सामाजिक अन्यायका पक्षहरू केलाएर द्वन्द्वको समाधानका संभावनाहरू खोज्ने काम पनि केही अगाडि बढेको थियो र कोकाको खेती विस्थापन योजना पनि केही हदसम्म चलेको थियो ।

## युद्धवादीहरूको सैन्य तम्तयारी

सरकारमाथि राष्ट्रिय र अन्तर्राष्ट्रिय पूँजीपति वर्ग र तिनका वर्गीय प्रतिनिधिहरू, विशेषगरी अमेरिकी सरकारको दवाबपछि ती सहमतिको कार्यान्वियनमा फेरबदल आउन थाल्यो । कोका खेतीको विस्थापनको सट्टा सैनिकहरूद्वारा आकासबाट रासायनिक पदार्थ छर्केर खेती नै नष्ट गर्ने प्रणाली लागू गरियो । संवाद, सहमति र सम्झौताद्वारा द्वन्द्वको समाधान गर्नुको सट्टा निहुँ खोज्ने, आचारसहिता उल्लंघन गर्ने, विपक्षीलाई उत्तेजित पार्ने र आ-आफ्नो सैनिकीकरणलाई तीव्र पार्ने अभियान नै चलाउन थालियो ।

अगस्ट १९९९ मा अमेरिकी विदेश मन्त्रालयका तेस्रो प्रमुख हर्ताकर्ता थोमस पिकरिङले कोलम्बियाको भ्रमण गरी एफएआरसीलाई असैनिकृत क्षेत्र सुम्पिएकोमा आफ्नो सरकारको असन्तुष्टि पोखेका थिए । उनले पास्त्राना सरकार छापामारहरूसँगको व्यवहारमा अति नै नरम भएको गुनासो गर्दै के जनाऊसमेत दिएका थिए भने यस्तो 'सफ्ट डिलिङ' (नरम व्यवहार) ले पास्त्राना सरकारप्रति अमेरिकी सरकारको सहयोगमा कमी ल्याउनसक्छ । उनले आफ्नो सरकार कोलम्बियालाई 'नयाँ सहयोग' को प्याकेज नै कोसेली दिन तम्तयार रहेको लोभ पनि देखाएका थिए र त्यस्तो कोसेली प्राप्त गर्नका लागि कोलम्बियाले 'लागू औषधिको तस्करीविरूद्ध विस्तृत योजना तर्जुमा गर्नुपर्ने' शर्त पनि राखेका थिए ।

जम्माजम्मीमा अमेरिकी सरकारले विभिन्नथरी अभिव्यक्ति र व्यवहारद्वारा के देखाएको थियो भने ऊ आफू कोलम्बियाली शान्तिवार्ताको प्रक्रियाविरूद्ध छ । अतः उसले लागू औषधिको तस्करीविरोधी युद्धको आकर्षक नारामा वामपन्थी छापामारहरूविरूद्ध शान्तिवार्ताको सट्टा युद्धको तम्तयारी गर्न जोड दिन थालेको थियो । र, 'शान्तिवार्ता उम्मेद्वार'का रूपमा राष्ट्रपति पदमा विजयी भएका पास्त्राना, नयाँ नयाँ शान्ति योजनासहित वार्तामा क्रियाशील रहँदारहँदै अमेरिकाचाहिँ युद्धको तम्तयारीमा व्यस्त हुनथालेको थियो । ऊ कोलम्बियाली सेनासँग प्रत्यक्ष सम्बन्ध

अमेरिकी सरकारले वार्ताकै बेला हेलिकोप्टरहरू, सैन्य प्रशिक्षण र हातहतियारको आपूर्ति तथा कोलम्बियाली सेना र अर्द्धसैनिक दस्तालाई हरहिसाबले अर्को युद्धका लागि तम्तयार गर्ने कार्य गरी शान्तिप्रक्रियालाई विफल पार्ने प्रयत्न गरिरहेको थियो ।

*छापामारहरुका लागि असैनिकृत क्षेत्र*




गाँसेर सैन्य-क्षमता अभिवृद्धि गर्ने कार्यमा व्यस्त हुनथालेको थियो । वार्ता चलिरहेकै बेला विल क्लिन्टनको अमेरिकी सरकारले 'प्लान कोलम्बिया'अन्तर्गत लडाकू हेलिकोप्टरहरू सप्लाई गर्ने, सैन्य प्रशिक्षण र हातहतियारहरूको आपूर्ति गर्ने तथा कोलम्बियाली सेना र अर्द्धसैनिक दस्तालाई हरहिसाबले अर्को युद्धका लागि तम्तयार गर्ने कार्य गरी शान्तिप्रक्रियालाई विफल पार्ने प्रयत्न गरिरहेको थियो ।

## वार्ताविरोधी देशी अनुहार

**'गरीवी र अपूर्ण भूमिसुधारले कोम्बियालाई ल्याटिन अमेरिकाका अत्यन्त त्रासदीपूर्ण राष्ट्रहरूमध्ये एउटा मुलुकमा रूपान्तरित गरेका छन् ।'**

*– अल्फ्रेडो भास्क्वेज क्यारिजोसा, कोलम्बियाली मानवाधिकार आयोगका अध्यक्ष तथा पूर्व विदेशमन्त्री ।*

एफएआरसी र सरकारबीचको शान्ति वार्ताको एउटा मुख्य एजेण्डा थियो- गरीवीलगायत सामाजिक अन्यायका विविध रूपहरूको उन्मूलन । खुला बजार, उदारीकरण र विश्वव्यापीकरणको फलस्वरूप अमेरिकी पूँजीपति वर्ग र तिनको सरकारसँग सम्बन्ध जोडिएका कोलम्बियाली कुलीन शासक वर्गभने सामाजिक अन्यायसँग जोडिएका सवालहरूलाई शान्तिवार्ताको एजेण्डा बनाउन पटक्कै तम्तयार थिएन । र, पास्त्राना सरकार-छापामार समूहबीचको वार्तामा यस्ता सवालहरूलाई एजेण्डा बनाइएकोमा तिनीहरूको कडा आपत्ति थियो । आर्थिक सुधारलाई वार्ताको विषय बनाइनु हुन्न भन्ने अनुदारवादी मत बोकिरहेका तिनीहरू जल्दाबल्दा सामाजिक समस्या र विद्रोहका जरो कारणहरूबारे वार्तामा छलफल गर्न र सम्झौता गर्नमा छेकेवारका रूपमा उभिएका थिए ।

विलियम अभिजेजका अनुसार, आर्थिकरूपमा कुलीन वर्गको स्वार्थ परम्परागत राजनीतिक सत्ताको स्थिति र स्थिरतासँग प्रत्यक्षरूपमा गाँसिएको छ । अपहरणको चुनौतीविना जमीनबाट पूँजी आर्जन गर्ने कार्यमा अमेरिकाका नीतिगत दवाबहरू सैन्य मामिलामा आर्थिक शक्तिहरूको संलग्नताका लागि गतिला प्रोत्साहनहरू हुन् ।

अभिजेजले अर्का अध्येता रिचानीलाई उद्धृत गर्दै लेखेका छन्- 'पशुपालन, केरा र कफीजस्ता उद्योगसँग सम्बन्धित ग्रामीण पूँजीपति वर्गको प्रतिनिधित्व गर्ने प्रमुख समूहहरूको मत त्यस्तो वार्तजन्य निकासको विपक्षमा छ, जुन निकासले भूमिसुधारलाई तीव्र र व्यापक पार्नसक्छ । उद्योग, वित्त र बैकिङ्ग क्षेत्रका प्रतिनिधिहरू पनि नवउदारवादी आर्थिक मोडेललाई असर गर्ने खालका सम्झौताहरूको विपक्षमा एकमत छन् । अतः प्रभुत्वशाली आर्थिक समूहहरूको स्थिति र तिनीहरूको मत सेना, लागू औषधिका तस्करहरू, लिबरल पार्टी र कन्जरभेटिभ पार्टीका धेरैजसो अत्याचारीहरू तथा सत्तासीन मोर्चाका सदस्यहरूको स्वार्थबीच सामञ्जस्यता छ ।'

अभिजेजका अनुसार, आर्थिक रूपमा कुलीन वर्ग पनि एउटै ड्याङ्गको मूला होइन, यो पनि स्वार्थले गर्दा थोरैमात्रामा विभाजित छ । वैदेशिक पूँजीको लगानीका पक्षधर आर्थिक शक्ति र पूँजीपतिहरू सुरक्षा र स्थिरताको खोजीको क्रममा वार्ताद्वारा निकास खोज्ने कार्यमा थोरै सहयोगी

भएका थिए, जस्तो पेट्रोलियम उद्योग र बैंकिङ्ग क्षेत्र । सन् १९९९ मा गरिएको जनमत सर्वेक्षणमा कोलम्बियाली उद्योग-व्यवसायका नेताहरूमध्ये ८४% ले शान्तिको पहलकदमीको समर्थन गरेका थिए, तर २४% ले मात्रै यस्तो शान्तिप्रक्रियामा आफ्नो तर्फबाट केही आर्थिक त्याग गर्ने इच्छा जाहेर गरेका थिए । र, ६५% ले वार्ता भंग भएमा विद्रोही छापामारहरूको चुनौती सामना गर्न तानाशाहीपूर्ण रणनीतिलाई समर्थन र सहयोग गर्ने प्रतिबद्धता प्रकट गरेर आफ्नो सक्कली नियत प्रकट गरेका थिए ।

वार्ता विरोधीहरूको खाँटी देशी अनुहार चिन्न खोज्दा कोलम्बियामा ब्यापार-व्यवसाय गरिरहेका बहुराष्ट्रिय कम्पनीहरूका सुरक्षा प्रमुखहरूको सक्कली अनुहारलाई कदापि बेवास्ता गर्न सकिँदैन । त्यहाँ रहेका ६५ वटा ठूल्ठूला बहुराष्ट्रिय कर्पोरेशनहरूका सुरक्षा-प्रमुखहरू अवकाशप्राप्त सैनिक अधिकारीहरू हुन्, जसको कोलम्बियाली सेनासँग दैनिकरूपमा सम्पर्क र सल्लाह हुन्छ । १९९८ को 'कोलम्बिया लेबोर मनिटर' पत्रिकाका अनुसार अमेरिकाजस्ता अन्तर्राष्ट्रिय नियन्ताहरू र बहुराष्ट्रिय कम्पनीहरूले निहित स्वार्थवश नागरिक समाज र राज्यमा दमनकारी यन्त्र र यन्त्रचालकहरूलाई शक्तिशाली बनाउन सघाइरहेका छन् ।

यसै सन्दर्भमा अमेरिकी शासक वर्ग, कोलम्बियाली कुलीन वर्गलगायत सेनाले दमनमाथि अत्याधिक जोड दिइरहेको, अपराधीकरणलाई टेवा दिइरहेको र सामाजिक आन्दोलनहरूलाई नष्ट गर्न भरमग्दुर प्रयत्न गरिरहेको पक्ष उल्लेखनीय देखिन्छ । यी सबै पक्षहरू 'लागू औषधिको तस्करीविरूद्ध युद्ध', छापामार विद्रोहविरोधी लडाइँ, अर्द्धसैनिक हत्यारा दस्ताको नागरिक विरोधी 'फोहोरी युद्ध' (Dirty War) को विस्तारमार्फत् अभिव्यक्त भइरहेका छन् । अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) द्वारा लादिएको ढाँचागत समायोजन र निजीकरण कार्यक्रमको फलस्वरूप सिर्जना भएको गरीबी र बेरोजगारीविरूद्ध उठेका सामाजिक आन्दोलनहरूमाथि हिंस्रक दमनको क्रममा लोकप्रिय मजदूर नेताहरू, किसान, आदिवासी र अफ्रो-कोलम्बियाली जनताहरूको संहारको प्रकृति पनि वार्ताविरोधी देखिन्छ । शान्तिपूर्ण समाधानको खिलाफमा रहेका यस्ता हिंस्रक दमनका सरकारी नायक-खलनायकहरू र आफूलाई सरकारभन्दा अलग्ग देखाउन खोज्ने अर्द्धसैनिक हत्यारा दस्ताका नेता र कमाण्डरहरूले चलाइरहेको योजनाबद्ध र व्यवस्थित दमन र हिंसालाई जतिसुकै ठूल्ठूलो स्वरमा चिच्याएर 'आतंकवादविरोधी अभियान' नाम दिइएता पनि त्यसको चरित्र भनेको कुलीन शासक वर्गीय शान्ति वार्ताविरोधी चिन्तन र कर्मभन्दा अलग्ग देखिँदैन ।

## वार्ताको विरोधमा षड्यन्त्रको जालो

कुलीन शासक वर्गको चरित्र र एजेण्डाभन्दा फरक ढंगले सोच्ने, उसको चिन्तन र कर्मभन्दा अलग्ग ढंगले काम गर्नेहरू हिंस्रक दमन र उत्पीडनका बावजूद संघर्षरत छन्, जुन महत्वपूर्ण पक्ष हो । तापनि वार्ताविरोधी चरित्र र चिन्तन बोक्ने देशी-विदेशी शासक वर्ग र कुलीन वर्गले वार्ताको अवधिभित्र एकातिर हिंसा र दमनलाई तीव्र पारेका थिए भने अर्कोतिर विद्रोहीहरूसँग आर्थिक, सामाजिक र राजनीतिक सुधारविरोधी व्यवहार देखाएको स्थितिमा वार्ता उपलब्धिविहीन हुन्थ्यो नै । र त्यसलाई युद्धको तम्तयारीको अवधिको रूपमा प्रयोग गरिन्थ्यो नै ।

शान्तिप्रक्रियाको मुख्य अवरोधको रूपमा रहेका कुलीन शासक वर्गको 'युद्धयन्त्र'माथि प्रकाश पार्दै विलियम अभिजेजले लेखेका छन् : 'क्षेत्रीयस्तरमा अर्द्धसैनिक नेटवर्क (संजाल)मार्फत्, राष्ट्रियस्तरमा राज्यका प्रमुख पदहरूमा प्रत्यक्ष सहभागिता र नागरिक लबिङ्गमार्फत् कोलम्बियाको घरेलु कुलीन आर्थिक शक्तिहरू राजनीतिक दमन र सैनिक समाधानका मुख्य स्रोतहरू हुन् । अन्तर्राष्ट्रियरूपमा अमेरिकी सरकार र बहुराष्ट्रिय पूँजीले कोलम्बियाली सशस्त्र फौजलाई आर्थिक सहयोगको ओइरो र 'लागू औषधिको तस्करी विरोधी युद्ध'को प्रोत्साहनमार्फत् कोलम्बियाभित्र दमनकारी शक्ति र रणनीतिलाई बलवान र प्रभावशाली बनाउने प्रमुख मुहानको काम गरिरहेको छ ।


यी र यस्तै बाधा-अड्चनहरूकाबीच भएको तीनवर्ष लामो शान्तिवार्ता अन्ततः फ्रेब्रुअरी २००२ बाट भंग भएको थियो र पुनः नरसंहारकारी युद्ध शुरू भएको थियो । भंग भएको पछिल्लो वार्ताको अन्तिमतिर कोलम्बियाली शासक वर्गले वार्ता भंग हुनुको कारणको रूपमा तेर्स्याएको निहुँ यस्तो थियो- छापामारहरूद्वारा सिनेटर टर्बेको अपहरण ! त्यस अपहरणलाई एफएआरसीको वार्ताप्रक्रियाप्रतिको अनिच्छाको अभिव्यक्तिका रूपमा चित्रण गरिएको थियो । असैनिकृत घोषित गरी एफएआरसीलाई छाडिएको स्वीट्जरल्याण्ड जत्तिको मुक्त भूमिमाथिको सरकारी आक्रमणको कारण र सरकार-छापामार समूहबीच भड्किएको युद्धको मुख्य कारणको रूपमा पनि यसैलाई प्रस्तुत गरिएको थियो ।

यस्तो सरकारी दावीको प्रतिवाद गर्ने क्रममा कोलम्बियासम्बन्धी अध्येताहरू जस्टिन पोदुर र म्यानुअल रोजेन्तलले लेखेका छन्- 'अपहरण गर्नु अपराध हो । डिसेम्बरमा सरकार र अर्द्धसैनिक दस्ताद्वारा गरिएको सारा मरूगो र एन्रिके अरेलानोजस्ता यूनियनवादीहरूको हत्या झन् ठूलो अपराध समेत हो । तर यस्तो जघन्य हत्याजस्तो अपराध वार्ता भंगको कारण किन भएन ? सरकार र अर्द्धसैनिक हत्यारा दस्ताहरूद्वारा दिनरात अपहरण, हत्या र हिंसाको श्रृंखला चलिरहँदा किन केवल एफएआरसीविरूद्ध मात्रै युद्ध छेडियो ?'

## निहुँ खोजाइभित्रको गहिरो रहस्य

किनकि, अपहरण अपराध हुँदाहुँदै पनि वार्ता भंग हुनुको मुख्य कारण होइन, कारण बनाइएको वा बताइएको मात्रै हो । सिनेटर टर्बेको अपहरणलाई निहुँ बनाएर युद्ध संचालन गरेको सरकार वास्तवमा सन् २००२ को फेब्रुअरीसम्म पुग्दानपुग्दै युद्धका लागि निहुँ खोज्ने स्तरसम्म पुगिसकेको थियो । वास्तवमा सरकारले शान्तिका लागि होइन, युद्धका लागि वार्ता गरेको थियो, युद्धको सम्पूर्ण तम्तयारी गर्न अत्यावश्यक समय जुटाउनका लागि वार्ताको नाटक गरेको थियो । जब सम्पूर्ण तम्तयारी पूरा भयो, तब उसले युद्धका लागि शान्तिवार्ताको प्रक्रिया भंग गर्न अनुकूल वातावरण बनाउने र जायजजस्तो देखिइने निहुँ खोज्ने काम गरेको थियो, जुन एफएआरसीले उपलब्ध गराइदिएको थियो ।

जस्टिन पोदुरका अनुसार, फेब्रुअरी, २००२ सम्ममा युद्धका लागि सरकारी तम्तयारी पूरा भइसकेको थियो । अमेरिकाद्वारा प्लान कोलम्बियाको गुरूयोजनाअन्तर्गत थालेको सैन्य सहयोगको वर्षालाई तेज पार्न थालिसकेको थियो । अमेरिकी सहयोग पाउने राष्ट्रहरूमा विश्वको पहिलो मुलुक कोलम्बियामा अमेरिकी सैन्य सहयोग लाखौं डलरको कोसेलीको रूपमा बर्सिएको थियो । त्यतिखेरसम्म अमेरिकाद्वारा दिइएका सैन्य



*असैनिकृत क्षेत्रनजिकै कोलम्बियाली सैनिकहरु तैनाथ गर्दै अमेरिकी हेलिकोप्टर*

हेलिकोप्टरहरू विभिन्न प्रान्तहरूमा रहेका सैन्य अखडाहरूबाट लडाइँका लागि उड्न तम्तयार भइसकेका थिए । लागू औषधिको तस्करीविरूद्ध पुतामायो प्रान्तमा खडा गरिएका 'एन्टी नार्कोटिक्स बटालियन'हरूलाई अमेरिकी सेनाद्वारा दिइएको सैन्य प्रशिक्षण पूरा भइसकेको थियो र उनीहरू युद्धका लागि जम्जमाउन थालिसकेका थिए ।

'प्लान कोलम्बिया' गुरूयोजनाअन्तर्गतका सम्पूर्ण सैन्य तम्तयारी पूरा हुनु र शान्तिवार्ता भंग हुनुबीच 'अनौठो संयोग' देखिएको थियो, जुन काकताली मात्रै हो भन्न सकिंदैन । प्लान कोलम्बियाको क्रियान्वयनसँगसँगै तत्कालीन राष्ट्रपति पास्त्राना र सुरक्षा फौजका सेनापति तापियासबीच सार्वजनिक रूपमै चर्किएको विवाद र टकरार पनि कुनै काकतालीमात्रै हो भन्न गाह्रो छ । किनकि अमेरिकी सरकारले जतिजति मात्रामा सेनापतिलगायत सैन्य कमाण्डरहरूसँग प्रत्यक्ष कुराकानी गर्ने र सिधै सहयोग ओइर्‍याउने तथा राष्ट्रपतिसँग कमभन्दा कम बोल्ने क्रमसँगै यस्ता काकतालीहरू देखिएका थिए ।

यसैबीच कोलम्बियादेखि पेरू, इक्वेडर, पानामा र अमेरिकाका संचार माध्यमहरूमार्फत् भएको शान्तिवार्ताविरोधी शीतयुद्ध पनि कुनै सन्जोगमात्रै कदापि थिएनन् । कोलम्बियाली मिडियाले एकपछि अर्को जनमत सर्वेक्षण गरी जनमानसमा युद्धप्रियता र युद्धोन्मादको भाव फैलाएको थियो । जनमत सर्वेक्षणको क्रममा तपाईंहरू युद्ध चाहनुहुन्छ कि भनी सोधिएका प्रश्नहरूमा अधिकांशले सकारात्मक विचार पोखेका आँकडाहरूले भरिपूर्ण रिपोर्टहरूको सिरिज नै छापिएको थियो । र, कोलम्बियाभन्दा बाहिरका माथि उल्लिखित राष्ट्रहरूको मिडियाले आ-आफ्नो देशमा एफएआरसीको उपस्थिति रहेका कथाहरू उत्पादन गरी व्यापक प्रचार गरेको थियो ।

यही निहुँ बनाएर अमेरिकी विदेश विभागले ल्याटिन अमेरिकी क्षेत्रमा आफ्नो सैन्य उपस्थितिलाई अझ व्यापक र घनीभूत पार्नुपर्ने तर्क अगाडि सारेको थियो । यही तर्कलाई व्यावहारिक रूपमा अनुवाद गर्ने क्रममा कोलम्बियाको छिमेकी मुलुक भेनेजुयलाका जनपक्षीय राष्ट्रपति ह्यूगो शाभेजविरूद्ध अमेरिकाद्वारा प्रायोजित ढंगले सैन्य विद्रोह र संघर्षको लहर उठाइएको थियो । र, कोलम्बियाका विभिन्न सैन्य अखडाहरूमा सहयोग र प्रशिक्षणको नाममा अमेरिकी सैनिकहरूको चलखेलमा पनि व्यापक वृद्धि गरिएको थियो ।

यी सबै घटनाहरू र घटनाभित्रका धाराहरूको अध्ययनबाट के देखिन्छभने कोलम्बियाली शासक वर्ग र अमेरिकी सरकारले शान्तिवार्ताको प्रक्रियालाई युद्धको तम्तयारीको अवधिको रूपमा मात्रै दुरूपयोग गरेका थिए । त्यसैले नै प्लान कोलम्बियाअन्तर्गत दिइएको अमेरिकी सैन्य सहयोग उत्कर्षमा पुगेकै बेला वार्ताविरोधी प्रचारयुद्ध चर्किनु कुनै काकताली थिएन । कोलम्बिया अमेरिकी सहयोग पाउने विश्वकै एक नम्बरको राष्ट्र भएकै समयमा शान्तिवार्ता भंग हुनु पनि कुनै संजोग थिएन । नयाँ युद्धको सम्पूर्ण तम्तयारीकै सिलसिलामा प्रायोजित ढंगले भएका यस्ता घटनाहरू कोलम्बियाली र अमेरिकी सरकारद्वारा संयुक्तरूपमा निर्माण गरिएको युद्धयन्त्रले युद्धविराम र वार्ता दुवै भंग गर्नका लागि गरेका पूर्वतयारीका लक्षणहरू थिए ।

## विद्रोहीहरूका गल्ती र कमजोरी

यसैबीच सेप्टेम्बर, २००२ को शुरूमा एफएआरसीका एक छापामार कमाण्डरद्वारा प्लेन अपहरण गरिएको थियो । अपहरणपछि सरकारी सेनाद्वारा गरिएको कमाण्डो कारवाहीको दौरानमा उनी सकुशल बचेर भाग्न सफल भएको घटनाले निहुं खोजिरहेका देशी-विदेशी वार्ताविरोधीहरूलाई थप मसला प्रदान गरेको थियो । त्यतिखेर धेरैजसो संचार माध्यमहरू र कुलीन आर्थिक शक्तिहरूले पास्त्राना सरकारलाई शान्तिवार्ता भंग गरी युद्धघोष गर्न चर्को दवाब दिएका थिए । एफएआरसीले त्यसबेला के तर्क राखेको थियो भने यदि सरकारी सेनाको कुनै कमाण्डरले छापामारहरूको डफ्फालाई त्यसरी छक्याएर भागेको भए आज उसलाई 'राष्ट्रिय वीर'को रूपमा पूजा गरिन्थ्यो । अतः यस्ता घटना-दुर्घटनाहरूको उपचार गर्न संवादको टेबुलमा 'क्राइसिस कमिशन'जस्तो विशेष आयोग बनाएर अगाडि बढ्नु पर्ने र शान्तिवार्ता भंग हुन नदिने उपाय खोज्नुपर्ने कुरा पनि यसले प्रस्तुत गरेको थियो ।

त्यही महिना एफएआरसीका छापामारहरूबाट भएको सिनेटर टर्बेको अपहरणबाट पनि कोलम्बियाली र अमेरिकी सैनिकहरूको युद्धयन्त्रलाई मनग्गे निहुँ प्राप्त भएको थियो । र, एफएआरसीको क्राइसिस कमिशनको उचित मागलाई लत्याएर यस समूहलाई शान्तिवार्ताविरोधी ठहर्‍याउने र यसैमाथि वार्ता भंग गरेको दोष थोपरेर युद्धको उद्‌घोष गर्ने काम भएको थियो । यसका प्रत्येक गल्ती र कमजोरीलाई वार्ता र शान्तिविरोधी ठहर्‍याउन उद्यत कोलम्बियाली र अमेरिकी सरकारले वार्ता र वार्ताद्वारा शान्तिपूर्ण निकासका सबै मार्गहरू अवरूद्ध गर्न यस्ता तिकडमहरू गर्दैआइरहेका थिए । पछिल्लो वार्ताप्रक्रिया पनि त्यसैको शिकार भएको थियो । यसरी शिकार हुनुमा एफएआरसीको गल्तीलाई पनि बेवास्ता गर्न मिल्दैन, जुन गल्तीहरूको दोहन गरेर तिनीहरूले शान्तिका संभावनाहरूलाई आफ्ना युद्धवादी सैनिक बूटहरूले नराम्ररी कुल्चने अवसर पाइरहेका छन् ।

वार्ता र शान्ति प्रक्रिया भंग गर्न निहुँ खोज्ने, वार्ताको टेबुलमा रहेको विपक्षी छापामार समूहविरूद्ध शीतयुद्ध गर्ने र विपक्षीका हरेक गल्ती कमजोरीवश हुने घटना-दुर्घटनाहरूलाई शान्तिवार्ताविरोधी आक्रमणको रूपमा दोहन गर्ने मामिलामा तिनीहरूले एफएआरसीलाई हरेक पटक पछार्दै आइरहेको परिदृष्य देखिएको छ । यो कूटनीतिक लडाइँमा पछारिंदै आएका एफएआरसीले अब पनि आत्मसमीक्षा नगर्ने हो भने त्यस्ता युद्धवादी देशी-विदेशी शासक वर्ग पराजित हुने संभावना निकै कम हुनसक्छ, चाहे त्यो कूटनीतिक संघर्षमा होस् या रक्तपातपूर्ण युद्धमा । ❑



'ड्रग वार'को निहुँमा कोलम्बियामा कार्यरत अमेरिकी प्रतिनिधि मेक्काफ्रेइ

सन्दर्भ ग्रन्थहरु


- ❑ *Geopolitics of Plan Colombia by James Petras, Monthly Review, May 2001*
- ❑ *The War Foretold; Obstacles and Prerequisites to Peace in Colombia by Justin Podur and Manuel Rojental; April 5, 2002*
- ❑ *Direct Democracy in Colombia ; An Interview with Alirio Arroyave and Arquimedes Vitons by Justin Podur, Rabble, Sep. 2002*
- ❑ *A Snapshot of Colombia by Justin Podur Manuel Rojental; Jan. 29, 2002*
- ❑ *Psycosocial Dynamics of the Armed conflict in Colombia by Camilo A. Azcarate, Online journal of Peace and Conflict Resolution 2.1–March 1999*
- ❑ *The Colombia Plan; April 2000 by Noam Chomsky*

# एसएलसीको नतिजा किन यति झूर ?

**यसपालिको एस.एल.सी**

| | |
|---|---|
| जाँच दिएका कुल विद्यार्थी- | २ लाख, ३० हजार ८७२ |
| उत्तीर्ण विद्यार्थीहरू- | ५० हजार ४०८ |
| उत्तीर्ण प्रतिशत- | ३२ प्रतिशत |
| सरकारी विद्यालयबाट उत्तीर्ण- | ३५ प्रतिशत |
| निजी विद्यालयबाट उत्तीर्ण- | ६५ प्रतिशत |

*- स्रोत परीक्षा नियन्त्रण कार्यालय*

❑ पूर्ण बस्नेत

**३१ जेठमा** एसएलसी परिक्षाको नतिजा प्रकाशित भएपछि शैक्षिक बहस निकै तेज भएको छ । अनगिन्ती शैक्षिक समस्यालाई सूत्रवद्ध गरी विद्यार्थी संगठनहरूले चलाएको आन्दोलनसँगै शिक्षा प्रणालीमा ब्यापक परिवर्तनको प्रश्न टडकारो बनेको छ । एसएलसीको नतिजाले असफल शिक्षा प्रणालीलाई उदाङ्गो पारिदिएपछि विद्यार्थी, अभिभावक, शिक्षक, शिक्षाविद सबै एकै ठाउँमा उभिएका छन् - शिक्षा प्रणालीमा परिवर्तनको सवालमा ।

एसएलसीको परीक्षामा नियमिततर्फ १ लाख ७० हजार ३ सय ८९ विद्यार्थी सहभागी भएकोमा १ लाख १५ हजार ७ सय ८२ असफल भए । त्यस्तै एक्जम्प्टेडतर्फ सम्मिलित ६० हजार ४ सय ८९ परीक्षार्थीमध्ये ५६ हजार ६ सय ८८ असफल भए । नियमित र एक्जम्प्टेड्समेत २ लाख ३० हजार ८ सय ७८ परीक्षार्थीमध्ये ५८ हजार ४ सय ८ जनामात्र उतीर्ण भए । ३२ प्रतिशत पास, ६८ प्रतिशत फेल भए । अर्थात् तीनमा २ जना फेल, एक जना मात्र पास । नतिजा आएपछि सबभन्दा धेरै चर्चा यही असफलताले पाएको छ । असफल भएका १ लाख ७२ हजार ४ सय ७० जना किशोर किशोरीले अब के गर्छन् भन्ने जटिल प्रश्न उठेको छ । देशको उराठलाग्दो राजनीतिक परिस्थितिमा आएको यो प्रश्नको चित्तबुझ्दो जवाफ सत्ता सम्हालेका कसैसँग छैन ।

यसपटकको एस.एल.सी.मा सरकारी विद्यालयबाट ३५ र निजीबाट ६५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको परीक्षा नियन्त्रण कार्यालयले जनाएको छ । महँगो शुल्क लिने निजी विद्यालयका ३५ प्रतिशत विद्यार्थी असफल भएका छन् । सरकारी विद्यालयको परिणाम त निराशाजनक नै छ । धेरै सरकारी विद्यालयको एसएलसी परिणाम शून्यमा झरेको छ । धनकुटाका १०, रामेछापका १०, तनहुँका ११, महोत्तरीका ५, इलामका ५, स्याग्दीका ८, रूपन्देहीका ४, मोरङका ४, उदयपुरका ६, सिन्धुलीका १० सरकारी विद्यालयको परिणाम शून्य भएको समाचार प्रकाशित भैसकेको छ । एसएलसी नतिजामा शून्य हुने यस्ता विद्यालयहरूको अरू संख्या धेरै छ ।

पोहोरसाल ३६ प्रतिशत उत्तीर्ण गरेको पाटन माध्यमिक विद्यालयले यसपालि ५९ प्रतिशत उत्तीर्ण गऱ्यो । अरू यस्तै विद्यालयको तुलनामा यो राम्रो परिणाम हो । "तर सधैं तलमाथि परिरहन्छ" भन्नुहुन्छ प्रधानाध्यापक होमबहादुर कुँवर । शिक्षाशास्त्रीहरूको विचारमा सरकारी विद्यालय असफल हुनुमा दुईवटा कारण प्रमुख छन्- अति राजनीतिकरण र विद्यार्थीको वर्गीय आधार । "योग्यता र क्षमता नहेरी सांसदले शिक्षक नियुक्ति गर्छ । त्यो शिक्षक जतिसुकै रद्दी भएपनि स्कूलले पालेर राख्नु पर्छ । तर निजी स्कूलमा पढाउन नसकेको भोलिपल्टै स्कूलले निकालीदिन्छ ।" प्रधानाध्यापक कुँवर शिक्षामा राजनीतिकरणको प्रश्न अगाडि सार्दै भन्नुहुन्छ- "राम्रो वातावरण हुने हो भने राम्रो परिणाम ल्याउन सकिन्छ । तर आफ्ना छोराछोरी निजी स्कूलमा पढाउने सांसद, मन्त्री, नीति-निर्माता, कर्मचारीले सरकारी स्कूलमा सुधार ल्याउन सक्छन् र ?"

नेपाल शिक्षक संघका अध्यक्ष केशवप्रसाद भट्टराईको विचारमा सरकारी र निजी स्कूललाई दाँज्नु भनेको टोकियो र काठमाडौं नगरपालिकालाई एकै ठाउँमा राखेर हेर्नु जत्तिकै हो । "शहरमा हुनेखाने वर्गले पढ्ने साधन स्रोत सम्पन्न निजी स्कूल र राज्यको सबभन्दा तल्लो वर्गले पढ्ने उपेक्षित सरकारी स्कूलबीच तुलना हुनै सक्दैन," अध्यक्ष भट्टराई भन्नुहुन्छ- "यो असमानताबाट केही मान्छेहरूले सम्पूर्ण अवसर आफ्नो हातमा लिइरहेका छन् ।"

कुनै समय सरकारी स्कूलमा पढेको विद्यार्थी एसएलसीमा सर्वप्रथम हुन्थ्यो भन्ने कुरा अहिलेको अङ्ग्रेजी पुस्तालाई पत्यार नलाग्न सक्छ । प्रशस्त पैसा खर्च गर्न र ट्युशन पढन सक्ने, हुनेखानेका छोराछोरी निजी स्कूलमा पढ्छन् । "निजी स्कूलले छानेर छोडेका बालबालिका सरकारीमा आउने हुन् ।" कुँवर भन्नुहुन्छ - "यता स्कूलमा राम्रो पढाइ हुँदैन । दिनहुँ दुख गरेर खानु पर्ने अभिभावकले पनि छोराछोरीको पढाइमा ध्यान दिन सक्दैनन् । अनि कसरी राम्रो परिणाम आउँछ ?"

एसएलसी नतिजामा शून्य परिणाम ल्याउने सरकारी स्कूलका प्रधानाध्यापक र सम्बन्धित जिल्ला शिक्षा अधिकारीलाई विद्यार्थी संगठनहरूले सांकेतिक कार्वाही चलाइरहेका छन् । नेविसंघ, अनेरास्ववियु लगायतका सात विद्यार्थी संगठनहरूले उनीहरूलाई अभिनन्दन गरेर व्यंग्यात्मक कार्वाही गरिरहेका छन् । "कार्वाहीबाट जिल्ला शिक्षा अधिकारीहरू तर्सेका छन्" भन्नुहुन्छ अनेरास्ववियु (एकिकृत)का अध्यक्ष कृष्ण अधिकारी ।

अनेरास्ववियु (क्रान्तिकारी) ले इलामलगायत केही जिल्लामा शून्य परिणाम ल्याउने स्कूलका प्रधानाध्यापकहरूलाई कालोमोसो दलेर भौतिक कार्वाही नै थालेको छ । "स्थानीय रूपमा सांकेतिक कार्वाही मात्र गरिएको हो । मूल दोषी राज्य भएकाले नीतिगत तहमै परिवर्तन आवश्यक छ," क्रान्तिकारीका सचिव हिमाल शर्मा भन्नुहुन्छ - "समुदायलाई हस्तान्तरण गर्ने नाममा सार्वजनिक स्कूल निजीकरण गर्ने षडयन्त्र भइरहेको छ ।"

शिक्षाविद डा. मीनबहादुर विष्टको विचारमा निजी शिक्षाले सार्वजनिक शिक्षालाई क्रमशः ध्वस्त गर्दैछ । एसएलसीको नतिजा त्यसैको एउटा परिणाम हो । "दुईथरी शिक्षाले वर्गीय खाडल झन बढाउँदै लगेको छ । यसले सामाजिक द्वन्दलाई अझ बढाउँछ," विष्ट भन्नुहुन्छ ।

आफ्नो धरातल ख्याल नगरी दाताको निर्देशनमा योजना बन्ने भएकाले शिक्षा प्रणाली असफल भएको निष्कर्ष छ, नेपाल राष्ट्रिय शिक्षक संगठनका महासचिव बाबुराम अधिकारीको । "आयातीत योजना कसरी सफल हुन्छ ?" अधिकारी प्रश्न गर्नुहुन्छ ।

परीक्षा नियन्त्रण कार्यालयका अधिकारीहरूले एसएलसीमा धेरै विद्यार्थी असफल हुनुको कारण खोज्न तत्काल अध्ययन थालिने बताएका छन् । धेरै वर्षपछि पुनः केशरमहलको कुर्सीमा पुगेका शिक्षामन्त्री हरिबहादुर बस्नेतले पनि असफलताको कारण पत्ता लगाउन अनुसन्धान गरिने घोषणा गरे । तर समग्र शिक्षा प्रणाली परिवर्तन नगरेसम्म यस्ता अध्ययन अनुसन्धानले स्थितिमा उल्लेखनीय परिवर्तन नआउने ठहर शिक्षाशास्त्रीहरूको छ ।

"फोकस् नमिलाएको क्यामराबाट खिचेको तस्वीर जस्तो भएको छ हाम्रो शिक्षा," शिक्षक संघका अध्यक्ष भट्टराईको प्रश्न छ- "एसएलसीमा शतप्रतिशत विद्यार्थी पास भएको भए पनि हाम्रो शिक्षालाई गुणस्तरीय भन्न मिल्थ्यो त ?" ❑


बढी असफल हुनुले सामाजिक असन्तुलन बढ्ने चिन्ता

• देश •

सरकारी विद्यालयका तुलनामा निजी विद्यालयको परिणाम सन्तोषजनक

धनकुटाका पाँच, बाराका दश र तेह्रथुमका तीन विद्यालय...

...सुनितालाई पुरस्कार

एसएलसीमा सुधार गर्न सरकार तयार

# माओवादी क्षेत्र नजिकै गएर हेर्दा

सुखराम चौधरीको परिवारलाई भेट्दा राज्यले चलाएको क्रूरतम आतङ्कको पराकाष्ठा त देखियो नै, त्यो आतङ्कको कारक र उत्प्रेरक भएर जनयुद्धका छापामारहरूले समेत भूमिका खेलेको देखियो ।

● गोविन्द वर्तमान
*रोल्पा, कैलाली र बाग्लुङको भ्रमणपछि*

बीस वर्षीय सुखराम चौधरीको मृत्युको दुर्घटना माओवादी जनयुद्धपछि देशमा भएको चौतर्फी आतंकको एउटा सटिक उदाहरण हुनसक्छ । त्यस दुर्घटनामा भयावह राज्यआतंकको अत्यन्त अमानवीय तस्वीर त छर्लंग हुन्छ नै, त्यसमा माओवादीहरूको अनुत्तरदायी युद्ध-शैलीले निम्त्याएको आतंकको तस्वीर पनि देख्न सकिन्छ । तसर्थ, त्यो दुर्घटना सात वर्ष चलेको गृहयुद्धका पाटाहरूलाई व्यक्त गर्ने एउटा प्रतिनिधि घटना पनि हुनसक्छ । यतिबेला वार्ताको टेबुलमा आएका दुई युद्धरत पक्षहरूले त्यस दुर्घटनाको विभत्सता र परिणामहरूलाई यदि राम्ररी मनन गर्ने हो भने यस मुलुकमा दिगो शान्तिका लागि प्रभावकारी उपायहरूको अवलम्बन गर्नुबाहेक अर्को विकल्प देखिँदैन ।

यस लेखकले वैशाखको अन्तिम साता र जेठको पहिलो साता मुलुकका युद्धग्रस्त क्षेत्रहरू रोल्पा, कैलाली र बाग्लुङ्गको अध्ययन भ्रमण गरेको थियो । त्यस अध्ययन भ्रमणमा मूलतः राज्य र माओवादी पक्षबाट पीडितहरूको अध्ययनलाई केन्द्रमा राखिएको थियो । त्यस क्रममा रोल्पा, कैलाली र बाग्लुङ्ग तीनवटै जिल्लामा गृहयुद्धले युद्धरत पक्षहरूलाई भन्दा युद्धको छेउछाउमा रहेका नागरिकहरू तथा निर्दोष जनतालाई नै अपुरणीय क्षति पुऱ्याएको दृष्टान्त फेलापरेको थियो । कैलालीका सुखराम चौधरीको मृत्युको दुर्घटना निर्दोष नेपालीले भोग्नु परेको अपुरणीय क्षतिको अनेकौं दृष्टान्तमध्ये एउटा प्रमुख दृष्टान्त हुनसक्छ ।

रोल्पाको सदरमुकाम लिवाङ्ग र त्यसदेखिको पश्चिमी गाउँ माडीचौरबाट युद्धका घाउ र अझै देखिने त्यसका परिणामहरू हेरेर वैशाख २६ गते हामी कैलालीको सदरमुकाम धनगढी पुगेका थियौं । धनगढीको संक्षिप्त भ्रमण सकेर २९ गते कैलालीको अर्को शहर टीकापुर पुग्दा न्यायको निम्ति लडिएको भनिने जनयुद्धको अनुहार न्याय-युद्धको जस्तो देख्न सकिएन । त्यसमाथि वैशाख ३० गते टीकापुरसँगै जोडिएको पथरैया गाविसको अमौरामा पुगेर सुखराम चौधरीको परिवारलाई भेट्दा राज्यले चलाएको क्रूरतम आतङ्कको पराकाष्ठा त देखियो नै, त्यो आतङ्कको कारक र उत्प्रेरक भएर जनयुद्धका छापामारहरूले समेत भूमिका खेलेको देखियो । तसर्थ पनि मूल्यांकनका पाठकहरूका निम्ति यहाँ मृतक सुखराम चौधरीको परिवारसँग गरिएको कुराकानी र कुराकानीबाट बुझिएको तथ्यकथा प्रस्तुत गर्नु सान्दर्भिक होला भन्ने मलाई लाग्छ ।

सुखरामको परिवारले बताएको यस वृत्तान्तमा राज्यआतंकको उदांगो नमूना प्रकट भएको छ ।

यो ०५९ भाद्र २५ गतेको दुर्घटना हो । त्यो घट्नु अघि रातको दृश्य यस्तो थियो :

"ढोका खोल !" रातको एक बजेतिर माओवादीको एउटा सानो जत्था आएर थारू भाषामा भन्यो ।

"ढोका खोल !"

ढोका खट्खटाउँदै फेरि उनीहरू कराए ।

माओवादी भनेका काला, डरलाग्दा, हतियार बोकेका हुन्छन् भनेर सुखरामकी आमाले सुनेकी थिइन् । सुखरामका बालाई पनि माओवादी भनेका त्यस्तै हुन्छन् भन्ने परेको थियो । त्यसैले घरभित्र सुतिरहेका परिवारका सबै सदस्यहरू डरले कामे । ढोका खोलौं कि नखोलौं भयो । त्यसैले उनीहरूले सानो स्वरमा ढोका खोल्ने कि नखोल्ने भनेर सल्लाह गरे । सुखरामकी आमा शीतली देवी भन्छिन् :

"हामी एकदम डराएका थियौं । ढोका निक्कै खट्खटाएपछि हामीले सल्लाह गरेका थियौं । अनि मैले डराई डराई सुटुक्क चुकुल खोलें । उनीहरू बास बस्न आएका रहेछन् । मैले सुत्ने ठाउँ छैन भनें । उनीहरू मानेनन्... ।"

शीतलीदेवी एक छिन टोल्हाएझैं भइन् ।

"अनि के भयो त ?" सोधियो ।

"'हामीहरूले कस्तो कस्तो अप्ठ्यारो ठाउँमा त रात विताएका छौं । यहाँ जस्तो ठाउँ भए पनि हुन्छ, त्यत्तिकै सुत्छौं' भनेर उनीहरू जवर्जस्ती बस्न खोजे ।"

"'हैन हामीहरूलाई अप्ठ्यारो पर्छ, तपाईंहरू यहाँ नबसिदिनोस्' भनेर बिन्ती गर्दा पनि उनीहरू रिसाए र जवर्जस्ती बसे ।"

"उनीहरू कति जना थिए ?" हामीले सोध्यौं । केही सम्झेझैं गरी शीतलीदेवी भन्छिन् :

"उनीहरू सातजना थिए । तीमध्ये चारजनाले हतियार बोकेका थिए । यहाँ अट्दै नअट्ने भएकाले तीनजना पछाडिको घरमा गए, चारजना चाहिं यहीं बसे । मैले फेरि उनीहरूलाई : 'भोकै भए बरू भात पकाएर ख्वाईदिन्छौं, तिर्खा लागे पानी दिन्छौं, खानुस् र जानुस्, यहाँ नबसिदिनुस्.. विन्ती छ..., भनें । तर उनीहरू मानेनन् ।"

अन्दाजी ५० वर्षकी शीतलीदेवी चौधरीले यो वृत्तान्त सुनाइरहँदा सुखरामकी श्रीमती सीतादेवी काखको बच्चा च्यापेर सासुसँगै बसिरहेकी थिइन् । उनले भनिन् :

"उनीहरू जबर्जस्ती हाम्रो घरमा बसे । हामीले आफूसँग भएको ओढ्ने-ओछ्याउने दियौं । उनीहरू भूइँमा ओछ्यान लगाएर सुते । हामी पनि डराई डराई सुत्यौं ।"

त्यो रातको घटना हो । त्यसपछि २५ गते विहान माओवादीहरूलाई खोज्दै सशस्त्र प्रहरी र जनपद प्रहरीसहितका सुरक्षाकर्मीहरू त्यहाँ आइपुगे । त्यसपछि भने युद्धकालीन यो घटनाले विभत्स दुर्घटनाको रूप लियो । दुर्घटनामा निर्दोष मानिसहरूले दोषभागी हुनुपऱ्यो । सुरक्षाकर्मीहरू आइसकेपछिको घटना विवरण सुखरामकी श्रीमती सीतादेवीले थारू भाषामा बयान गरिन् । त्यसको बीच बीचमा सुखरामकी आमा शीतलीदेवीले पनि सम्झिएका कुरा निम्नअनुसार भनिरहेकी थिइन् ।

०५९ भाद्र २५ गते विहान करिव ८ बजेतिर सुरक्षाकर्मीहरू आइपुगे । उनीहरू आइरहेको देख्ने बित्तिकै त्यहाँ बसेका माओवादीहरू भागे । सुरक्षाकर्मीहरू अलि परै गाडी राखेर त्यहाँ आइपुगेका थिए । आउँदाआउँदै उनीहरूले भागिरहेका चारजना माओवादीहरूलाई देखे । तर तिनीहरूलाई समात्न वा गोली हानेर मार्न सकेनन् । उनीहरू उम्किए ।

त्यही बेला सुखराम चौधरी घरबाट लम्की जानका निम्ति निस्किएका थिए । उनी लम्कीमा एउटा घडी पसलमा घडी बनाउने तालिम लिइरहेका रहेछन् । त्यही क्रममा उनी महेन्द्र राजमार्गको नजिकको बजार लम्कीमा जान निस्किएका थिए । घरबाट त्यसरी निस्कने बित्तिकै दुईजना प्रहरीले रोकेर उनलाई सोधपूछ गरेछन् । सोधपूछपछि ती दुईटाले छोडिदिए, तर लगत्तै अरू प्रहरीले उनलाई समाते । समातेपछि प्रहरीले उनलाई जथाभावी र निर्मम ढंगले कुट्न थाले । त्यो दृश्य हेर्न नसकेर डरले अतालिएकी सुखरामकी

"मलाई आँखामा पट्टी बाँध्नुअघि मेरो लोग्ने सुखरामलाई बेहोश हुने किसिमले कुटिसकेका थिए । त्यस्तो अवस्थामा उनीहरूले फेरि सुखरामको मुखमा बालुवा कोचिदिए ।

१९ वर्षीया श्रीमती सीतालाई पनि उनीहरूले समातेर कुटे ।

सीता भन्छिन् : "म त्यसै पनि डरले कामिरहेकी थिएँ । उनीहरूले मलाई पनि कुटे । मेरो आँखामा पट्टी बाँधिदिए । दुवै हात पछाडि लगेर बाँधिदिए । अनि मलाई त्यही हालतमा माटोको भकारीजस्तो अन्न राख्ने ठाउँ डेहरीभित्र पसाल्थे । त्यहाँबाट बाहिर निस्की भन्थे । तर जब म निस्कन सक्दिनथें । अनि फेरि पिट्थे । त्यही हालतमा 'माओवादीले राखेको हतियार खोज्' भन्थे । आँखामा पट्टी बाँधेको अवस्थामा केही खोज्न सकिन्नथ्यो । त्यहाँमाथि माओवादीहरूले हतियार राखेको मलाई थाहै थिएन । अनि मैले क्यै गर्न नसक्दा पुलिसहरूले मलाई जगल्टा समातेर फेरि बेस्सरी पिटे...।"

यसरी सुरक्षाकर्मीहरूले सुखराम र उनकी श्रीमतीलाई निर्मम तरिकाले कुटपीट गरिरहँदा सुखरामकी आमालाई खपिनसक्नु भयो । उनले तिनीहरूलाई 'त्यसरी नपिट्नोस्' भनिन् । त्यसको उत्तरमा प्रहरीले ती ५० वर्षीय महिलालाई समेत अमानवीय तरिकाले कुट्नथाले । अनि उनी सानो बच्चा अंगालोमा बोकेर छिमेकमा गुहार माग्न दौडिइन् । शीतली भन्छिन् :

"म नाति बोकेर गाउँमा हारगुहार माग्न भागें । तर कसैले हामीलाई गुहार दिएन ।... त्यतिबेलासम्म पनि छोरो सुखराम र बुहारीलाई पुलिसहरूले कुटिरहेका थिए ।"

सासुलाई उछिनेर बुहारी सीताले भनिन् :

"मलाई आँखामा पट्टी बाँध्नुअघि मेरो लोग्ने सुखरामलाई बेहोश हुने किसिमले कुटिसकेका थिए । त्यस्तो अवस्थामा उनीहरूले फेरि सुखरामको मुखमा बालुवा कोचिदिए । रून कराउन नसकोस् भनेर पनि त्यसो गरेका होलान् । त्यसपछि मलाई पनि सुखरामलाई कुटिरहेको ठाउँमा घिच्याएर लगे । मुखमा बालुवा कोचिदिए । त्यसपछि मलाई आँखामा पट्टी बाँधेर घरभित्र डेहरीमा खसाल्न ल्याएर फेरि पिटे । तर सुखरामलाई चाहिँ बालुवा कोचेकै ठाउँमा, घर अगाडिको खेतमा कुटिरहेका थिए । तिनीहरू हातले, खुट्टाले र डण्डाले कुट्थे । मैले मेरो श्रीमान्‌लाई बालुवा कोचेर पिटेको अवस्थामा अन्तिम पटक देखेकी थिएँ... ।"

सीता कुरूप अतीतलाई बलजफ्ती ओकलिरहेकी थिइन् । सुरक्षाकर्मीहरूले कतिसम्म गरेछन् भने सीताको साथमा रहेको दूधे बालखलाई देखाएर 'त्यो तेरो बच्चा होइन, अरूको चोरेर ल्याएकी होस्' भन्ने आरोप लगाएरसमेत पिटेछन् । उनलाई पिट्दा डरले अताल्लिएर त्यो बच्चा मूर्छा पर्ने गरी रोएको कुरा सीताले भनिन् ।

ठीक त्यहीबेला नजिकै छिमेकीको घरमा रहेकी सीताकी जेठानीलाई पनि प्रहरीले समातेर ल्याएछन् । जेठानी त्यसबेला गर्भवती थिइन् ।

**त्यसपछि जे भयो त्यो राज्यआतंक र अमानवीयताको पराकाष्ठा थियो । सशस्त्र प्रहरीहरूले जेठानीलाई भान्छा घरमा राखे भने सीतालाई चाहिँ बस्ने घरमा राखेर अर्धबेहोश अवस्थामा बलात्कार गरे ।**

उनलाई पनि दाउराको चिर्पटले बेस्सरी कुटे । त्यसपछि जे भयो त्यो राज्यआतंक र अमानवीयताको पराकाष्ठा थियो । सशस्त्र प्रहरीहरूले जेठानीलाई भान्छा घरमा राखे भने सीतालाई चाहिँ बस्ने घरमा राखेर अर्धबेहोश अवस्थामा बलात्कार गरे । त्यो कुरा सीता स्वयंले यस पंक्तिकारलाई भनेकी थिइन् ।

केही छिन रोकिएर सीताले फेरि भनिन् :

"...त्यसबेला पानी परिरहेको थियो । मलाई नजिकैको प्रहरी थानामा लगेर राखे । त्यसबेलासम्म मेरो आँखामा पट्टी बाँधिएकै थियो । केही समयपछि प्रहरीको अर्को कमाण्डर आयो र आँखाको पट्टी खोलिदियो । त्यतिबेलासम्म मेरो श्रीमान् सुखरामको अवस्था के छ भन्ने मलाई थाहा थिएन । उनलाई मुखमा बालुवा कोचेर पिटेको र बेहोस् भएको अवस्थामा अन्तिम पटक देखेकी थिएँ । मलाई उनैको सम्झना भइरहेको थियो । तर प्रहरीको यो कमाण्डरले पनि आँखाको पट्टी खोल्ने बित्तिकै 'माओवादीलाई अब बस्न दिइस् भने तँलाई पनि मार्छौं, र तेरो घर पनि उडाइदिन्छौं' भन्यो । उसले त्यस्तो भनेपछि मेरो श्रीमान्‌लाई मारेछन् भन्ने मलाई शंका लाग्यो ।"

प्रहरीले आँखाको पट्टी खोलिदिएपछि सीतालाई छोडिदिएछ । उनी घर आइन् । श्रीमान्‌को अत्तोपत्तो थिएन । पछि साँझतिर 'रेडियोले समाचारमा भनेको' भनेर छिमेकीले सुखराम मरेको कुरा सुनाएपछि सुखरामकी श्रीमती सीतादेवी चौधरीले आफ्नो लोग्ने मारिएको कुरा थाहा पाइछिन् ।

प्रहरीको जत्था आएर यस घरमा सुखराम र उसकी श्रीमती सीतालाई चरम यातना हुनेगरी कुटपीट गर्दा छिमेकका मानिसहरू बाहिरसमेत निस्किएनन्, घर घरभित्र लुकेर बसे । सम्पूर्ण वातावरण आतंकपूर्ण भयो । कुटपीट गर्दा गर्दा आफैं थाकेपछि ती प्रहरीहरूले सुखरामको परिवारमा भएको गरगहना र अन्य सामानहरू पनि लुटेर लगेछन् । सुखरामकी आमा शीतलीदेवीले भनिन् :"छोरो सुखरामले चौरीमा इँटाभट्टामा काम गरेर कमाएको पैसाले २९ सयमा एउटा साइकल किनेको थियो, त्यो पनि लिएर गए । मेरो गहनाहरू पनि लुटे । बुहारीको तिलहरी, बाला, मारवाडी पनि लुटेर लगे । त्यतिमात्र होइन, लेनदेनको खाता, छाता, सुखरामको विहाको बेला खिचेको फोटो भएको एल्बम, टर्च बत्ती सबै नै प्रहरीहरूले 'माओवादीका सामान' भनेर लगे । राती बास बस्न आएका माओवादीले तीनथान बन्दूक र झोलाहरू छोडेर भागेका रहेछन् । ती पनि लगे । झोलाहरूमा चाहिँ के थियो, हाम्ले थाहा पाएनौं ।"

यसैबेला सीताले भनिन् : "आमाको कानको गहना प्रहरीले बेस्सरी कानमा थप्पड हानेर झिक्न खोज्यो । त्यसरी पनि नआएपछि रगत आउने गरी कानबाट तानेर झिक्यो ।"

शीतलदेवीका ४ छोरा २ छोरी रहेछन् । सुखराम जेठो छोरो । दुईटी छोरीको पनि विहा भइसकेको । सुखरामका तीनवटा भाइहरू सानै छन् । सुखरामकी २ वर्षकी छोरी यतिबेला आमा सीतादेवीको काखमा बसेर दूध खाँदैछे ।

यस परिवारको सम्पत्ति जम्मा डेढ विगाह जमिन रहेछ । त्यस भीषण दुर्घटनापछि परिस्थितिवश् ६ कट्ठा जमीन बेच्नु परेछ । अब यति जग्गाले यो परिवारलाई पेट पाल्न धौ धौ भएको छ ।

सुखरामकी श्रीमती र आमासँग कुराकानी गरिरहँदा सुखरामकी दिदी राधा पनि त्यहाँ आइपुगिन् । उनी विवाहिता । शीतलीदेवीकी जेठी छोरी । उनले भाद्र २५ को त्यस दुर्घटनालाई सम्झदै भनिन् : "... करीब ३ बजे मैं पत्ता पाइँनु । (उनले विहान ३ बजेतिर थाहा पाएकी रहिछिन् । उनी थारू भाषामै भन्दै थिइन् ।) 'माओवादीहरूलाई म चिन्दिन, यो चाहिँ मेरो छोरो हो' भनेर बाले भाइलाई देखाएर भन्नुभयो । तर प्रहरीहरूले कुनै छानवीन गरेनन् । र त्यतिखेर तीन दिनदेखि टाउको दुखेर विरामी भइरहनुभएको बालाई समेत पिटे । उनीहरू साह्रै निर्दयी, अविवेकी र खराब मिजासका थिए । उनीहरूले डेहरी फोरिदिए, धान छ्यालब्याल् भयो । बुबालाई डेहरीको धान भूइँमा पोख्न र छर्न लगाए । 'माओवादीका हतियार खोज्' भने । नभेटिएपछि फेरि पिटे । अहिले काम गर्ने बेलामा बुवाको छाती दुख्छ, विरामीलाई समेत छातीमा पिटे ।" मैले पनि काम गर्न थाल्दा अचेल छाती दुख्छ । सबै जीउ दुख्छ, औषधि उपचार राम्ररी गर्न पनि सकिन्न ।"

त्यसबेला राधाको कुरामा थप्दै सीताले के पनि बताइन् भने उनीहरूको घरको पछिल्तिरको अर्को घरमा बास बसेका तीनजना माओवादीहरूचाहिँ प्रहरीको गोलीले मारिए भन्ने कुरा त्यसै दिन उनीहरूले सुनेका थिए । घरदेखि आधा किलोमिटर पर खेतमा खाल्डो खनेर तीनजनालाई गाडेका रहेछन् ।"

सुखरामलाई मुखमा बालुवा कोचेर पिटेको



अवस्थामा नै मारिसकेको उनीहरू अनुमान गर्छन् । तर कतिखेर मरे भन्ने एक्कीन चाहिँ उनीहरूलाई छैन ।

सुखरामकी श्रीमती, आमा र पछिमात्र कुराकानीमा आइपुगेका सुखरामका बाले बताएअनुसार उनीहरू माओवादीका सम्पर्कमा समेत कहिल्यै थिएनन् । तर माओवादीहरूको गैरजिम्मेवार र लापर्वाहीपूर्ण व्यवहारले गर्दा उनीहरूले भयंकर दुर्घटनाको शिकार हुनुपर्‍यो । कुराकानीको अन्त्यमा यस परिवारका सबैजसोले भने :

"...माओवादीहरूले कि त सुरक्षाकर्मीको प्रतिकार गर्न सक्नुपर्थ्यो, कि आफू पक्राउ परेर वा मारिएर भए पनि हामीलाई जोगाउन सक्नुपर्थ्यो । हामीलाई त्यसरी फसाएर माओवादीहरू त्यसरी उम्कनु हुँदैनथ्यो । उनीहरूले कमसेकम भन्नुपर्थ्यो- 'माओवादी हामी हौं, यिनीहरू होइनन् ।' तर उनीहरूले त्यसो गरेनन् । आफू भागे, हामीहरूलाई फसाए ।"

यति कुरा गरेपछि कुराकानी लगभग सकिएजस्तो भएको थियो । सबै चूपचाप थिए । त्यसैबीच क्यै सम्झेझैं गरी मृतक सुखरामकी आमा शीतलीदेवीले भनिन् :

"... त्यत्रो घटना हुँदा गाउँलेहरूले हारगुहार नदिएकोमा दुःख लाग्यो । अहिलेसम्म पनि गाउँलेहरूले हामीसँग राम्रो व्यवहार गर्दैनन् ।"

जेठी छोरी राधाले आमासँग कुरो जोड्दै भनिन् :

"मैले कहिलेकाहीं राम्रो लुगा लगाएर हिंडें भने गाउँलेहरूले 'माओवादीहरूले पैसा दिएर सहयोग गरेका छन् र यसले राम्रो लाउन पाएकी हो ।' भन्छन् ।

"घटना घटिसकेपछि एक दिन चाहिँ माओवादी आएका थिए । त्यसबेला उनीहरूले एउटा कार्यक्रममा 'जानुपर्छ' भनेर हाम्लाई दवाव दिएका थिए । मैले 'मेरो भाइ माओवादी थिएन, प्रहरी पनि थिएन, त्यसै मारियो । तिमर्ले गर्दा नै त्यसो भयो । त्यसैले हामी कतैतिर लाग्दैनौं, तिमीहरू जाओ भनेर हप्काएपछि उनीहरू खुरूक्क गए ।"

दुर्घटना भएपछि त्यस घरमा रेडक्रसका मानिसहरू सोधपूछ गर्न र लगाउन हुने केही पुराना कपडा दिन आएका रहेछन् । तीमध्ये एकजना 'अमेरिकीजस्तो' थियो । तर त्यो चौधरी परिवार आम चौधरी परिवारजस्तै सोझो, अशिक्षित र पीडित भएकाले अन्त कतै क्यै सहयोग माग्न गएन । उल्टो, ओखती गराउँदा धेरै ऋण लागेको रहेछ ।

त्यस दुर्घटनाबाट माओवादी संगठनमा नभएको एउटा निर्दोष व्यक्ति मारिनुका साथै उसका परिवारका सदस्यहरूको सामाजिक जीवन तहसनहस भयो । सुखरामकी श्रीमती सीता १९ वर्षको युवाअवस्थामै विधवा भइन् भने काखको सानो छोरो टुहुरो भयो । सुखरामका बाआमाले हुर्केर एउटा इलम समातेको छोरो गुमाए । त्यस छोरो सँगसँगै आम्दानीको एउटा स्रोत पनि गुम्यो । माओवादीहरूको परिवार भन्ठानेर केही छिमेकीले उनीहरूसँग सम्बन्ध विच्छेद गरे भने केहीले तिनीहरूसँग हिमचिम गर्दा सरकारी सुरक्षाफौज वा सरकारी जासुसको नजरमा परिन्छ भनेर तिनीहरूलाई लगभग बहिष्कार गरे । यस अवस्थामा न त माओवादी पक्षले यस परिवारलाई सर-सहयोग र आड भरोसा दिएको छ, न त अन्य राजनीतिक दलका हर्ताकर्ताहरूले कुनै सहयोग र सद्भाव देखाएका छन् ।

यस्तो स्थिति बेहोरेको सुखरामको परिवार सुखरामलाई गुमाएको पीडा बोकेर शान्तिको कामना गरिरहेको छ । अहिलेको युद्धविराम भंग भयो भने फेरि प्रहरी र सेनाको आक्रमण हुनेछ भनेर उनीहरू संभावित अनिष्टलाई जसरी भए पनि रोक्नुपर्छ भन्ने मान्यतामा छन् । तर त्यसो गर्ने क्षमता उनीहरूमा छैन । युद्धविराम भएर वार्ता हुन थालेको भए पनि त्यस वार्तामा के के भइरहेछ भन्ने कुरा उनीहरूलाई थाहा छैन । उनीहरू 'अब त शान्ति हुनुपर्छ' भन्ने एकोहोरो इच्छा पालेर बसेका छन् ।

सुखरामको परिवारको कुरा सुनिसकेपछि स्पष्ट रूपमा थाहा हुने कुरा के हो भने नीतिगत रूपमा जेजस्तो कुरा भए पनि तल जमीनमा आइपुग्दा माओवादी समूहका व्यवहारहरू जनमुखी राजनीतिक विचारद्वारा नियन्त्रित र निर्देशित छैनन् । सामान्य

> **हामीलाई त्यसरी फसाएर माओवादीहरू त्यसरी उम्कनु हुँदैनथ्यो । उनीहरूले कमसेकम भन्नुपर्थ्यो- 'माओवादी हामी हौं, यिनीहरू होइनन् ।'**

राजनीतिक सम्पर्क र समर्थनसमेत नभएको सुखरामको घरमा जबर्दस्ती छिरेर माओवादीहरूले जस्तो दुर्घटनालाई आमन्त्रण गरे, त्यसले उनीहरूको अनुत्तरदायी व्यवहारलाई नै व्यक्त गर्दछ ।

त्यस्तै, धनगढीको शिक्षानगर, सद्भावना टोलकी विनोद चौधरीकी २८ वर्षीया श्रीमती कृष्णी चौधरी र चक्रबहादुर डँगौराकी श्रीमती ३० वर्षीया पार्वती डँगौराको बयानले पनि माओवादी विद्रोहीहरूले वैचारिक सांस्कृतिक कामलाई आवश्यकताअनुरूप लागू नगरेको महशूस गराउँछ । त्यही कुरा रोल्पा, माडीचौरका विद्यार्थीहरूसँग गरिएको वार्ताले पनि पुष्टि गरेको छ ।

कैलाली जनसरकार प्रमुख बनाइएका विनोद चौधरी कहाँ छन्, पत्तो छैन । उनी मारिएको आशंका गरिएको छ । तर उनकी श्रीमती कृष्णी चौधरी श्रीमान जीउँदै भएको आशा गरिरहेकी छिन् । उनमा परिस्थितिले पीडा झेल्ने ल्याकत त निर्माण गरेको छ, तर वैचारिक रूपले उनी आम नेपाली घरेलु महिलाजस्ती छिन् । विनोदका पिता भागुनदत्त चौधरी पनि जनयुद्धप्रति आसक्त छैनन्, सामान्य ग्रामीण किसानजस्ता छन् । विनोदकी श्रीमती कृष्णी र पिता भागुनदत्त दुवैले विनोद चौधरीलाई माओवादी जनयुद्धमा लाग्नुभन्दा 'बरू इण्डियातिर गएर काम गर्ने' सल्लाह दिएका थिए । तर उनी मानेनन् र जनयुद्धको चापमा पक्राउ परेर हराइरहेका छन् । एक प्रसंगमा कृष्णीले यसो पनि भनिन् :

"मलाई कहिलेकाहीं त श्रीमानसँग झोंक पनि चल्छ । यस्तो राजनीति गर्नु थियो भने किन विहा गरेको होला जस्तो लाग्छ ।"

जनसरकार प्रमुखजस्तो पदमा समेत राखिएका विनोद चौधरीकी श्रीमती र पिताको अराजनीतिक सोचले माओवादीहरूले आफ्ना कार्यकर्ताहरूलाई पारिवारिक तहमा समेत वैचारिक तवरले बलियो बनाउन नसकेको देखिन्छ । उता रोल्पा माडीचौरका विद्यार्थीहरू संकटकालका बेला इँटाभट्टामा काम गर्न काठमाण्डौ आइपुगेका र त्यसरी काठमाण्डौ नआउनेहरूचाहिँ अरबतिर पुगेका वा पुग्न लालायित भएको घटनाले पनि बाल संगठन वा विद्यार्थी संगठनमा तिनीहरूलाई राखिँदा ती संगठनहरूको विचार बुझाउने र त्यसप्रति आकर्षित गराउने काम माओवादीहरूले नगरेको नै बुझिन्छ । माडीचौरमै बसेर सेनाको हिरासतमा पुगेका किशोर किशोरीहरूलाई सेनाले माओवादीको विद्यार्थी संगठनमा भएको आरोप लगाएको तर ती विद्यार्थीहरूले किन त्यस्तो संगठनमा बसेको भन्ने विषयमा कुनै जानकारी दिन नसकेको बुझिएको छ । कतिपय विद्यार्थीले त सेनाले पक्रेपछि वा माओवादीले 'तिम्लाई फलानो संगठनमा राखिदिएका छौं, बैठकमा आओ' भनेर बोलाएपछि मात्रै आफू माओवादीको विद्यार्थी संगठनमा रहेछु भन्ने थाहा पाएको कुरा यस प्रतिनिधिलाई बताएका थिए ।

चक्र डँगौराकी ३० वर्षीया श्रीमती पार्वती चौधरीले भनेअनुसार उनीहरूले 'पानी खुवाएका' कार्यकर्ताहरू पहिले उनीहरूसँगै एमालेमा थिए भने पछि 'क्रान्तिकारी' भएर माओवादी बने । अनि कुनै ठोस कारणविना चक्र डँगौरालाई मार्न पुगे । उनलाई सिध्याएपछि मात्रै थारू समुदायका मानिसहरू माओवादीमा आउँछन् भन्ने मूर्खतापूर्ण सोचले गर्दा चक्र डँगौराको हत्या गर्न पुगेको अनुमान पार्वतीले गरेकी छिन् । उनकाअनुसार, हत्या हुनुअघिसम्म माओवादी र चक्र डँगौराबीच कुनै प्रकारको झगडा त के कुरा, सामान्य शत्रुतासमेत थिएन । बरू माओवादी कार्यकर्ता र समर्थकहरू कानूनी सल्लाह र सहयोगका निम्ति चक्रकहाँ आउँथे र चक्रले उनलाई ती कामहरूमा सघाइरहेकै थिए ।


यस्ता थुप्रै घटनाहरूले माओवादीहरूको जनयुद्धलाई निष्कलंक सावित गर्दैन । उनीहरूको जनयुद्धमा यस्ता थुप्रै दागहरू देख्न सकिन्छ । ती दागहरू नमेटाएसम्म माओवादीहरूप्रति उनीहरूकै प्रभावक्षेत्रमा समेत साँचो अर्थमा जनविश्वास स्थापित हुने देखिँदैन ।

माओवादी प्रभावित क्षेत्रमा केही सकारात्मक परिवर्तनहरू नदेखिएका भने होइनन् । ती परिवर्तनहरू थोरबहुत वैचारिक कामकै नतिजा हुन् । गुनासो के हो भने त्यस्ता परिवर्तनहरू अपेक्षाकृत रूपमा थोरै भए । रोल्पाको माडीचौरमा भेटिएका जंकोट गाउँ विकास समितिका हालका गाजस प्रमुख कामरेड सद्दाम विनयशील, भद्र र वैचारिक सुझबुझ भएका व्यक्ति रहेछन् । उनले थुप्रै प्रश्नहरूको उत्तर सुल्झिएको विचारअनुरूप

दिएका थिए । त्यसबाट कामरेड सद्दामजस्ता व्यक्तिहरू स्वयं चाहिं आन्दोलनले उत्पादन गरेको सकारात्मक चिन्हजस्ता देखिएका थिए । उनी युद्धलाईभन्दा बढी राजनीतिलाई महत्व दिइरहेका थिए र सही राजनीतिले समाजमा सकारात्मक परिवर्तनहरू ल्याइरहेको कुरा भनिरहेका थिए । उनका अनुसार माओवादी राजनीति र त्यसअन्तर्गत संचालित युद्धपश्चात् रोल्पालगायत मुलुकका त्यस्ता थुप्रै ठाउँहरूमा सामाजिक क्षेत्रमा थुप्रै परिवर्तनहरू आएका छन् । जांड, रक्सी, जुवा, तास बन्द भएका छन् । महिलाहरूमाथि अभद्र व्यवहार, गुण्डागर्दी र अनावश्यक झै-झगडा निर्मूल भएको छ ।

यति भनिसकेपछि कामरेड सद्दामले जोड दिएर भने- "यस्ता परिवर्तनहरू क्रमिक रूपमा स्वभाविक बन्दै गएका छन् । त्यसभन्दा पनि महत्वपूर्ण कुरा चाहिं मानिसहरूमा सामूहिकताको विकास भएको छ । सहकारी, सामूहिक खेती र आपसी सहयोग बढेको छ ।"

हामीले कामरेड सद्दामसँग युद्धले समाजमा पुऱ्याएको व्यापक क्षतिबारे पनि कुरा गरेका थियौं । तर उनले आफ्नो धीर र विनयशील मुद्रामा यसको पनि खुलस्त जवाफ दिए । उनले भने : "युद्धको बेलामा उत्पादन कार्यहरू बन्द हुन्छन् । खेती हुन सक्दैन । उद्योगहरू बन्द हुन्छन् । स्कूलहरूमा पढाइ बिथोलिन्छ । स्वास्थ्य चौकीहरूले नियमित सेवा प्रदान गर्न सक्दैनन् । थुप्रै गंजागोलहरू हुन्छन् । तर त्यसरी युद्धले पारेको



*माओवादी हत्याको शिकार चक्र डगौरा*

*चक्र डँगौराकी श्रीमती पार्वती चौधरीका अनुसार उनीहरूले 'पानी खुवाएका' कार्यकर्ताहरू पहिले उनीहरूसँगै एमालेमा थिए, पछि 'क्रान्तिकारी' भएर माओवादी बने*

घाउलाई राजनीतिले मलम लगाउने काम गर्छ, गर्नुपर्छ ।"

यो जवाफ सटिक र सिद्धान्तनिष्ठ जवाफ थियो । तर हामी पुगेका ठाउँहरूमा हामीले युद्धले पारेका घाउहरू चाहिं देख्यौं, ती घाउहरूमा सद्दामले भनेजस्तै राजनीतिले मलम लगाएको भने देख्न सकेनौं । माओवादी प्रभाव क्षेत्रको भित्रभित्रसम्म पुगेको भए त्यस्ता थप सकारात्मक परिवर्तनहरू देखिन्थ्यो पनि होला, तर हामी छेउछाउसम्म मात्र पुगेका थियौं । त्यसैले माओवादी नेतृत्व तहले बताउने गरेजस्तो नयाँ सत्ताका प्रगतिशील बान्कीहरू हेर्ने सुअवसर भने हामीले पाएनौं । तैपनि कामरेड सद्दाम स्वयं नयाँ सत्ताका बान्कीजस्ता भेटिएका थिए । उनले हामीलाई थप कुरा के पनि भने भने "राज्यसत्ताका अंगहरूमा महिलाहरूको उचित संलग्नता गराइएको छ । नजिकै कोटगाउँमा एउटी महिला नै गाजस प्रमुख हुनुहुन्छ । गाजस प्रमुख हुँदैमा महिला अधिकार सुनिश्चित हुने होइन कि समाजका सबै क्षेत्र र तहमा महिलाहरूलाई समान अधिकार दिने नीति र तदअनुरूपको व्यवहारले महिला अधिकारलाई सुनिश्चित गर्छ । हामीले आफ्ना क्षेत्रहरूमा त्यसो गरेका छौं ।"

कामरेड सद्दामले यति कुरा भनिसकेपछि जनयुद्धमा महिलाहरूको उल्लेखनीय सहभागिताको कुरा पनि सुनाए । यी र यस्ता तथ्यहरूचाहिं यस युद्धले प्रकट गरेका सकारात्मक पाटाहरू हुन् भन्ने अनुभव गरेर हामी फर्किएका थियौं । ❑




# १० घण्टा ५६ मिनेटमा सगरमाथा चुम्दा

## ल्हाक्पा गेलु शेर्पा



बेलुका ठिक ५ बजे म बेस क्याम्पबाट उकालो लागें । टुप्पोमा कति घण्टामा पुगिन्छ भन्ने धुन थियो । बेस क्याम्पबाट क्याम्प टु मा पुग्न २ घण्टा २५ मिनेट लागेको थियो । ७ घण्टा ३५ मिनेटमा साउथकोल क्याम्प फोरमा पुगेछु । साउथकोलबाट समिट पुग्नलाई ३ घण्टा र केही मिनेट लाग्यो ।

समिटमा पुग्नेबित्तिकै घडी हेरें । ३ बजेर ५६ मिनेट गएको थियो । १३ औं पटक शिखर चढ्ने आप्पा दाई म भन्दा १५ मिनेट अगाडि शिखरमा पुग्नु भएको रहेछ । आप्पा दाइले कति लाग्यो भनेर सोध्नु भयो । मैले १० घण्टा ५६ मिनेट भनें । 'नयाँ कीर्तिमान बनायौ' भनेर आप्पा दाईले बधाइ दिनुभयो । अनि मेरो वाकीटकी लिएर 'ल्हाक्पा गेलु शिखरमा आइपुग्यो' भनेर बेस क्याम्पमा खबर गर्नुभयो । दाइ नभएको भए मैले अलिकति वेट गर्नुपर्ने थियो, आर्मी टीमको लागि । म ३ बजेर ५६ मिनेटमा ठ्याक्क समिटमा पुगेको थिएँ । वाकीटकी बाहिर निकालेर कुरा गर्दा ४६ सेकेण्ड गएछ । अनि मेरो रेकर्ड १० घण्टा ५६ मिनेट ४६ सेकेण्ड भयो । बेस क्याम्पमा लियाजों अफिसरले ५ बजे हिंड्यो भनेर भण्डामा साइन गरिदिएको थियो । शिखरमा आप्पा दाइले ३:५६:४६ बजेको रेकर्डमा साइन गरेर प्रूफ गरिदिनु भयो ।

बेस क्याम्पबाट हिंड्दा शिखरसम्म पुग्न १२ देखि १५ घण्टा लाग्ला भन्ने मेरो अनुमान थियो । माथि जाँदा त्यति पनि लागेन । सोचेभन्दा अगाडि नै पुग्दा धेरै खुसी लाग्यो । शिखरमा पुगेपछि नेपाली दाजुभाई र परिवार सम्झिएँ । सबै नेपालीले मलाई नै सम्झिरहेको होला जस्तो लाग्यो ।

शिखरबाट हेर्दा नेपालतिर उज्यालो भएकै थिएन । तिब्बत साइडबाट उज्यालो हुन हुन लाग्याथ्यो । हावा धेरै लागेको थियो । आप्पा दाई र म भएर हिउँमा गहिरो खाल्डो खन्यौं र मैले लगेको ढलौटको भण्डा गाड्यौं । अनि आप्पा दाइले मेरो फोटो खिचिदिनु भयो । मैले दाइको खिचिदिएँ ।

राति साथीभाइ नहुँदा स्पिडमा हिंड्न सजिलो हुन्छ । क्याम्प फोरभन्दा माथि अरू पनि जाँदै थिए । केही आरोही शिखरको नजिक नजिक पुग्न लागेका थिए । इन्डीया-नेपाल आर्मी टिम पनि पुग्न लागेको थियो । दक्षिणी चुचुरोमा बाटो अलि अप्ठ्यारो थियो । मैले 'स्पीड आयो, स्पीड आयो बाटो देऊ' भन्नासाथ आर्मी टीमले ठ्याक्क बाटो दियो । जे होस् मलाई बाटोमा कसैले रोकेन । बाटो नदिएको ठाउँमा म ओभरटेक गरेर गएँ ।

१० किलो जति भारी थियो । पानी, लुगा, क्यामेरा, अक्सिजन सिलिण्डर र भण्डासमेत गरेर । क्याम्प टु मा पुगेर कपडा चेन्ज गरें । साउथकोलबाट अक्सिजन लिएँ । बाटोमा पानी बढी खाइयो । साउथकोलमा २-३ पिस बिस्कुट खाएँ । मेरो कण्डीसन एकदम राम्रो भएकाले सफल हुँदैन कि भन्ने फिलिङ्ग नै थिएन । बेस क्याम्पबाट क्याम्प टु मा पुग्न अलि अप्ठ्यारो भयो । म हिंडेको दिन दिउँसो चर्को घाम लागेको थियो । हिउँ पग्लेर बाटोमा छ्याप छ्याप पानी थियो । त्यो बाटोमा टाइम पनि धेरै लाग्यो । निकै गाह्रो भयो छिचोल्न । राती हुँदै गएपछि चिसोले हिउँ जम्दै गयो । त्यसपछि सजिलो भयो । बेस क्याम्पबाट क्याम्प वानसम्मको आइसफल छिचोल्न सबभन्दा अप्ठ्यारो । खस्यो भने खर्पसतिर कता कता पस्छ । भत्केर आउला जस्तो पनि हुन्छ । सबै क्याम्प



तस्वीर : आप्पा शेर्पा

*शिखरमा आफूले लगेको ढलौटको झण्डा गाडेपछि ल्हाक्पा गेलु शेर्पा*

क्याम्पमा पसिसकेका थिए । सुनसान रातमा म एक्लै उक्लिरहेको थिएँ ।

शिखरमा ३२ मिनेट जतिमा सबै काम सकेर ओरालो लागें । म झर्दाखेरी आप्पा दाइ माथि नै हुनुहुन्थ्यो । शिखर नजिक पुग्न लागेका आर्मीहरूले मलाई 'बधाई छ बधाई' भने । मेरो दाइहरू दा नुर्बु र जाङ्बु अनि मेरो टिमको कुइरे पनि छक्कै पर्‍यो नि । उनीहरू दुई घण्टापछि चुचुरो पुगेछ । क्याम्प टु मा लुगा चेन्ज गर्न मलाई ३५ मिनेट लाग्यो । चिया बिस्कुट खाएर त्यहाँबाट झरें ।

गोल्डेन जुब्लीले गर्दाखेरी यसपाली धेरै विदेशी पत्रकारहरू बेस क्याम्पमै आएका थिए । काठमाडौंका पत्रकार पनि थिए । तिनीहरूले मलाई धेरै प्रश्न सोधे । २६ र २७ तारिख म बेस क्याम्पमै बसें । मेरी पत्नी पनि लुक्लाबाट हेलिकप्टरमा त्यहीं आइन् । रेकर्ड राखेर म राम्रै फर्केको देखेर उनी पनि खुसी भइन् । बेस क्याम्पमा झरेपछि मेरो खुट्टा धेरै दुख्यो र थकाइ पनि लाग्यो । डाइरेक्ट माथि गएर डाइरेक्ट तल आउँदा हाइ अल्टिच्युडले गर्दा मलाई समस्या हुन्छ भन्ने साथीहरूलाई लागेछ । तर मलाई अरू केही समस्या भएन ।

१९८८ तिर जोन एस्पेशन भन्ने व्यक्तिले चुचुरोमा सेटलाइटको ऐना जस्तो एउटा चिनो राखेको रहेछ । चुचुरो चिनाउन त्यो राम्रो प्रूफ थियो । तर हिउँले पुरिँदै गएपछि सन् २००० देखि त्यो देखिन छोड्यो । हुन त त्यो ठाउँमा पुगेपछि माथि जाने ठाउँ नै छैन । चारैतिर होचो देखिन्छ । शिखर यही रहेछ भनेर पत्ता त लाग्थ्यो । तर एउटा प्रुफ राख्यो भने सजिलो हुन्छ भनेर ढलौटको झण्डा गाड्ने मेरो विचार थियो । अब नयाँ आरोहीहरूलाई चुचुरो चिन्न सजिलो भएको छ । झण्डा गाडेको १५ मिनेटपछि नै नेपाल-इण्डीया आर्मी टिमले झण्डासँग उभिएर फोटो खिचेछ । मैले पाटनको भाँडा बनाउने पसलमा त्यो झण्डा बनाउन लगाएको थिएँ । ६ फिट अग्लो त्यो झण्डा चार किलो जति होला । त्यसको लागि मैले चानचुन पैंतीस सय तिरेको छु ।

यसपालि मैले तीनवटा कीर्तिमान राखेको छु । सबभन्दा छिटो चुचुरोमा पुगेको, झण्डा गाडेको र बेस क्याम्पबाट १८ घण्टा २० मिनेटमा चुचुरोमा पुगेर तल झरेको । त्योभन्दा अगाडि शिखरबाट फर्केर क्याम्प फोरमै बसेर दुई दिनपछि झरिन्थ्यो । धेरैले त्यसै गर्छन् । म २५ तारिख ५ बजे बेस क्याम्पबाट हिंडे र २६ तारिख ११:२० बजे बेस क्याम्पमै आइपुगें । यो भन्दा अगाडि माथि पुगेर तल आएको रेकर्ड थिएन ।

मैले कीर्तिमान राखेपछि थुप्रै विदेशी साथीहरूले इमेल/फोन गरेर बधाइ दिइरहेका छन् । 'न्युजमा तिम्रो नाम र फोटो देख्दा धेरै खुसी लाग्यो' भन्थे । यो नयाँ कीर्तिमानले मेरो जीवनमा के इफेक्ट पर्ला भनेर मैले गेस गरेको छैन । राम्रै हुन्छ कि भन्ने लाग्छ । मलाई धेरैजना मान्छेले चिन्ने । बाहिरका मान्छेहरू मलाई भेटन इच्छुक हुन्छन् । उनीहरू यहाँ आउँछन् अनि पर्यटन बढ्छ कि भन्ने आश छ । प्रधानमन्त्रीले मेडल दिनुभयो । राजासँग चियापान गरियो । राजाले 'गाह्रो भयो कि' भनेर सोध्नुभयो र बधाइ दिनुभयो । पोखरा, काठमाडौंमा धेरै सम्मान कार्यक्रम भयो । मैले हिलारी र जून्कोलाई पनि भेटें । हिलारीले मलाई अँगालोमा बाँधेर 'धेरै बधाइ छ' भन्यो ।

तीन वर्ष अगाडिदेखि नै कीर्तिमान राख्ने मेरो प्लान थियो । गोल्डेन जुब्ली कुरेर बसेको थिएँ । तर नयाँ रेकर्ड राख्न छुट्टै तयारी केही गरेको थिइन । नौ पटकसम्म तलमाथि गर्दा कहाँ कति घण्टा लाग्छ भन्ने अनुभव भइसकेको थियो । मेरो कन्फिडेन्स नै सबै कुरा हो । हुनत पेम्बाले चढ्नुभन्दा अगाडि २० तारिकमै मैले ट्राइ गरेको थिएँ । त्यतिखेर पनि म स्पीडमै गएको थिएँ । तर वेदरले साथ दिएन । डोरी टाँग्नै सकिएन । माथि बाटो पनि खुलेन । बाटो बनाउँदै गरेका शेर्पाहरू सबै तल झरे । म पनि झरें । चौथो र तेस्रो शिविरको बीचबाट फर्किनु पर्‍यो । त्यसपछि २५ तारिकमा फेरि कोशिस गरें र २६ मा माथि पुगें । त्यही बीचमा पेम्बा दोर्जेले १२ घण्टा ४५ मिनेटमा चढेर नयाँ कीर्तिमान बनायो । ७० घण्टापछि मैले पेम्बाको रेकर्ड तोडें । उसले मेरोभन्दा कम समयमा चढेर देशको गौरव बढायो भने झन् राम्रो । देशकै गौरव बढ्ने हो ।

यसपालि मेरो स्पीड धेरै थियो । म अब योभन्दा छिटो टुप्पामा पुग्न सक्तिन । सके पनि म चढ्नेवाला छैन । त्यसो गर्न थाल्यो भने माउण्ट एभरेष्टलाई पनि हेपेको जस्तो हुन्छ नि । एकचोटि चढ्यो, एउटा रेकर्ड राख्यो, सिद्धियो । अर्कोले रेकर्ड तोड्यो भनेर म फेरि चढ्न खोज्नु हुन्न । तर कुइरेहरूलाई लिएर चाहिँ गइन्छ ।

म ३५ वर्ष अघि सोलुखुम्बुको जुबिङमा जन्मेको हुं । २३ वर्षको हुँदा १९९१ मा पहिलोचोटि सोलुकै बरूञ्जे हिमाल चढेको थिएँ, फ्रान्सको ग्रुपसँग । त्यो ७१०० मिटरभन्दा अलिकति वेसी थियो । १९९३ मा पहिलोचोटि ब्रिटिश ग्रुपसँग एभरेष्ट चढें । १९९४ मा तिब्बतबाट चढ्दाखेरी मनसुनको सिजन परेछ । सक्सेस गर्न सकेन । १९९५ देखि म प्रत्येक वर्ष सफल भएको छु । अहिलेसम्म दश पटक चढें । अब २००४ मा पनि जान्छु । यो क्रम कहिलेसम्म चल्छ थाहा छैन । म अमेरिकन र ब्रिटिश ग्रुपलाई लिएर धेरै चढेको छु । यसपालि अमेरिकन जुब्ली एक्सपीडिसनसँग जोइन गरेर चढेको हो । तीन जना कुइरेको टीम थियो । दुई जना बेस क्याम्पबाटै फर्कियो । माथि जाँदा एक जना मात्रै थियो । तर ऊ मसँग स्पीडमा गएको होइन । अरू आरोहीहरूसँग गयो । विदेशीहरूलाई लिएर जाँदा उनीहरूकै गतिमा चढ्नु पर्छ । माथि पुग्दा ५-१० दिनसम्म लाग्छ ।



**यसपालि मैले तीनवटा कीर्तिमान राखेको छु । सबभन्दा छिटो चुचुरोमा पुगेको, झण्डा गाडेको र बेश क्याम्पबाट १८ घण्टा २० मिनेटमा चुचुरोमा पुगेर तल झरेको ।**

साथीभाइसँग जाँदा कुरा अर्कै हुन्छ । एक्लै सगरमाथा चढ्नु निकै रिस्की गेम हो । खर्पसमा पस्छ कि, पहिरोले झ्याप्पै छोप्छ कि, उछिट्टिएर गएर मर्छ कि, थाहै हुँदैन । बाटोमा कतै स्वाट्टै खर्पसमा पसेको भए के हुन्थ्यो भनेर अहिले सम्झिंदा अचम्म लाग्छ । □

*(हरि बस्नेतसँगको वार्तामा आधारित)*

## परदेशी नेपालीप्रति पनि ध्यान जानुपर्छ

'मूल्यांकन' मासिकमा छापिने लेखहरू प्रायः प्रशंसनीय नै हुन्छन् । तर विदेशिएका नेपाली कामदारहरूका समस्याबारे समाचार वा लेखहरू समावेश नहुँदाचाहिँ खल्लो लाग्छ । आफ्नै देशमा आफ्ना परिवारजनसँग रमाएर बस्ने चाहना हुँदाहुँदै पनि एकछाक खान र एकआङ ढाक्न नपाएर अर्काको देशमा एकप्रकारको नारकीय जीवन बिताउन हामी विवश छौं । यस्तो जीवन बिताउने नेपालीहरू धेरैजसो भारत र अरब मुलुकहरूमा छन् । भारत र अरबका खाडीमा जाने नेपालीहरू केवल गोरू जोतिएझैं जोतिन जाने हुन् । यी नेपालीहरूको गरीबीको कारणले नै यस्तो भएको हो । त्यसैले मेरो प्रश्न छ- के हामीले सधैं यस्तो अवस्था बेहोर्नु पर्ने हो ? आज लाखौंलाख नेपाली युवाहरूलाई विदेशीको नोकर बनाउने प्रक्रिया झन् चर्किएको छ । यस्तो प्रक्रिया रोक्न र सधैंका लागि अन्त्य गर्न संभव छैन ? मेरा यी प्रश्नहरूले चिच्याएर उत्तर मागिरहेका छन् ।

त्यसैले परदेशी नेपालीहरूको अवस्थाको मूल्यांकन गरेर, उनीहरूले भोगेका दुःखकष्ट र उनीहरूमाथि हुने अत्याचारविरूद्ध 'मूल्यांकन' मासिकले पनि आवाज उठाओस् भन्ने हाम्रो आग्रह छ ।

**– मणिराम खनाल**
**ढाकावाङ-३, अर्घाखाँची**
**हालः मलेशिया**

## नेपाल र चीनको वार्ताको ठोस अनुभव

'मूल्यांकन' मासिकको नियमित पाठकको हैसियतले भन्ने हो भने मलाई लाग्छः यसले मेरो वैचारिक क्षमता वृद्धि गर्नमा ठूलो मद्दत गरेको छ । 'मूल्यांकन'को अंक १०८ पढेपछि मलाई लाग्यो, श्याम श्रेष्ठको 'वार्ता गंभीर संकट'मा भन्ने लेख र राजेन्द्र महर्जनको चीनको शान्तिवार्ताको ऐतिहासिक अनुभवसम्बन्धी 'युद्धविराम...' भन्ने लेख हाम्रो देशको वर्तमान स्थितिमा ज्यादै उपयुक्त छ ।

यहाँ माओवादी र सरकारवीच शुरू भएको वार्ता अहिले अन्यौलको अवस्थामा छ । अब यो वार्ता सफल होला भन्ने विश्वास जनताले गर्न छाडिसकेका छन् । वार्ता भंग हुने भयले गर्दा जनताहरू ज्यादै त्रसित भएका छन् । अब देशमा वार्ता नहुने हो भने र फेरि पनि गृहयुद्ध हुने हो भने देश र जनता बर्बादीतिर जानेछ । यसले विशेषगरी हामीजस्ता महिला र बाल-बालिकाहरूलाई नराम्रो असर पार्ने हो ।

मलगायत धेरैलाई लाग्छ, यो वार्तालाई लिडरिङ गरिराख्नुमा दरवारको ठूलो हात छ । अहिले दरवार अमेरिका र बेलायतको आश्वासनमा वार्ता नगरिकन माओवादीलाई दबाएर आफैं निरंकुश शासन संचालन गर्ने मनस्थिति बोकेर हिंडेकोजस्तो लाग्छ । यदि यस्तै हो भने आफूलाई सबैभन्दा बेसी राष्ट्रवादी ठान्ने दरवार स्वयं अमेरिका र बेलायतजस्ता साम्राज्यको कुचालमा फँसिसकेको छ भन्नुपर्ने हुन्छ । र, यस्तै कुचालमा फँसेर माओवादीसँग वार्ता नगर्ने हो भने चीनमा कोमिन्ताङ्ग सरकारको अन्त्य भएजस्तै नेपालमा पनि छिट्टै राजतन्त्र नै समाप्त हुनसक्छ ।

**– विनिता शर्मा**
**भिमसेन टोल, पोखरा**

## कस्तो हुनुपर्छ लोकतन्त्रको नयाँ मोडल ?

माओवादीद्वारा प्रस्तावित 'प्रजातन्त्रको नयाँ मोडल'को प्रस्तावमाथि 'मूल्यांकन' पत्रिकाले बहस शुरू गरेको देखेर म खुसी भएको छु । बहसको क्रममा 'प्रजातन्त्र' शब्दलाई फेरेर 'लोकतन्त्र' भन्नु बेसी जनमुखी र अग्रगामी हुन्छ । प्रजातन्त्रकको प्रजा शब्दले सामन्तवादमा रहने रैती, दास वा भीडको अर्थमात्रै बोक्नसक्छ, आजका सचेत, संगठित र संघर्षशील जनताको भाव संगेट्न सक्दैन । त्यसैले जनतामाथि थोपरिने प्रजातन्त्रको होइन, लोकतन्त्रको जनमुखी नेपाली मोडलको नयाँ मोडलको खोजी आजको टड्कारो आवश्यकता हो ।

**– विक्रमसिंह कार्की 'साहस'**
***बर्दिबास गाविस, महोत्तरी***




श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको ५७ औं शुभ जन्मोत्सवको सुखद् अवसरमा मौसुफ सरकारको सुस्वास्थ्य एवं दीर्घायुका लागि हार्दिक मङ्गलमय शुभकामना चढाउँदछौं ।

**नेपाल इन्स्योरेन्स कम्पनी लि.**



श्री ५ महाराजधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारको ५७ औं शुभ जन्मोत्सवको सुखद् उपलक्ष्यमा मौसुफ सरकारमा सभक्ति सुस्वास्थ्य, दिर्घायु तथा सुशासनको कामना गर्दछौं ।

**जनकलाल कर्माचार्य**
कार्यकारी निर्देशक, तथा

**नेपाल विद्युत प्राधिकरण**
परिवार


FEEL THE RHYTHM
Wherever you are
TUBORG
BEER

ल प जि प्र का द नं ९९/०४९/५०   म क्षे हु द नं १२ ०५० ५१

